प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १५ अङ्क ४ पूर्णाङ्क ८२ विधाकेन्द्रित साहित्यिक पत्रिका २०७९ कार्तिक-मङ्सिर

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf ॥ j}hoGtLdf k|sflzt /rgfsf] ;DkÜf{lhDd]f/ :jod\n]vs g}xg\ .

# सम्पादकीय

• नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

• नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि आठ सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

• यात्रा साहित्य न विवरण मात्र हो, न त संस्मरण मात्र हो । विवरण मात्र हुँदा विवरण दिनहुँ परिवर्तन हुने हुनाले रचनाको महत्त्व कति होला ? संस्मरण मात्र हुँदा पनि मान्छे जिज्ञासु हुने हुनाले विनाविवरण एकादेशको कथाजस्तो बन्नेछ । त्यसैले विवरणमा संस्मरण, अनुभव, तुलना, यात्रा गरिएको स्थान विशेषको भौगोलिक, सामाजिक, धार्मिक, आर्थिक महत्त्वका प्रशङ्गका साथ निजात्मकताको पनि आवश्यकता हुन्छ नियात्रा लेखनमा । यहाँ के कस्ता आए यसैले बताउनेछ ।

• वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

• वैजयन्तीको ८२ औं अङ्कका लागि १३ ओटा विदेशसित सम्बन्धित नियात्राहरू प्राप्त भएका छन् । वैजयन्तीले यस अघि १०, २१ र यो ८२ समेत तीन अङ्क विदेशयात्रा प्रकाशित गरिसकेको छ ।

• आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

• वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

• **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www. khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

हाइकु-१, संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, गीत-१,
नाटक/एकाङ्की-२, विदेशयात्रा-३, मुक्तक-४, गजल-४, लघुकथा-५,
स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-७, संस्मरण-७, गद्यकविता-७, निबन्ध-८
समीक्षा-८, छन्दकविता-१२ ओटा अङ्कहरू निकालिसकेको
साहित्यिक पत्रिका **वैजयन्ती**को
८३ औं अङ्क **अन्तर्वार्ता-अङ्क** आउनेछ ।

## यस अङ्कमा


| क्रम. के | कसको | पृष्ठ |
| --- | --- | --- |
| १. एउटा सामुद्रिक त्रिवेणी.. | कलाधर काफ्ले | ५ |
| २. दक्षिण भारतको यात्रा..... | कृष्णप्रसाद बस्याल | ११ |
| ३. अष्ट्रेलिया भ्रमणबारे.... | गोविन्द घिमिरे 'वेदमणि' | १७ |
| ४. चीन भ्रमण..... | जीवराज भट्टराई | ३१ |
| ५. कैलाश यात्रा | तिलस्मी प्रभास | ३९ |
| ६. राजविराजदेखि मुम्बईसम्म....... | नन्दलाल आचार्य | ४५ |
| ७. परीदेशको गुलाबी रात..... | नरेन्द्रराज पौडेल | ५५ |
| ८. एङ्कोरवाटमा स्वर्गको यात्रा....... | बिनोद खड्का | ६४ |
| ९. गोज्याङ्ग्रेको गोवराणसी यात्रा... | माधव पोखरेल 'गोज्याङ्ग्रे' | ७४ |
| १०. जमुनाको चक्कर र रूपचादाको.... | रामप्रसाद पन्त | ७७ |
| ११. हतारमा हरिद्वार | विनोद नेपाल | ८२ |
| १२. थाइलैण्डको सम्झना | डा. विश्वदीप अधिकारी | ९१ |
| १३. टुर दे'रोचोइ | विष्णुप्रसाद शर्मा पराजुली | ९६ |


## स्थायी स्तम्भ


**आवरण चित्र** : अनुभूति गुप्ता, उत्तरप्रदेश, भारत

**पुच्छारको पातो** :

लघुकथा निर्माणका उपकरणहरू — कृष्ण प्रधान — १०५


**अब हाम्रो पालो**

अन्तर्वार्ता, कथा, छन्दकविता आदि अङ्क।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिवारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी. (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |

# एउटा सामुद्रिक त्रिवेणीको प्राङ्गणमा पाइला टेक्दा

**कलाधर काफ्ले**

२०७६ साल असोज २९ गते मेरा लागि अधिक प्रसन्नताको दिन बन्यो, किनभने त्यस दिन मलाई सामुद्रिक त्रिवेणीका रूपमा प्रसिद्धि कमाएको मित्रराष्ट्र भारतको सुदूर-दक्षिणमा पर्ने कन्याकुमारीको प्राङ्गणमा पाइला टेक्ने अवसर प्राप्त भयो। असोज २५ गते काठमाडौँबाट बैङ्गलोर पुगेको हाम्रो चौध सदस्यीय भ्रमणटोली बैङ्गलोरबाट मैसूर, मदुराई र रामेश्वरम् हुँदै पाँचौँ दिनमा कन्याकुमारी पुगेको थियो । रामेश्वरम्देखि कन्याकुमारीसम्मको तीन सय किलोमिटरको बाटो मलाई त निकै मनोरम लाग्यो । कतै नीलो समुद्रको किनारै-किनार त कतै घनीभूत जङ्गलमा आच्छादित हरियाली हुँदै गुड्न पाउँदा कसलाई रमाइलो नलाग्ला र ? त्यसमा पनि त्यस बाटोमा पृथक् विषयका दुई अद्भुत दृश्यहरू दृष्टिगत भए।

हाम्रो बस गुडिरहेकै थियो । अलि टाढैबाट एउटा विशाल फाँट पूरै हिमाच्छादित भएजस्तै देखियो। नजिकै पुगेर नियाल्दा त्यहाँ त एक होइन, सय पनि होइन, हजारौँ-हजार नूनका थुप्रा देखिए । समुद्रको पानी कुलो बनाएर ल्यायो, खेतमा जमायो, नून बनायो अनि बेच्यो। सारमा भन्दा त्यो नूनको खेती थियो । 'समुद्रको पानी, विनालगानी, नूनको खानी' भनाइ चरितार्थ भएको जीवनमा पहिलो पटक त्यहीँ नै देख्न पाइयो ।

अर्को मनोरम दृश्य थियो वायुघट्ट वा पवनचक्कीको । बाटोको दायाँ, बाँया किनारमा हजारौँ पवनचक्की ठड्याइएका देखिए। पवनचक्कीबाट बिजुली उत्पादन हुने गरेको त यसै पनि अनुमान गर्न सकिन्थ्यो भने त्यसबाट सडक पनि अत्यन्त शोभायमान भएको स्पष्ट नै देखिन्थ्यो । यसरी सामुद्रिक जल र आकाशको वायुजस्ता प्राकृतिक स्रोत र साधनको राम्रै सदुपयोग भएको एउटा अनुकरणीय उदाहरण तामिलनाडुमा देख्न पाइयो, ज्यादै खुसी लाग्यो ।

गुडिरहेको बसभित्र गाइँगुइँ सुनियो, 'अब त कन्याकुमारी आउनै लाग्यो।' चुपचाप आफ्नो सिटमा बसिरहेको यो मनुवाले प्वाक्क बोल्यो - 'मित्रगण ! मलाई त कन्याकुमारीभन्दा पनि पहिले श्रीदेवी चाहियो।' मेरो लवज सुनेर हाँसोको पर्रा छुट्यो। हाँसोले बस नै हल्लिएजस्तै भयो। केही क्षणपछि नै हाम्रा टोलीप्रमुख माधव अधिकारीले प्रष्ट्याउनुभयो - 'साथीहरू हो ! हामी पहिले जाने भनेकै श्रीदेवीमै हो किनभने हाम्रो लागि बुक गरिएको होटलेको नाउँ नै

श्रीदेवी हो ।' माधवजीको बोली त गोलीजस्तै भयो । बसभित्रको हाँसो हिउँको पहिरो रोकिएझैं ठ्याप्पै रोकियो ।

हो, हामी असोज २९ को दिउँसो एक बजे नै कन्याकुमारी मन्दिरको सेरोफेरोमा पुगिसकेका थियौं । होटेल बुक गर्ने एजेन्टको बदनियतले गर्दा श्रीदेवीमा ठाउँ पाएनौं, नजिकैको एउटा धर्मशालामा गएर मिल्कियौं । सर्वप्रथम शौचादि कर्मबाट निवृत्त भएपछि हामी धर्मशालाको प्राङ्गणमा भेला भयौं अनि सबैभन्दा पहिले देवीको दर्शन गर्ने तय गर्दै त्यहाँबाट तितरबितर भयौं ।

देवी दर्शनका निम्ति म पङ्क्तिबद्ध भएको पनि पाँच मिनेट भइसकेको थियो । खाकीको लुगा लगाएको एकजना पाले मेरो नजिकै आयो र घनीभूत स्वरमा हिन्दीमा बोल्यो- 'कपडा खोलो ।' कति कपडा खोल्ने ? म बिलखबन्दमा परें । मभन्दा अगाडिको एकजना पुरुष कम्मरभन्दा माथिको कपडा खोलेर हातमा लिएको र छालाको पेटीसहितको पाइन्ट लगाएर ठिङ्ग उभिइरहेको देखें । मैले पनि ज्याकेट र कमिज खोलेर एउटा हातमा लिएँ । अर्को हातमा फूलको गुच्छा छँदै थियो । क्षणभरमै अलि उँचो स्वरमा अर्को पालेले हकाऱ्यो 'बनियान भी खोलो' अनि तुरुन्तै देवीदर्शनका लागि तीस रुपियाँको टिकट काट्नुपर्ने आदेश पनि आयो । म त एकछिन किंकर्तव्यविमूढजस्तै पो भएँ । सारमा भन्ने हो भने त्यहाँको मन्दिर व्यवस्थापन पटक्कै यात्रुमैत्री नभएको अनुभूत भयो । भारतका अन्य मन्दिरहरूमा झैं त्यहाँ पनि पालेदेखि पुजारीसम्मको ध्यान यात्रीबाट पैसा झार्ने विषयमा मात्र केन्द्रित भएको देखियो । यसरी पङ्क्तिबद्ध हुँदाहुँदै देवी नगिचै पुगियो, पुष्पगुच्छा पुजारीलाई दिइयो, आफ्नै अगाडि ठिङ्ग उभिइरहेकी देवी कन्याकुमारीलाई नमन गर्दै त्यहाँबाट बाहिरिने काम भयो ।

मन्दिरबाट बाहिरिएपछि मन्दिरकै परिसरमा रहेको समुद्रसँग जोडिएको जमिनको एक सोतोमा पुगेर ठिङ्ग उभिएँ । भूगोलमा पढेको र नक्सामा देखेको कन्याकुमारी नामको विश्वविख्यात अन्तरीपलाई प्रत्यक्ष रूपमा देख्न पाएँ, म त खुसीले गदगद भएँ । कताकता भ्रमण सार्थक भएको अनुभूत भयो । कन्याकुमारी एउटा अन्तरीप मात्र कहाँ हो र ? यो त सागर त्रय अर्थात् बङ्गाल सागर, अरब सागर र हिन्द महासागरको सङ्गमस्थल पनि हो । यसैले त यो सामुद्रिक त्रिवेणीका नामले सुप्रसिद्ध छ । तीर्थालुजनले यसलाई भारतको प्रयागस्थित त्रिवेणी (गङ्गा, यमुना र सरस्वतीको सङ्गमस्थल) जत्तिकै पवित्र मान्दछन् ।

सामुद्रिक किनारमा उभिँदा-उभिँदा म त तरङ्गिन पुगें । यत्रतत्र सर्वत्र कन्याकुमारी नाम नै गुञ्जायमान भइरहेको आभास मिल्यो । जिल्लाको नाम कन्याकुमारी, हाटबजार र होटेलको नाम पनि कन्याकुमारी । मन्दिरको नाम कन्याकुमारी, मन्दिरभित्र बस्ने देवीको नाम पनि कन्याकुमारी । सागरत्रयको

सङ्गमस्थल हो कन्याकुमारी, सामुद्रिक त्रिवेणीका नामले सुविख्यात ठाउँ हो कन्याकुमारी । बङ्गाल सागरमा हुने सूर्योदय र अरब सागरमा हुने सूर्यास्तका अनुपम दृश्यहरू दृष्टिगत हुने ठाउँको नाम हो कन्याकुमारी । सुदूरदक्षिणतिर क्षितिजमा हिन्द महासागर विलीन भएको तिलस्मी दृश्य अवलोकन गर्न सकिने स्थल पनि हो कन्याकुमारी । समष्टिमा कन्याकुमारीको भौगोलिक अवस्थिति र प्राकृतिक स्वरूप यस्तो छ जसको वर्णन अवर्णनीय लाग्दछ ।

कन्याकुमारी मन्दिर परिसरदेखि अलि पर दक्षिण-पूर्वी दिशातर्फ, अझ भनौं, हिन्द महासागर र बङ्गाल सागरको बीचमा विशाल चट्टान लमतन्न परेको देखियो । बुझ्दा त्यसका दुईटा उल्लेख्य पक्ष-प्राकृतिक काम र महत्त्वपूर्ण निर्माणबारे जानकारी मिल्यो । प्राकृतिक रूपमा त त्यो चट्टान कन्याकुमारी मन्दिर सेरोफेरोको संरक्षक नै थियो किनभने त्यसले हिन्द महासागरमा उठ्ने ठूला ठूला छालहरूलाई मन्दिर परिसरको किनारी भागतिर हुत्तिन रोक्थ्यो र त्यहाँ ठूलो नोक्सान हुन दिँदैनथ्यो । यसैले होला, त्यस क्षेत्रका भुक्तभोगीहरूबाट त्यहाँ कहिल्यै पनि ठूलो छाल नआउने कुरा सुन्न पाइएको थियो ।

त्यो चट्टाने ढिस्कोको दोस्रो उल्लेख्य पक्ष हो निर्माणको । हो त्यस चट्टानमा निर्माण गरिएका उन्नाइसौं शताब्दीका प्रसिद्ध भारतीय दार्शनिक स्वामी विवेकानन्दको स्मारक र तमील कवि तिरूवल्लुवरको सालिकलाई घुरमैलो किसिमले कन्याकुमारी मन्दिर परिसरबाटै पनि देख्न त पाइयो तर त्यहीँ गएर त्यस्ता महापुरुषहरूको स्मारक र सालिकलाई नजिकैबाट नियाल्ने, थोरै भए पनि उहाँहरूबारे बुझ्ने अनि त्यहाँ रहेका भनिएका देवी कन्याकुमारीका पादुकालाई अवलोकन गर्ने अवसर भने पाइएन किनभने हाम्रो टोलीमा त्यतातिर जाने कुनै उत्सुकता र इच्छाशक्ति नै देखिएन । तीर्थयात्राका लागि काठमाडौंदेखि कन्याकुमारीसम्म पुग्न सक्ने टोली धार्मिक, दार्शनिक, सांस्कृतिक र साहित्यिक सम्पदाको धरोहर रहेका ठाउँ बारे बेखबर हुनु भनेको एउटा उदेक लाग्दो विषय होइन त ?

सन्दर्भले म यहाँ आफ्नो भ्रमण-टोलीबारे सङ्क्षिप्त टिप्पणी प्रस्तुत गर्न चाहन्छु । हाम्रो यात्राटोली यस्तो कि अनेकतामा एकता अनि एकतामा अनेकता भएको समाजजस्तो लाग्दथ्यो । कुनै सदस्य भ्रमण त गर्ने तर त्यसको वृत्तान्तबाट बेखबर रहन रुचाउने प्रकृतिका थिए भने कुनै प्रत्येक विषयमा चासो-खाँचो व्यक्त गरिरहन रुचाउँथे । कुनैको ध्यान केवल व्यापारिक महत्त्वका वस्तुहरूमा मात्र केन्द्रित भएको देखिन्थ्यो । अधिकांश सदस्यहरूले देवीदेवतालाई केही फूल र पुजारीलाई अलिकति भेटी चढाएपछि पुण्य मिल्छ र स्वर्ग जाने ढोका खुल्दछ भन्ने मान्यता राखेको बुझिन्थ्यो । विभिन्न तह र तप्काबाट आएका

व्यक्तिहरूको ठूलै समूह थियो त्यो । त्यसैले यस्तो हुनु अस्वाभाविक मानिँदैनथ्यो ।

यात्रा त गर्ने तर कोसँग गर्ने ? मैले यहाँ कोट्याउन खोजेको मूल विषय नै त्यही हो । यात्रा गर्दा मन मिल्ने, विचार मिल्ने र यात्राका उद्देश्यहरू मेल खाने चार पाँच जना व्यक्तिहरूको समूह निर्माण गर्ने हो भने त्यस्तो यात्रा अधिकतम लाभप्रद र फलदायी हुन सक्छ भन्ने मेरो अभिमत छ । प्रसङ्ग कन्याकुमारीकै चलिरहेको छ । पाठकवर्गमा यसको नामकरणबारे जिज्ञासा उठ्न सक्छ । 'कन्या' र 'कुमारी' अलग अलग शब्द हुन् । शब्दार्थ हेर्दा यी पर्यायवाची शब्दजस्ता पनि देखिन्छन् । प्रस्तुत सन्दर्भमा 'कन्या' र 'कुमारी' अलग अलग व्यक्तित्वका रूपमा देखापरेका छन् । ती दुवै व्यक्तित्वलाई मिलाएर एउटा व्यक्तित्व बनेको छ यहाँ । कथा रमाइलो लाग्छ ।

कुनै समय हिमालयदेखि सुदूर-दक्षिणसम्म फैलिएको विशाल भारतमा राजा भरतले राज्य गर्दथे । उनका आठ छोरा र कुमारी नाम गरेकी एक छोरी थिइन् । राजाले आफ्नो राज्यलाई नौ भागमा विभाजन गर्दा दक्षिणको भूमि कुमारीको भागमा पऱ्यो र उनले त्यहाँ शासन गर्न थालिन् । कुमारीले शासन गरेको राज्यको नाम कुमारीनाडु राखियो । कुमारीनाडुमा एक पटक अलौकिक शक्तिको प्रतीकको रूपमा कन्या उत्पन्न भइन् र उनले त्यहाँ धेरै वर्षसम्म घोर तपस्या गरिन् । कन्याले तपस्या गरेको र कुमारीले शासन गरेको ठाउँ भएकोले त्यसको नाम कन्याकुमारी रहन गयो ।

को हुन् ती तपस्विनी कन्या ? प्रश्न उठ्न सक्छ । वास्तवमा ती कन्या नै कन्याकुमारीकी कन्याकुमारी हुन् । कथा अझै रोचक छ । शोनितपुरका राक्षस राजा कश्यप प्रजापतिका चार छोरामध्ये बाणासुरले आफ्नो तपोबलले अमरत्व प्राप्त गरेको थियो । त्यसैको उन्मादले उसले जताततै उत्पात मच्चाउन थाल्यो । यो खबर महाविष्णु कहाँ पुग्यो । महाविष्णुले यज्ञबाट शक्तिस्वरूपा कन्या उत्पन्न हुने र उनैले बाणासुरको वध गर्ने बताए । ऋषिमुनिले त्यहाँ ठूलो यज्ञ गरे । त्यहाँबाट एक कन्या उत्पन्न भइन् । कन्या दिनानुदिन लावण्यवती बन्दै गइन् । बाणासुर कन्याबाट मोहित भयो र उनीसँग विवाह गर्ने प्रस्ताव गऱ्यो । कन्याले युद्धमा उनलाई पराजित गर्नेसँग मात्र विवाह गर्ने सर्त राखिन् । बाणासुरले कन्याको सर्त मञ्जुर गऱ्यो र दुईबीच भएको घमासान युद्धमा बाणासुर मारियो ।

ती तपस्विनी कन्या कुमारी नै थिइन् । उनका लागि महर्षि जमदग्निका छोरा एवं विष्णुका छैटौं अवतारका रूपमा मानिएका परशुरामले मन्दिर बनाइदिए । अलौकिक शक्तिको प्रतीकका रूपमा रहेकी ती कन्या कन्याकुमारीका नामले त्यसै मन्दिरमा रहन थालिन् । नरलोकले उनको पूजार्चना गर्न थाले । भनिन्छ, महाभारतकालीन बलराम र अर्जुनले पनि कन्याकुमारीको दर्शन गरेका थिए ।

त्रेतायुगीन त्यो मन्दिर हिन्दूधर्मावलम्बीहरूको सात मोक्षपुरीमध्ये एउटा भएको जानकारी पनि मिल्यो । कन्याकुमारी मन्दिरको सेरोफेरोमा घुम्दाघुम्दै र केही बुझ्दाबुझ्दै सूर्यास्त हुनै लाग्यो । स्वर्णिम किरणसहित अरबसागरमा डुब्नै लागेका सूर्यको अनुपम दृश्यावलोकन गर्दै बजारतिर लागियो । फुटपाथे र खुद्रेबजारको के कुरा गर्नु ? एक ठाउँमा एक सय पर्ने सामान अर्को ठाउँमा सत्तरी अनि फेरि तेस्रो ठाउँमा पचासमा पाइने । भाउ न ताउ निस्तै खाउ भनेजस्तै देखियो त्यहाँ । किन्नेले मस्तै सामान किने, नकिन्नेले पनि रमिता हेरे । किनमेल सकियो ।

धर्मशालामा जानुअघि खाना खाने कुरा चल्यो । व्यक्ति-व्यक्तिमा रुचि फरक हुने । त्यो त झन् असजिलो विषय पर्‍यो । होटल, रेस्टुराँ, भोजनालय जसलाई जहाँ जान मन लाग्छ जाने, स्वरुचि भोजन गर्ने अनि तोकिएको समय र ठाउँमा भेला हुने तय गरियो । म एउटा सामान्य किसिमको जस्तो देखिने शाकाहारी भोजनालयभित्र स्वाट्ट पसेँ । कुरो बुझ्दा मेनु थियो - दाल, भात, रोटी र तरकारी अनि भाउ थियो एउटै अर्थात् जे खाउ, जति खाउ, एउटै भाउ । अहा ! कति सजिलो । दहलफसल गर्नै नपर्ने । म मेचमा थ्याच्च बसेको मात्र के थिएँ, एउटी कृष्णवर्णकी स्थूल महिला हाँस्दै हाँस्दै मतिर आइन् र उनको हातमा भएमो चाक्लो तर नचिरिएको केराको पात ठ्याप्प मेरो टेबुलमाथि बजारिन् । मैले कुरो बुझिहालेँ । ठानेँ दक्षिण भारततिरको यात्राको रौनक त अब पो आउने भयो । नभन्दै केराको पातमा दालभात अनि रोटी तरकारी पनि पाइयो, ती सबै सपासप मजाले खाइयो, टन्न अघाइयो । धाराको नुनिलो पानीबारे सोध्दा साहुले धोक्रेस्वरमा हिन्दीमै बोल्यो - 'पिनेका पानी और धोनेका पानी अलग अलग है बाबु ।' त्यहाँ पानीको राम्रो व्यवस्था भएको देख्दा खुसी लाग्यो । यसैबीच हामी सबै तोकिएको ठाउँमा भेला भयौँ र धर्मशालातिर लाग्यौँ ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार हामीले असोज ३० गते बिहान चार बजे मन्दिर परिसरमा प्रवेश गरिसकेका थियौँ किनभने पुजारीजीले हामीलाई बिहान मन्दिरमा हुने देवीको विश्वरूप दर्शन र निर्मल दर्शनमा सामेल गराउने वचन दिनुभएको थियो । यसैले हामीलाई देवीको मूर्ति अगाडिको एउटा कक्षमा लगियो । पुरुष जति सबै अर्धनग्न अवस्थामै थियौँ । हामी त्यहाँ पन्ध्र मिनट जति बस्यौँ । त्यसपछि पुजारीको अनुमतिले हामी त्यहाँबाट बाहिरियौँ ।

अघिल्लो दिन दर्शन गर्दा मैले कन्याकुमारीलाई जस्तो देखेको थिएँ, भोलिपल्ट पनि त्यस्तै देखेँ । देवीको योगपूजा-विश्वरूप दर्शन र निर्मल दर्शन बारे मैले कुनै पत्तै पाइन । अघिल्लो दिनभन्दा भोलिपल्ट मैले अनुभूत गरेको फरक विषय के हो भने कन्याकुमारीले नाकमा लगाएको फूलीमा जडित हीरा असाधारण रूपमा टल्केको र हीराबाट निःसृत रङ्गीन किरणहरू झल्केको

देखियो । भ्रमणटोलीबीच यस विषयमा चर्चाचल्दा केही महिलाबाट हीराको टलक र रङ्गीन किरणहरूको झलक नै देवीको दर्शन भएको सुन्न पाइएको थियो तर मलाई लाग्यो - सक्कली हीरा टल्कनु र त्यसले रङ्गीन किरणहरू निःसृत गर्नु भनेको बिलकुल प्राकृतिक विषय हो । त्यसपछि देवी कन्याकुमारीलाई पुनः एक पटक नमन गर्दै हाम्रो भ्रमणटोली केरलातर्फ प्रस्थान गऱ्यो । कन्याकुमारीमा कन्याकुमारीको दर्शन त गरियो तर पुरुषले दर्शन गर्दा अर्धनग्न हुनुपर्ने कुरो मलाई भने निकै पछिसम्म एउटा कौतूहलको विषय बनिरह्यो ।

ä ã

बानेश्वर, काठमाडौँ ।


**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**१. 'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ प्रा.डा. रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल

**२. 'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौँ
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौँ
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौँ
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौँ
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौँ
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट

**३. 'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**

२०७० प्रा.डा. केशवप्रसाद उपाध्याय
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

# दक्षिण भारतको यात्रा साईबाबाको दर्शन

**कृष्णप्रसाद बस्याल**

दक्षिण भारतको बङ्गलोर नजिकै अनन्तपुर जिल्लामा पर्ने पुट्टपर्ती स्थित सत्य साईबाबा भएको ठाउँलाई तीर्थस्थल मानेर नेपालीहरू जाने आउने गरेको विगत वर्षहरूदेखि सुनिँदै आएको हो । सत्य साईबाबा विलक्षण प्रतिभा र अलौकिक शक्ति भएका सिद्धपुरुष मानिन्छन् । आफ्नो दिव्य एवं अलौकिक क्रियाकलापद्वारा बहुचर्चित ती पुरुषलाई कतिपयले भगवान् नै मान्दछन् । प्रशान्ति निलियम नामक उनको आश्रमले आज आध्यात्मिक केन्द्र मात्र नभएर पवित्र तीर्थस्थलको रूपमा समेत चर्चित छ । त्यस ठाउँमा पुग्ने अभिलाषा चार पाँच वर्ष अघि नै मनमा उब्जेको भए पनि जाने अनुकूल परेको थिएन । यस पटक भने अलि बलै गरेर त्यसतर्फ जाने योजना बनायौं । साथमा थिइन् श्रीमती कला ।

२०६४ सालको शरद ऋतु । न जाडो न गर्मी । वर्षा मौसम पनि सकिएको अवस्था यात्रा अनुकूल समय । जेलाई पनि पनि साइत आउनुपर्दो रहेछ । हाम्रो साइत २०६४ साल आश्विन २६ गते तदनुसार १३ अक्टोबर २००७ शनिबारलाई जुरेको रहेछ । बुटवल, भैरहवा हुँदै २८ गते नेपाल भारत सीमामा पर्ने बलहिया नाका पार गर्नासाथ आउने सुनौलीबाट चढेको दश सिटे टाटा सुमो बस तीन घन्टा जतिमा गोरखपुर पुग्छ । गोरखपुरमा मुसाङ, थाक खोला, टुकुमे निवासी धर्मशाला (लज) चलाइआएका रहेछन् । सरासर त्यही पुग्छौं । नेपाली निकै आउँदा रहेछन् । नेपाली परिवेशमै रात काट्यौं ।

गोरखपुरदेखि उताको रेलको टिकटको व्यवस्था बुटवल छँदै शुवर्णमुनि शाक्यले मिलाई दिएका र रेलको प्रस्थान समय बेलुका ६ बजेको मात्र हुँदा त्यत्तिञ्जेल वा दिनभर जसो हामी फुर्सदमै थियौं । हामी नेपालीको लागि गोरखपुर टाढाको ठाँउ हैन । कुनै बेला यहीबाट अर्को रेल चढी रक्सौल हुदै काठमाडौं पुगेको पनि हो, महेन्द्र राजमार्गको जनकपुर-बुटवल खण्ड नबन्दै । यहींबाट रेल बदली बनारसतिरको यात्रा पनि गरेकै हो । त्यसरी पटकपटक हिंड्दा पनि यहाँ रहेको गोरखनाथ मन्दिर जसको नामले शहरको नामै गोरखपुर रहेको छ, जाने र दर्शन गर्ने अनुकूल मिलेको थिएन । त्यसैले अहिले फुर्सदको समय हुँदा समयको सदुपयोग गर्ने विचारले गोरखनाथको मन्दिरतर्फ लाग्यौं । हामी बसेको ठाउँबाट दुई किलोमिटर जति पश्चिम दिशामा पर्दो रहेछ । रिक्साको व्यवस्था मिलाई मन्दिर प्रवेश गऱ्यौ । मन्दिर परिसर ठूलो र फैलिएको क्षेत्रमा

मनमोहक र आकर्षक रहेछ । नाथ सम्प्रदका सिद्ध योगीराज गोरखनाथले तपस्या गरी ब्रह्मलीन भएपछि उनैलाई ब्रह्मस्वरूप, विष्णु स्वरूप, शिवस्वरूप मानी मठ स्थापना गरिएपछि यसको प्रसिद्धि सबैतिर फैलिन गएको हो । मन्दिर परिसर भित्रै विभिन्न देवीदेवताका मूर्ति प्रतिस्थापित छन् । नजिकै दुर्गापूजा (विजया दशमी) आइरहेकोले दुर्गा भवानीका अस्थायी मूर्तिहरू, बाटाबाटामा सजाइएका स्मरणीय दृश्य हेर्दै हामी निवासस्थानतिर फर्किन्छौं ।

दिनभरि पानी परिरह्यो । झन् बेलुकीपख पानी बसेको बेला पारी प्लेटफर्म भित्र छिरिहाल्यौं । राप्ती सागर एक्सप्रेसको रेल ६.२० भने पनि अलि ढीलो आयो र ७.२० मा हिँडिहाल्यो । राती २ बजे लखनउ बिहान ७ बजे कानपुर (उत्तरप्रदेश) भोलिपल्ट राती ९ बजे झाँसी (मध्यप्रदेश), पर्सिपल्ट बिहान ९ बजे नागपुर (महाराष्ट्र) भई अर्को दिन को बिहान ८ बजेतिर आन्ध्रप्रदेशको बारङ्गल भन्ने स्टेशन आउनु अघि तीन जोडी दक्षिण भारतीय दम्पती आसपास कुरा गर्दै गरेको भेटिन्छन् जो हालै नेपालका तीर्थस्थलहरू घुमेर आएका रहेछन् । हिन्दीभन्दा बढी अङ्ग्रेजी राम्रोसँग बोल्दथे, नेपालको पशुपतिनाथ, मुक्तिनाथ, मनकामना, जनकपुर यात्रा गरी फर्केका रहेछन् । मनकामना केबुलकार चढेको र समग्रमा नेपालको धार्मिक भ्रमण र रमाइलो र फलदायी भएको आपसमा कुरा गरेकोबाट बुझिन्थ्यो । आफ्नो देशको प्रशंसा विदेशमा सुन्न पाउँदा मनमा त्यसै त्यसै खुसी लाग्दो रहेछ । यताबाट रेल सिधा दक्षिण लाग्छ र दिनभर र रातभरको लामो सफरपछि अर्को दिन बिहान ७.३० बजे तमिलनाडु राज्यको त राजधानी चेन्नाइ पुगेर अडिन्छ । रेल आठ घन्टा ढीलो भएको र बेगलोर जाने रेल गइसकेकाले यहाँसम्म एउटा डिब्वाामा आएका ती तीर्थयात्री जोडी ओर्लेर बासतिर लाग्छन् । हामी भने जोलारपट्टीसम्मको टिकट हुँदा ढीला भए पनि सोही रेलमा पश्चिमतर्फ लाग्यौं र १०.३० मा जोलारपट्टी ओर्लियौं र एक ठाउँ रेल ढीला भयो भने त्यसको असर अन्यत्र पनि पर्दछ । यहाँबाट जाने वृन्दावन एक्सप्रेस केही बेर अघि मात्र छुटेकोले अब हामी यहाँसम्म एउटै रेलमा आएकामा अब भने बेंगलोरसम्म अर्को रेल चढ्न पर्ने हुन्छ । अहिलेसम्म आएको राप्ती सागर एक्सप्रेस रेल भने हामीलाई छोडेर दक्षिणतिर गइसकेको छ । अन्तिम स्टेशन कहाँ हामीलाई थाहा भएन ।

गोरखपुर छोडेदेखि यतिन्जेलसम्म रेलको डिब्बामा ल्याएको खाना मुख धोएर मागेर खानु परिहेकोमा यहाँ चार पाँच घन्टा रोकिनु पर्ने भएकाले एउटा होटलमा प्रवेश गर्‍यौं, नुहाइधुवाई गर्‍यौं र इच्छित खाना पेट भरी खायौं । तीन बजेतिर जाने रेल चढ्यौं । साना साना होचा पहाड देखिन थाल्छन् । ढुङ्गाको पत्थरिलो मात्र देखिन्छ, माटो कतै देखिदैन । पश्चिमचर्फ लागेको रेल बिस्तारै

उकालो लाग्छ र गति पनि कम गर्छ तमिलनाडु प्रदेशको क्षेत्रबाट कर्नाटक प्रदेशकै राजधानी बैंगलोर पुगेर बेलुकी ६.३० बजे रेल रोकिन्छ, हामी ओर्लन्छौ।

बैंगलोर स्टेशनमा ओर्लेर यसो के हेर्दै थियौं। केही अल्मलिएको र पुट्टपर्तीको प्रशान्ति निलियमतर्फ जाने नेपालीजस्तो ठानेर एल.एस. सिंह भन्ने एक जना स्थानीयले सोधिहाले। हामीले भनेपछि उनैले त्यहाँसम्मको टिकट लिएर रेल चढाइदिए। बैंगलोरको समथर उपत्यका छोडेपछि रेल पत्थरिलो पहाडी भई उत्तरतर्फ लाग्दछ। कर्नाटक प्रदेशको एक छेउबाट आन्ध्रप्रदेशको एक छेउसम्म। राती एघार बजे प्रशान्ति निलियम स्टेशनमा रातभरि प्लेटफर्ममा बसी बिहान नुहाईधुवाई अटो रिक्सा चढी एक घन्टा जतिमा पुट्टपर्ती स्थित प्रशान्ति निलियम परिसरभित्र प्रवेश गर्दै जाँदा मुख्य भवन लगायत थेरै भवनहरू छन् जस्तो एकोमेडेसन अफिस, सुत्ने बस्ने थुप्रै लज, सपिङमल, कम्पेक्स, क्यान्टिन, पार्क, सत्य साई केन्द्रीय कार्यालय, कुलवन हल, प्रार्थना हल, बुक स्टल आदि।

एकोमेडेसन अफिसले तीर्थयात्रीको बासस्थानको व्यवस्था गर्दो रहेछ। डबल बेड कोठाको दैनिक १४० ले पाँच दिनको रू ७०० (भा.रू) जम्मा गरी झोला झिटी राख्छौं र निस्किन्छौ। ८.२० मा कफी पिई प्रशान्ति निलियमको कुलवन्त हलमा प्रवेश गर्छौं। जहाँ साइबाबाको दर्शन प्रवचन हुने गर्दो रहेछ करिब पाँच सय जना अटाउने हलमा पुरुष महिलाको अलग अलग समूहमा बस्ने प्रबन्ध रहेछ। समूहमा विभिन्न प्रदेशका नागरिक सामेल हुन आइपुग्छन्, सबै धर्मका। कुनै धर्मप्रति यहाँ भेदभाव छैन। १०.३० बजे बाबाजीको आगमन हुन्छ र कार भित्रैबाट सबैलाई दर्शन दिनुहुन्छ।

शुद्ध शाकाकारी भोजनको मात्र व्यवस्था रहेछ। प्रति खाना रु २१ का दरले पेटभरि खान पाइने। हामी पनि कुपन लिई लाइनमा उभिन्छौं। अपराह्न चार बजेदेखि नै भजनकीर्तन आरतीको समय हुँदो रहेछ। सोही भजन आरतीको समयमा आफूलाई दान दिन मन लागेको कुरा घोषणा गर्न पाइँदो रहेछ। हामी छदाँछदैं चेन्नाई निवासी अञ्जलीकुमारीले बाबाजीको उपस्थितिमा पाँच करोड मूल्य पर्ने जमीन सुन्दरम् मन्दिर निमार्ण गर्न दिने घोषणा गरिन्।

भोलिपल्ट कार्तिक ३ (अक्टोबर २०) का दिन बिहानै उठी कुमार र गणेशको दर्शनपछि बाबाजीको दर्शन गर्न लाइन लागेर बस्यौ। १०.३० तिर मात्रै बाबाजीको ह्वील चियरमा आई समस्त दर्शनार्थीलाई अत्यन्त मुस्कुराहटका साथ दर्शन दिएर फर्किए।

दिउँसो प्रशान्ति निलियमको परिसरतिर टहल्दै थियौं, बुटबल निवासी अरुण साईरामसँग भेट हुन्छ। बुटबल बस्दा श्रीमतीले राम्रोसँग चिनेकी र

बराबर यहाँ आवत जावत गर्ने गरेका कारण यहाँका विषयमा धेरै कुराको जानकारी भएका अनुभवी व्यक्ति रहेछन् । उनीबाट साईबाबाको जन्मदेखि हालसम्मको रोचक जानकारी प्राप्त हुन्छ । यस ठाउँको वस्तुस्थितिबारे पनि उनलाई धेरै ज्ञान रहेछ । दुई बजेतिर उनै अरुणसाईरामसँग नजिकै रहेको चित्रावती नदीको किनारतर्फ लाग्छौँ । पैतला मात्र डुबाउने पानी भएको दक्षिण उत्तर पर्ने चित्रावती नदीलाई गङ्गा सम्झेर मुख धुन्छौँ । यसको सिरानबाट छ सय फिट बोरिङ गरेर निकालेको पानी प्रशान्ति निलियम वरिपरि बस्तीलाई समेत वितरण हुँदो रहेछ । त्यसपछि हामी चित्रावती नदीको मुहानतिर लाग्छौ जहाँ एउटा इमलीको वृक्ष रहेछ । बाबाजीको बालकथा सुनाउने क्रममा यही इमलीको रूखबाट विभिन्न किसिमका चाहिएका फल टिप्दै गोठाला र साथीभाइलाई बाँड्ने गरेको कारण यसको नाम कल्पवृक्ष रहन गएको रहेछ । रूखको फेदमा हातले पुग्ने हाँगाहरूमा जताततै धागो बाँध्ने गरेको देखिन्छ । यसो गर्नाले मागेको कुरा पाइन्छ भनिएकाले हामीले पनि कागजमा इच्छित कुरा लेखी धागोले बाँधेर हाँगामा झुन्डाउँछौ । अलिकति ओर्लेर आश्रमतिर लाग्छौँ र बेलुकीको कार्यक्रममा सामेल हुन्छौँ ।

भोलिपल्ट ४ कार्तिक बिहान तीज बजेतिर उठी नित्यकर्म सकी सदा झैँ कुमार र गणेशजीको दर्शन गरी पुनः अर्को लाइनमा लागी आमकेश्वरको पूजा दर्शनमा सामेल हुन्छौँ । मन्दिर वरिपरि धुम्दै भजनकार्यमा संलग्न हुन्छौ । आठ बजेतिर यज्ञमण्डप र हवनकुण्ड पुगी हवनकार्यमा सामेल हुन्छौँ । विशाल हवन र पूर्णाहुति लगत्तै त्यहाँ बाबाको आगमन हुन्छ । विजयादशमीको दिन हुँदा बाबाले स्पर्श गरी दिएको टीका र जमरा लगाउने काम सम्पन्न गर्छौँ । दिउँसो पुनः अरुण साईंको साथ लागेर बाबाले प्रारम्भिक शिक्षा ग्रहण गरेको स्कूल (वर्तमान प्रशना निलियम आश्रमदेखि डेढ किलेमिटर उत्तर पूर्व) वृद्वाका पटनम् भन्ने ग्रमीण क्षेत्रमा पुग्छौँ । संयोगले आइतबार परेछ । स्कूल बिदा भएकोले हाम्रो उद्देश्य त्यति पूरा हुन सकेन । नत्र बाबाले पढेका कक्षा कोठाहरू, बाबाको हस्ताक्षरसहितको हाजिरी रजिस्ट्रर सबै हेर्न पाइने रहेछ । स्कूलको बाहिरबाट फकिन्छौँ । उबेलाको झोपडी स्कूल भने अहिले पक्की भइसकेको रहेछ तर स्कूल भने पदोन्नति नभई प्राइमरी नै रहेछ । गाउँकै सडकमा पीचसम्म पुगियो विकास खास भएको रहेनछ ।

आन्ध्र प्रदेश, अनन्तफा जिल्लाको पुट्टपर्ती नजिक यही बुक्का पटनम् भन्ने ठाउँमा पित्म पैड कैकप्जा राजु र माता ईश्वराम्भाका आठौँ सन्तानका रूपमा २३ नोभेम्बर १९२६ का दिन सत्यसाई बाबाले यो धरतीमा जन्म लिएका रहेछन् । यिनले १४ वर्षको उमेरदेखि नै अनेक अलौकिक र चमत्कारी

क्रियाकलाप देखाउन थालेका हुन् । उनको अगुवाइमा सन् १९५० मा प्रशान्ति निलियमको भव्य आश्रम बनाएपछि यहाँ विभिन्न खाले मौलिक रचना पनि थपिँदै गए । प्राइमरीदेखि विश्वविद्यालयसम्मका भवन निशुल्क पढाइ र उपचार हुने मेडिकल कलेज, निःशुल्क नर्सिङ कलेज, खेलकुदको रङ्गशाला, म्युजियम, सपिङ कम्पेक्स, विमानस्थल जस्ता कुराहरू आश्रमभित्र बाहिर बन्दै गए । आन्ध्रप्रदेशका सात सय गाउँका दशौँलाख जनतालाई स्वच्छ खाने पानीको व्यवस्था, चेन्नाइ महानगरका लाखौं जनतालाई खानेपानीको व्यवस्था जसमा धार्मिक एंव सामाजिक काम उनको अगुवाइमा धेरै भए । उनको स्थापना गरेको मेडिकल कलेजमा मृत्युवरण गर्न लागेको विरामी बचाएको मात्रै नभई अस्पतालको मृत घोषणा गरी मुर्दाघरमा राखे तापनि उनकै आर्शीवार्दले ब्यूँतेर निको भई घर गएको जस्ता अद्भुत कुराबाट चिकित्सकसमेत कति पटक छक्क परेका छन् । शिवरात्रीमा मुखबाट शिवलिङ्ग निकालेको, भक्तजनलाई दर्शन दिँदा हात हल्लाउँदा हातका बाहुलाबाट विभूति (खरानी) निकालेर बाँड्ने गरेको जस्ता अनेकौं चमत्कारपूर्ण कार्य गरेका हुनाले नै साईबाबालाई भगवान्‌कै अवतार मान्ने गर्दछन् । देश विदेश गरी विश्वमा पाँच करोड अनुन्यायी छन् मानिन्छन् यिनका । प्रार्थना गर्न ओठहरू भन्दा सेवा गर्ने हातहरू पवित्र भन्ने सन्देश छ उनको ।

भोलिपल्ट अर्थात् कार्तिक ५ गते उनै अरुण साईको नेतृत्वमा रङ्गशाला र म्युजियम हेर्न जान्छौ । म्युजियममा साईबाबाको जन्मकालदेखि हालसम्मकै जवानी, दैवी कार्यमाथि प्रकाश पारिएका तस्वीर, चित्र, मूर्ति आदि देख्न पाइने हुँदा म्यूजियमलाई आकर्षक र ज्ञानवर्द्धक छ । खेलकुदको रङ्गशाला र अडियोटेरियम पनि भव्य र हेर्न लायक छ जहाँ प्रत्येक सालको नोभेम्बर २३ का दिन बाबाको जन्म दिन मनाइन्छ भव्य रूपले । अनेकौं दृश्य दृश्यावली हेर्दाहेर्दै समय गएको पत्तौ हुँदैन । फर्किएर नेपाललाई काम लाग्ने र लग्न मिल्ने उपयुक्त सामानको किनमेल गर्न भनी सपिङ कम्पेल्कसमा प्रवेश गर्छौ । विशाल मलमा जस्तै सबैथोक पाइने यो कम्पेल्क्समा झोलामा अटाउने खालका थोरै सामान खरीद गरी आफ्नो विश्राम कक्षतिर लाग्छौं ।

प्रशान्ति निलियम परिसरमा अत्यन्त सफा सुग्घर थियो भने वातावरण संर क्षणलाई पनि उत्तिकै प्राथमिकता दिइएको थियो । पुराना पीपल वृक्ष, वटवृक्षसहितका बोटविरूवा यथावत् छन् भने नयाँ वटवृक्ष, नीम, आँप, इमली आदि रूख वृक्ष लहरै रोपिएको छ । त्यसमा झन् विभिन्न रङका फूलहरूले सुशोभित पार्क बडो सुन्दर र भव्य आकर्षक देखिन्छ ।

त्यसको भोलिपल्ट अर्थात् कार्तिक ६ गते २३ अक्टोबरका दिन बिहानभरि

हिजो अस्तिको जस्तै दर्शन पूजाआजा भजनमा बिताउँछौं । दिउँसो पुनः अरुण साईसँग भेट हुन्छ । उनको दल पर्सि मात्रै नेपाल फर्कने रहेछ । भोलिको दिन परिसर बाहिरको भव्य अस्पताल, पुरानो म्युजियम, बाबाजीका मातापिताको समाधि स्थल हेर्ने कार्यक्रम बताए । हामीलाई पनि त्यसमा सामेल हुने आग्रह गर्छन् । हामीसँग भने त्यसको अग्रिम योजना नभएको त्यसको लागि अग्रिम र अलग टिकट लिनुपर्ने नलिएको हुनाले आजै बेलुका नेपाल फर्कने कार्यक्रम भएकोले अरुण साईले भनको कार्यक्रममा भाग लिन नसक्दा खिन्नता बोध हुनु स्वाभाविकै हो ।

बेलुका ४ बजेदेखि ८ बजेसम्म पुनः भजनकीर्तन आरतीको कार्यक्रममा अन्तिम पटक सामेल हुन्छौं र पुनः एकपटक साईंबाबाको टाढैबाट भए पनि दर्शन गर्ने अवसर पाएका थियौं । मनमा अपार श्रद्धा र आस्थासहित बाबाको फेरि पनि दर्शनमा आउन पाऊँ शभन्ने बाबासँग हृदयदेखि नै प्रार्थनासहित गणेश मन्दिर र पीपलको परिक्रमा गरी परिसरबाट निस्कन्छौं र रात्री बस समात्छौं ।

चाबेल, काठमाडौं ।

ä ã

## साहित्य संवर्द्धन केन्द्र, नेपाल

**४. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**

२०७० प्रा.डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु

**५. 'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**

२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका

**६. 'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह

# अष्ट्रेलिया भ्रमणबारे

**गोविन्दप्रसाद घिमिरे 'वेदमणि'**

भ्रमण दुई प्रकार हुने कुरा वैदिक सनातन धर्मशास्त्रहरूमा मात्र होइन विश्वमा पाइने जति पनि धर्मशास्त्रीय ग्रन्थहरू छन् सबैले प्रमाणित गरेका छन् । मानसिक यात्रा र भौतिक यात्रा अर्थात् प्रत्यक्ष र अप्रत्यक्ष यात्राको कुरा हो यो । अप्रत्यक्ष यात्रा भनेको मनको कल्पना संसार हो र यो संसार सपनामा पनि कारगर रहन्छ । 'हाम्रा ऋषिमुनिहरू साधनामा बसेकै बेला कहिले स्वर्गलोक कहिले गोलोक, ब्रह्मलोक, विष्णुलोक, यमलोक पितृलोक अजानत लोक, साकेतलोक आदिको यात्रा गरेको कुरा वर्णन गरिएको छ । यो यात्रा भौतिक देहको नभएर मानसिक देह वा सूक्ष्म देहको हो ।' भनेर लेखिएका शास्त्र तथा पुराणहरू त हामीले पढेकै हो । अर्को हो भौतिक देहको यात्रा, यो भने कठिन रहेको हुन्छ । यसमा उत्प्रेरक स्वप्रयासको महत्त्व पनि अत्यधिक रहेको हुन्छ किनभने यसमा शरीर नै संलग्न गराउनुपर्ने भएकोले तन, मन र धन तीन कुराको सहयोगमा नै यो सफल हुन्छ । यो भौतिकवादी संसारमा तन र धनको सक्रियता नै शशशै हो

२०७४ पुष महिनामा काठमाडौं जाडोले कठ्याङ्ग्रिएको अवस्था थियो । तातोतातो ठाउँको खोजी गर्ने उमेर भइसकेको यो महिना लाग्नु भन्दा नौ महिना अगाडि एक ट्राभल एजेन्सी मार्फत समष्टिगत (प्याकेज) मा अष्ट्रेलिया घुम्न पठाउने चाँजोपाँजो मिलाएर छोरा अमरनाथले दौडधूप गरे तापनि वा ट्राभल कम्पनीको कमजोरीको कारणले डकुमेन्ट पेश गर्दा नियम नपुऱ्याएको वा के कारणले हो भारतीय राजधानी दिल्लीमा रहेको अष्ट्रेलियन राजदूतावासले पर्यटन गर्ने अनुमति दिन अस्वीकार गरिदियो । 'जे भयो ठीकै भयो जस्तो लागेर आफू भने आनन्दमा बसे पनि छोरालाई सन्तोष भएको रहेनछ । केही वर्षदेखि घरमा डेरागरी बस्ने कृष्ण अधिकारीकी छोरीको बिहे अष्ट्रेलियामा बसोवासको स्थायी अनुमति (पी.आर.) लिएका स्पेशल भट्टराईसँग भएको कुरा थाहा थियो उनलाई । कृष्णको ज्वाइँ काठमाडौं आएको बेला छ्वास्स कुरा गर्न पुगेछन् । स्पेसलले सो देशमा गएर तत्काल जिम्मेवारी पत्र (रेस्पोन्स लेटर) पठाइदिएपछि पुनः कोसिस गर्न पुगे । निवेदन दिएको ठीक तीन महिनापछि एक वर्षको लागि भ्रमण अनुमति दियो र जाने तयारी हुन थाल्यो ।

आज ११ डिसेम्बर २०१७ का दिन राती ११.२० चाइना साउथर्नको विमानबाट गुन्जाओतर्फ उडियो । करिब चार घन्टाको उडान अवधिपछि स्थानीय समयानुसार

बिहान १२ डिसेम्बर ५.३० बजे चाइनाको गुन्जाओ विमानस्थलमा उत्रियो । यहाँ केवल ३ घन्टाको मात्र अन्तरयात्री समय थियो । साथमा अष्ट्रेलिया पुग्ने केही साथी थिए । जसमा एक हुनुहुन्थ्यो टोष्टराज क्षेत्री जोसँग विमानस्थलमा नै परिचय भएको थियो । स्मरण रहोस् एक दिन अगाडि अष्ट्रेलिया यात्राको कुरा गरेर फेसबुकमा राखेको थिएँ । उहाँ मेरो साथी र सोही दिन एकै विमानबाट जाने संयोग परेको रहेछ । उहाँले तत्काल मलाई फोन नं. सेन्ट गरिदिनु भो र कुरा पहिला नै गर्न पाएको थिएँ । यो एउटा खुसीको क्षण थियो नत्र लामो यात्रा एक्लै बिताउनुपर्दा अवश्य पनि गाहारो पर्ने थियो तर यस्तो हुन पाएन ।

चाइनाको गुन्जाओबाट १२ डिसेम्बरकै दिन चाइना साउथर्नको विमान सी जेड ३०१ एयर बसबाट चालकदलका सदस्य र एयर होस्टेज (विमान कर्मचारीहरू) बिजिनेस र इकोनोमीसमेत गरी ६०० जना बोकेर बिहान ८.३० बजे तोकिएको समयमै अष्ट्रेलियाको सिड्नीतर्फ उड्यो । करिब १० घन्टाको उडान समयपछि सोही दिन स्थानीय समय अनुसार बेलुका ८.३० बजे सिड्नी विमानस्थलमा उत्रियो । साथी क्षेत्रीको सामान धेरै भएको र मेरो सामान कम भएकोले केही सामान मेरो व्यागमा राखिदिन र जिम्मेवारी लिन अनुरोध गरेपछि मैले नेपाली साथीको लागि सहयोग गरेँ तर संयोगले विमानस्थलमा लफडा भएन र सजिलै बाहिर निस्कन सफल भयौँ तर साथी मलाई जान्छु पनि नभनी छिटो छिटो बाहिर निस्कनुभयो । उहाँको छोरा बाहिर गेटमै हुनुहुँदो रहेछ । देख्नासाथ मप्रति फर्केरसम्म नहेरी सुटुक्क हिँड्नुभएको देख्दा एकछिन म तिलमिलाएँ । साथीको भित्र रहेको स्वार्थीभाव बुझ्दै नबुझी सहयोगीको रूपमा विश्वास गर्न पुग्दा यात्रा टुङ्गिन नपाउँदै यसरी एक्लिन पर्दा चिन्तित हुन पुगेँ । बिरानो देशमा एक्लो छु बोल्ने र बाटो देखाउने साथी अब कोही भएनन् ।

किंकर्तव्यविमूढ भएर धेरैबेर रुमल्लिएँ । मनमा चिन्ताले घेरियो आफ्नो मान्छे कतै नदेखिएको अवस्थामा आफू कतै हराउने हो कि ? अलपत्र परेर कतै दुःख पाउनु वा पर्नुपर्ने हो कि ? भन्ने आशङ्काले छटपटीमा परेँ तैपनि थाहै नपाई पाइला बिस्तारै अघि बढिरहेको थियो । एक सानो व्याग हातमा गुडाएर अँध्यारो जङ्गलमा एक्लै हिँड्दा हराएको बटुवा भएर आशा र निराशाको दोसाँधमा सुधबुध गुमाएर हिँडिरहेको थिएँ । सोही समय धमिलोमा कतै स्पेशल भट्टराईले बोलाएजस्तो लाग्यो, टक्क अडिएँ आवाज आएतिर यो मनलाई केन्द्रित गरेँ । नभन्दै उनै रहेछन् । हराएको जङ्गलबाट अनायास उत्रिएँ जस्तो लाग्यो । उनले ट्याक्सी चढ्न सङ्केत गरे, एकसय अष्ट्रेलियन डलर सापटी पनि दिए र करिब ४५ मिनेटको यात्रापछि ३५ डलर ट्याक्सी भाडा खर्चेर राती १०.३० मा घर नं. १/१२५ इभलाइन स्ट्रीट क्याम्पसी, २१९४ एन.एस्. डब्लुको अगाडि पुगेर

ट्याक्सी रोकियो ।

यस ठेगानामा स्पेशल भट्टराई आफ्नी श्रीमती सविना र सासू पद्मा उप्रेती तथा सानो छोराको साथमा बसेका थिए । उनले भिसाको लागि लेखिदिएको ठेगाना यही थियो त्यसैले सोही ठेगानामा मलाई लैजानु उनको कर्तव्य हो अन्यथा उहाँ आफै कारबाहीमा पर्ने यहाँको नियम रहेछ । सो दिन बाटोमा आउँदा नै उनले भने 'अङ्कल' मैले त सविनालाई छोडिदिएँ । उनको चालचलन ठीक लागेन, त्यसैले अलग्गै बसेको छु डेरा लिएर । तपाईलाई कुनै समस्या पर्ने छैन, अहिले तपाईंलाई सविना भएकै घरमा लाँदै छु । त्यहाँ केही दिन बस्नुहोला अनि हजुरलाई यहाँ घुमाउने र मेलबर्न क्यानबेरासम्म लगेर घुमाउने काम गर्ने छु । पीर नलिनु होला है' भन्दै उनले कोठामा भित्र्याएर छोडे । म नाजवाफ भएँ, केही बोल्न नसक्ने अवस्थामा रहें । मनमनै आफूले धोका पाउने निश्चित भएको मात्र हैन पाएको अनुभव गरें । यदि काठमाडौंमै यस्तो कुरा भनिदिएको भए सायद मेरो अष्ट्रेलिया यात्रा हुने नै थिएन । मानिसले यसरी किन भुक्याउँछन् ? आफूले कसैलाई यसरी दुःख दिएको वा धोका दिए जस्तो लागेको थिएन तैपनि किन यस्तो हुँदै छ ? भन्ने मनमा नाना भाँति शङ्का आशङ्का राखेर अमिलो मन पार्दै गाडीबाट उत्रिएँ ।

अमिलो मनमा अलिकति गुलियो मिसाएझैं गरी काखमा नाति च्यापेर उभिरहेकी पद्मा बहिनीको हँसिलो अनुहारले भने नमस्ते गर्दै स्वागत गरेको थियो । उनले नै खाना बनाएर राखेकी रहिछन् । पुग्नासाथ हात मुख धोएर खाना खान दिइन् र सो दिन 'थाकेर आउनुभएको होला आराम गर्नुहोस्' भनी बरण्डा कोठाको भुइँमै एक डनलप ओछ्याइदिइन् र पातलो पछ्यौरा दिँदै भनिन् । 'यहाँ जाडो छैन । गर्मी भएकोले एयर कुलर चलाइदिएकी छु, ल अब आराम गर्नुहोला' भन्दै आफू कोठाभित्र पसिन् । म भने दुई दिनदेखि सुत्न नपाएको र दिनभर भारी बोकेको भरिया बाटोमै मस्त निदाएझैं सुटुक्क सुषुप्तिमा गएँ ।

भोलिपल्ट बिहान उठेर नुहाइ धुवाइ पहिले नै सकें । त्यसपछि उठेकी पद्माले चिया तथा विस्कुट खान दिइन् । केही समयपछि उनले सानो नातिलाई लिएर भनिन् 'दाजु दिउँसो गर्मी हुन्छ बाहिर निस्कन सकिन्न, अहिले शीतल छ पार्क घुम्न जाऊँ है ?' मैले 'नाइ' भन्ने कारण नै थिएन । आज १३ डिसेम्बर यो देशमा मेरो पहिलो घुमाइ हुँदै छ भन्ने खुसी लाग्यो । र हुन्छ जाऊँ न त भनें तर मनले भने 'अब केही दिन म तिम्रो शरणमा छु जहाँ लग्छ्यौ जान्छु' भनेर सहमति जनाएँ । कुर्ता र सुरुवाल लगाई, साथमा ल्याएको चप्पल लगाएर उनको साथमा निस्कें क्याम्प सी पार्कतिर । आकाशमा सीगल र फ्लोमिङ्ग चरा उडिरहेका थिए । आकाश निर्मल तथा सफा थियो । बसेको स्थानबाट मात्र देश

मिनेट पैदलको दूरीमा रहेको सो पार्कमा बिहान र बेलुका खासगरी चाइनिज, नेपाली र भारतीयहरू घुम्न आउने स्थान रहेछ । यहाँ केटाकेटीहरूको लागि खेल्ने स्थान तथा ठूला मान्छेको लागि शारीरिक अभ्यास गर्ने र बसेर आराम गर्ने स्थान रहेछ । यहाँ केही समय घुमियो । बहिनी पद्माले नातिलाई खेलाइन् मैले भने त्यहाँ उपस्थित केही नेपालीसँग गफ गरेर बिताएँ । लगभग एक घन्टाको समयपछि हामी फिर्ता भयौँ ।

कोठामा आएपछि बहिनीले नै खाना बनाइन् । हुन त छोरी सविना पनि थिइन् तर अक्सर खाना आमाले नै बनाएर खुवाएकी हुन्थिन् । उनी के गर्दथिन् सोध्ने कुरा पनि भएन । भर्खर श्रीमान्ले छोडेर बाहिर गएको बेला थियो । सोधेको कुराको जवाफ दिनुबाहेक धेरै कुरा गर्दिनथिन् । उनलाई अनावश्यक कुरा गरेर झिझोल्ने काम पनि त गर्नु भएन । कहिलेकाहीँ 'लाटाको खुट्टा बाटोमा' भनेजस्तै काठमाडौँमा छँदा प्रायः ममा आश्रित हुने गरेका यिनीहरूकोमा आज म आश्रित भएको छु । आश्रित हुनेहरूको व्यथा बुझेको छु तैपनि खानपीन मीठै तरिकाले हुन्थ्यो । म शाकाहारी भन्ने कुरा उनलाई थाहा थियो । त्यसैले फलहरूको व्यवस्था उनले राम्रै गरेकी थिइन् । जे होस्, घरको पारिवारिक माया यहाँ पनि पाएको जस्तो अनुभूति भयो । सोही दिन बेलुका ट्रेनबाट छोरी सविनाको नेतृत्वमा सिटी सेन्टर हाउसतिर घुम्न गइयो । प्रसिद्ध हार्वर ब्रीज तथा विश्व प्रसिद्ध ओपेरा हाउसको अवलोकन बाहिरी रूपमा भयो । बेलुकाको समय थियो । जतातत्तै झिलिमिलीले एक प्रकारको नौलो अनुभूति मलाई दिइरहेको थियो । यूरोपपछिको झिलिमिली शहरको दर्शन यही थियो मेरो । त्यहाँ केही समय रमाएपछि फर्कियौँ हामी । यहाँ गाडी, बस, फेरी, रेल आदि सवारी साधन चढ्नको लागि पैसा हैन ओपल कार्ड चाहिने रहेछ । त्यसको व्यवस्था सविनाले गरिन् । २० डलर राखिदिएर एक छुट्टै ओपल कार्ड दिइन् किनभने म त पाहुना हुँ घरमालिकले जे भन्छन् घर पाहुनाले स्वीकार गर्नै पर्दछ तर परेको मूल्य भने दिएको थिएँ । लामो दूरी थिएन २० मिनेटको यात्रापछि नै निवासमा आइपुग्यौँ ।

१४ डिसेम्बरका दिन पुनः सोही पार्कमा बिहान घुम्न गइयो । पद्मा नातिलाई खेलाउँदै थिइन् । यता एकान्त बेन्चमा एक जना नेपाली बसिरहेको झैँ लाग्यो । नजिकै गएर डराउँदै नेपालीमै बोल्दै परिचय मागेँ उहाँले हाँसेर भन्नु भो 'म विष्णुराज नेउपाने नेपाल घर दोलखा यहाँ छोरा बुहारी बस्छन् । अहिले बुहारी सुत्केरी भएकीले बुढियासँग सुत्केरी बुहारी सिहार्न आएको ।' मैले भनेँ ए ए सायद यस्तै काम गर्नुपर्ने भएर नेपालमा 'तेल भिसा' भनेको होला ! नवागन्तुक बच्चाहरूलाई तेल लगाउन र हेरचाह गर्न आउनुपर्ने रहेछ सबैले ।' हो ठीक भन्नुभयो भन्दै उहाँले मेरो परिचय मागेपछि मैले आफ्नो छोटो वृत्तान्त

बताएँ अनि नेपालको खबर सोध्न थाल्नुभयो किनभने उहाँ छ महिना भइसकेको रहेछ यहाँ आएको। मैले भने नेपालमा एक दम ठीक छ। दश वर्षे जनयुद्धले धेरै तहस नहस पाऱ्यो। सत्र हजार नेपाली मरे र देशको विकास पचास वर्ष पछाडि धकेले। दुई पटक संविधान सभाको चुनाव भयो, त्यो त तपाईंलाई थाहा छ होला ? दोस्रो संविधान सभाले भने २०७३ असोज ३ गते संविधान जारी गऱ्यो। स्थानीय चुनाव, प्रदेश चुनाव र सङ्घीय चुनाव भर्खर सकिए देशमा स्थायी सरकार बनेको छ। अब त केही होला कि।' उहाँ मुसुक्क हाँस्नु भो तर जवाफ दिन नपाउँदै एक घन्टा बितेछ। पद्मा बहिनी 'दाजु अब फर्कियूँ' भन्दै नजिक आइन् र पूर्व परिचित नेउपाने सरलाई नमस्कार गरिन् र हामी फर्कियौं।

१५ डिसेम्बरका दिन नयाँ स्थानमा घुमाउन लगेनन्। यही पार्कमा बेलुका आइयो। सो दिन क्याम्प सीमा बस्नुहुने नेपाली अभिभावकहरूको बैठक बस्ने दिन परेको रहेछ। यहाँ बस्ने नेपाली अभिभावक वा ज्येष्ठ नारिकहरूले एउटा सङ्गठन बनाएका रहेछन् महिनामा एक पटक मिटिङ गर्ने र सो दिन नवागन्तुकको स्वागत र फर्केर जानेहरूको बिदाइ गर्ने दिन परको रहेछ। म नवागन्तुक भएको नाताले मेरो पनि माला लगाएर स्वागत गरियो र परिचय दिन बोलाइयो मैले आफ्नो परिचय दिँदै भने। 'म साहित्यको विद्यार्थी हुँ अहिलेसम्म चार दर्जनजति पुस्तक प्रकाशित भइसकेका छन् मेरा। अनि तपाईंहरूलाई योग सिकाउन सक्छु र वेदान्त दर्शनको ज्ञान। योग-वासिष्ठ-दर्शनमा प्रवचन गर्न सक्छु' सम्म भनिदिएँ। मानवीय दुःस्वभाव त ममा पनि थियो, धाक लगाउन पाएको बेला न हो लगाइदिएँ। उहाँ सबै मिलेर ताली बजाउनुभयो। समितिका अध्यक्षले बोल्ने क्रममा भन्नुभयो 'भोलि १६ तारिखका दिन यहाँका एन.आर.एन सिड्नी शाखाले अष्ट्रेलियाको सबैभन्दा ठूलो डिस्प्ले पार्क हन्टिङ भ्यालीमा अभिभावक सम्मेलन गर्ने भएको छ। जो जान चाहनुहुन्छ २० डलर जम्मा गर्नुहोस्। गाडी ठीक सात बजे बिहान यसै स्थानमा आउनेछ' तर उहाँले मैले बोलेको कुराको न विरोध गर्नुभयो न समर्थन नै। त्यसैले म आफ्नो मन खुम्च्याएर बस्न बाध्य भएँ। मलाई लाग्यो सायद परिचय दिने क्रममा अनावश्यक या गलत ठाउँमा बोलें।

यो कुरा सुनेर मलाई पनि जान मन लाग्यो र तत्काल तोकिएको डलर झिकेर दिएँ। साथमा पद्माले पनि जाने विचार गर्दै पैसा झिकेर दिइन्। सो दिन कोठामा फर्कियौ।

भोलि बिहान १६ तारिखका दिन सात बजे उपस्थित भयौं। गाडी ठीक ७.३० बजे प्रस्थान गऱ्यो र बाटोमा पर्ने केही स्थानहरूबाट नेपालीहरू समेट्दै अगाडि बढ्यो। सिड्नीको केन्द्रभागबाट राजमार्ग (हाइवे) को यात्रा लगभग

३०० किलोमिटर टाढा । तीन घन्टा समय लगाएर बिहान १० बजे सो स्थानमा पुग्यौं । वरिपरि सुन्दर सरोवर भएको र अङ्गुर खेतीले लटरम्म ढाकिएका फाँटहरूले फैलाएका चारैतिरको हरियालीले मनलाई एकछिन प्रकृतिसँग आत्मसात गरायो । जानासाथ लगभग सात सय नेपालीहरूको भीडले पार्किङ्ग क्षेत्र सर्लप्प ढाक्यो । नेपालको कुनै भव्य राजनीतिक समारोहमा पुगेजस्तो अनुभव हुन थाल्यो । अपरिचित नेपाली चेहराहरूको बीचमा केही परिचित चेहराहरूले चिहाइरहेको आभास भयो । केहीले त 'गोविन्दजी चिनियो ? यता को छ ? कहा बस्नुहुन्छ ? कहिले आउनुभएको ? जागिर रिटायर्ड हुनुभयो कि नाइँ ? जस्ता प्रश्नहरू एकै साथ बर्साउन थाले । तीमध्ये सत्ताइस वर्षअघि भक्तपुरमा परिचय भएका कानुनविद् प्रेम सुवाल पनि हुनुहुन्थ्यो । तत्कालीन समयमा भूमिसुधार अधिकारी भएर म सो स्थानमा बसेको बेला कयौं मुद्दामा उहाँको बहस सुनेको थिएँ । त्यस्तो मान्छेसँग यहाँ भेट हुँदा नेपालको राजधानी, त्यो पनि भक्तपुरको सम्भना ताजा गराइदियो । यस्तै लमजुङका सीताराम अधिकारी र काठमाडौंकै पूर्व परिचित असङ्ख्य साथीहरूको कारण सो दिन अत्यधिक गर्मी ४३ डिग्री सेल्सिय तातो पुगेको भएर पनि घरायसी वातावरको कारण धेरै रमाइलोसँग बिते ।

दिउँसोको खाना सकिने सकिने बेलामा कुर्ता, सलवार र रातो ज्वारीकोटमा आफ्नै गाडी चडेर एकजना पण्डित आए । सबैले ताली बजाएर उनको स्वागत गरे । खानापछि एक सानो कार्यक्रम भयो । कार्यक्रम सञ्चालिकाले योगसम्बन्धी कार्यक्रम अब सुरु हुँदै छ भन्दै योग गुरुको नाम लिइन् 'आचार्य राजन शर्मा' । उहाँको प्रस्तुति धेरैले रोचक मानेर हेरे/सुने । केही सहभागी पनि भए । मैले पनि हेरें र सहभागी हुने कोसिस गरें । योगाभ्यास बिलकुल साधारण थियो किनभने यस्ता अभ्यास मेरा लागि सामान्य नै थिए । 'लाटो देशमा गाँडो तन्नेरी' हुने अवसर पाउनुभएको उहाँलाई धेरै मानेको देखेर मैले पनि परिचय गर्ने कोसिस गरें र आफूले लगेका केही पुस्तक उपहार दिएँ । फोटो खिचाएर शान्त भएँ । उहाँ एन.आर. एन. संस्थाका एक सदस्य हुनुहुन्थ्यो अतः आफूले पढेर अरूलाई पनि बाँड्नुहोला भन्ने अभिलाषा शान्त पार्न मुखलेसमेत सोही कुरा बोल्दै सो काम गरेको थिएँ । उहाँले के गर्नुभयो थाहा भएन ।

लगभग एक वर्षपछि काठमाडौंको गोठाटारमा योग अभ्यास गराउने क्रममा योगगुरु रामप्रसाद सञ्जेलसँग कुरा हुँदा उहाँले भन्नुभयो 'दाइको पुस्तक त मैले अष्ट्रेलियामा ज्वाइँको कोठामा देखेको थिएँ । यति भनेपछि मलाई अरू केही भन्नुपरेन । किताब अरूलाई पनि बाँडियोस् भन्ने चाहनामा भने यस भनाइले तुषारापात गरिदियो । स्मरण रहोस्, उहाँ सिन्धुपाल्चोक जिल्लामा जन्मिएर

ठूलो मिहेनत गर्दै अष्ट्रेलियामा योगगुरु राजन शर्मा बन्न सफल व्यक्ति अरू कोही नभएर भीमसेन सापकोटा र आफ्नै छिमेकी भाइको ज्वाइँ हुनुहुँदो रहेछ ।

यी माथिका श्लोकात्मक पङ्क्तिहरूको माध्यमबाट अष्ट्रेलियाका महत्त्वपूर्ण क्षेत्रको विषयमा प्रकाश पारिएका छन् । त्यतिमात्र नभएर छुटेका विषयहरू यसमा कोरिदिन चाहन्छु । १७ डिसेम्बरका दिन राती सुतिरहेको समयमा नाकबाट रगत रसाएको रहेछ । बिहान उठेर वाथरूममा नाक सफा गर्ने क्रममा रगतको कालो ढिक्का झरेपछि 'अब समस्यामा परिने भएँ' भन्ने मनमा डर पैदा भयो । नाकमा पानीकै नस हालेर पखालेँ । यसो गर्दा पनि तरर रगत झरेपछि अब जटिल हुने निश्चित भयो । केही समयपछि रोकियो र बाहिर आएर रगत रोकिने औषधि खोज्न थाले । डा. निर्मल छोराले त्यसको व्यवस्था गरिदिएको थियो किनभने रूघा लागेपछि केही समय नाथ्री फुट्ने चलन आठ, दश वर्ष पहिले देखिकै हो । एक ट्याब्लेट खाएपछि बहिनी पद्मालाई भनेँ । उनले भनिन् 'दाइ गर्मी भएर होला । हिजो बाहिर धेरै गर्मी थियो, त्यही बेला हामी गार्डेन घुम्न गयौँ सायद त्यसैले हो कि अब चिसो खाने आज दिउँसो कोठा भित्रै बस्ने । बेलुका सविनाले शहर लान्छु भनेकी छे ।'

मैले चुप लाग्नु र सहमति जनाउनुबाहेक अरू के नै गर्न सक्थेँ र ? यो नाता पनि धेरै प्रकारको हुने र कुन प्रकारको नाताले कसलाई के उपकार गर्न सक्छ भन्ने अनुमान यो मानव मस्तिष्कले लगाउन सक्दैन । यहाँ जसको शरणमा छु त्यो रगतको नाता नभएर घरपेटी र भाडावालको सम्बन्ध हो । धेरैतिर यस्तो सम्बन्ध सुमधुर नभएको गुनासो सुनिन्छ । आर्थिकको लेनदेनसम्बन्धी नाताको कुरा कलियुगमा त्यति राम्रो मानिन्न । आवधिक सम्झौता गरेको भए पनि लोभ र अहङ्कारको दुर्गुण बढी घरपटीमा हुने भएकोले भाडावालसँग नाता सुमधुर हुँदैन भन्ने गरिन्छ । दुई किनार नभई नदी नियन्त्रित रूपमा बग्न सक्दिनन् तर यी दुवै किनारा कहिले भेट हुँदैन । भाडावाल र घरधनी नदीका दुई किनारा हुन्, जसले नदी वा जीवनचर्या र आर्थिक गतिविधिलाई सुचारु गराउन मद्दत अवश्य गरेका हुन्छन् तर वर्तमान युगमा यो सम्बन्धलाई सामन्ती शोषक उद्योगपति र तल्लो वर्गको मजदूरको सम्बन्धसँग तुलना गरेर कार्लमार्क्सको वर्ग सङ्घर्षको सिद्धान्तको नजरले समाज, राजनीतिदल र सो दलले बनेको सरकार हेर्ने गर्छ र त सङ्घर्षको लागि उक्साइरहन्छ । त्यसैले त भूकम्प जाँदा होस् वा कोरोना भाइरसको आक्रमण त्रासले जबरजस्ती लकडाउन गराएको बेला सरकारले नै कति न घर बनाउन सरकारी सहुलियत दिएकोजस्तै गरेर घरपेटीले यति अवधिको घरभाडा मिन्हा दिनुपर्छ भनेर आदेश गर्छ तर यहाँ पद्मा, छोरी सविनाको सम्बन्ध केही समय अगाडि भाडावालकै रूपमा थियो तर माथि

भनिएजस्तो नभएर अति आत्मीय बनेको रहेछ । स्पोन्सर गरेर यहाँ बोलाउनु, पारिवारिक वातावरणमा रेखदेख र हेरचाह गर्न खोज्नु यसको ज्वलन्त उदाहरण हो । पद्मा थेरै चिन्तित भइन् । 'पीर गर्नुपर्दैन दाइ हामी छौं' भनिन् ।

यति भन्नु नै मेरो लागि ठूलो कुरा भएको छ । मलाई थाहा छ अहिले उनको हातमा केही छैन । जसको आधारमा यहाँ बसेकी छिन् त्यो ज्वाइँले त छोडेर गइसकेको छ । छोरीले स्थायी वसोवास अनुमति प्राप्त गरेकी भए पनि काम केही गरेको अवस्था थिएन । त्यसैले पूर्व सञ्चित रकमबाट जीवनगति चलाउन बाध्य भएको अवस्था मैले बुझेको थिएँ । त्यतिमात्र नभएर कुनै कारणवश यहाँ बिरामी भइहाल्यो भने उपचार नगराई नेपाल फर्किनुको विकल्प थिएन । नभए लाखौं डलर घरबाट मगाएर उपचार गराउनुपर्ने हुन्थ्यो । यहाँ यदि स्वास्थ्य बीमा गरेको छैन भने नेपालको घरखेत बेचेर पनि उपचार गर्न पुग्दैन यस्तो कानुन तथा नियम छ भन्ने सुनेको थिएँ । एक महिना बस्नको लागि सुरुमै १३ सय डलर खर्च गर्नु पनि जायज थिएन या मन लागेन । लोभ न हो । त्यसैले मनमा स्वास्थ्यको चिन्ता हुनु अस्वाभाविक हैन । यस्तो अवस्थामा पनि उनको साहसी र उत्प्रेरक कुराले मेरो रोग नै निको भएजस्तो पाऱ्यो । 'जे होला देखा जायगा' भन्ने मनस्थितिमा पुगें र पीर गर्न छाडिदिएँ ।

सो दिन यसरी नै बित्यो । शहर जाँदा पनि खल्तीमा कपास राखेर गएँ कतै समस्या भए नाकद्वारमा कपास कोचेर भए पनि रगत झर्न रोक्ने लिँढे बुद्धिको प्रयोग गरियो तर संयोगले समस्या देखा परेन । रातमा हल्का रगत देखा परे पनि अघिल्लो दिनको जस्तो बढी भएन । यही कारणले १८ डिसेम्बरको दिन भने सविनाले अर्को समुद्री किनार लैजाने कुरा गरिन् । मैले सहमति जनाएँ । बसेर मात्र पनि के हुन्छ र 'जे होला देखा जायगा भन्दै' । ठीक १२ बजे ट्रेन चढियो । स्मरण रहोस् यहाँ अण्डर ग्राउण्ड मेट्रो ट्रेनको विकास भइसकेको रहेनछ तर जमिनमाथिको सञ्जाल भने निकै थियो । ओपेरा भवन समुद्रकै छेउमा थियो । यहीं जहाज वा फेरि चढ्ने स्टेशन पनि रहेछ, जहाज चढियो । करिब ३० मिनेटको जलयात्रा पछि Mainly WHARF हुँदै Mainly Beach भनेर चिनिएको समुद्री किनार पुगियो । जहाँ हजारौं मानिस गर्मी मौसमी किनारमा बसेर जलक्रीडामा र बालुवा शयनमा मस्त थिए । माथि आकाशमा उड्दै र किनारमा बस्दै गरेका बथान-बथान सीगल र फ्लेमिङ्ग चराहरूले किनारको वातावरणमा नव रौनकता दिइरहेका देखिन्थे । गर्मी मौसम भए पनि वर्षा ऋतुको आगमन सायद भइसकेको थिएन । आकाश कतै सफा र कतै बादलका विविधाकारका थुप्राहरू भए पनि तिनले किनारबासीलाई छाया दिन असमर्थ लाग्थ्यो । मात्र पातलो पेन्टीले पायूपस्थद्वार बन्द गरिएको अवस्थामा सुतिरहेका, उठिरहेका, नाचिरहेका र

पौडी खेलिरहेका स्वेत, नील नयना नव यौवना, प्रौढ तथा वृद्ध यौवना र यस्तै प्रकारका पुरुष यौवन, पुरुष प्रौढत्व, पुरुषवृद्धत्वमा पुगेकाहरूको स्मित मुस्कानले स्वागत गरिरहेका थिए । कतिपय यौवना तथा यौवन भने ब्राह्म मुहूर्तकालमा स्नानध्यानार्थ पुगेका सिद्ध योगीहरू जस्तै स्नानपछिको बालुवा-ध्यानमा लगभग समाधिको अवस्थामा थिए । सुत्केरी महिलाले घाममा बसेर तेल घसिरहेकी जस्तै लाग्ने भएर कगल Cream दलिरहेका थिए। हेर्दा लाग्छ सरोवरको किनारमा माछा कुरिरहेका सेता बकुल्लाजस्ता भएर पनि कतिपय गजधम्म थिए भने उहीहरूको साथमा आएका बालबालिकाहरूको चञ्चलपनाले समुद्री किनार एक भीडाभाडको बगैंचा जस्तै लाग्दथ्यो ।

मैले समुद्रमा गएर एकछिन गोडा डुबाएँ। यो आधाभन्दा बढी पृथ्वीलाई घेरेर वा डुबाएर बसेको महान् तर प्रशान्त महासागर हो जीवनमा फेरि स्पर्श गर्न पाउने हो वा होइन थाहा छैन, त्यसैले तीर्थ नै सम्झेर मनमनै पितृहरूलाई तर्पण गरें । हातमा पानी राखें तथा हातले समुद्रको पानी चलाएँ र अनौठो अनुभूति भित्र पसालेर मुखमा मधुर मुस्कान ल्याएँ । यतिकैमा फर्किने बेला भएछ । सविना, पद्मा र उनको नाति तयार भए। मत तयारी नै थिएँ। उही फेरी भएर जानुपर्ने थियो । आउने जाने एकै पटक पैसा तिरिएको थियो । कति थियो सविनाले नै जानून् । उनले मसँग पैसा पनि लिइनन् र किनेको टिकट पनि दिइनन्।

अपराह्नको समयले स्वागत गरिरहेको भए पनि हतार थिएन । क्याम्प सी फर्किन मात्र २० मिनेटको शहरी रेलको बाटो हो। ओपेरा भवनको नजिकमा एक वनस्पति उद्यान रहेछ। त्यहाँको अवलोकन भ्रमण गराउन लगियो तर त्यो निकै ठूलो भएकोले दश डलरको टिकटमा टेम्पो चढेर परिक्रमा गर्नुपर्ने रहेछ। हामी भने गएनौ। किन गएनौ त्यो घुमाउनेले नै जान्ने कुरा हो। हामी हिंडेर जे सम्भव हुन्छ, त्यति भने गर्‍यौं । वनस्पति उद्यानमा रहेका वृक्षहरूको नामावली त टिपेर साध्य छैन। यिनै वृक्षलाई अनेक थरीले सिंगारेर, काँटछाँट गरेर हेर्दा सुन्दर लाग्ने हरियो भएको स्थानमा गएर केही समय बस्यौं, केही खायौं र फोटोहरू खिचाउँदै फिर्ता भयौं। उही ट्रेन र उही बाटो भएर क्याम्प सी फर्कियौ।

वस्तुस्थिति सही बुझ्न नसक्दा तथा स्पेसल भट्टराईको झुक्यानको कारण म मानसिक रूपमा अलि अप्ठ्यारो अवस्थामा थिएँ। हुन त सविनाले छोरीको माया र पद्माले बहिनीकै माया दिइरहेका थिएँ । बसाइ आनन्ददायक हुँदै गएको थियो । अष्ट्रेलियाको महत्त्वपूर्ण स्थान र छिमेकी तथा यो देशकै राजधानी क्यानवेरा, तथा अर्को छिमेकी मेलवर्न र भिक्टोरिया राज्यमा घुमाइदिन्छु भनेर सविनाले वचन दिइसकेकी थिइन् तर मानसिक रूपमा म सविनाको

साथमा घुम्न तयार भएको थिइनँ । हुन त यो विदेश हो, अलि आधुनिक समाज यसमा छ र कसैको व्यक्तिगत कुरामा यहाँ कसैले चासो राख्दैनन् तर यहाँ सङ्कुचित मानसिकता भएका नेपालीहरू पनि छन् । त्यसमा पनि भर्खर तरुणी श्रीमती छोडेर यहाँबाट नजिकै हर्ष फील भन्ने स्थानमा बसेका तथा नेपालकै सङ्कुचित संस्कारमा हुर्केका स्पेसल पनि यहीँ छन् । उनको श्रीमती लिएर हिँड्दा पक्कै पनि मन पराउने छैनन् र उल्टो आरोप लगाउन बेर हुन्न, त्यसैले मानसिक रूपमा तयार हुन गाह्रो भएको थियो । सोही कारणले अवधि नपुगी फर्किने मनस्थिति बसालेर यता नेपालमा छोरा अमरनाथलाई टिकटको मिति सारिदिन अनुरोध गर्न तयार भइसकेको अवस्था थियो । कान्छी बहिनी रुक्मिणीले यहाँ रहेकी भान्जी दीपिकाको नम्बर सेन्ट गरिदिइन् ।

दीपिका भान्जी यही देशमा भएको कुरा मलाई जानकारी नै थिएन । मैले पत्ता लगाउन नसक्नु वा यसमा ध्यान दिन नसक्नु सायद मेरो कमजोरी हो तर बहिनी लक्ष्मणाले पनि यो कुरा कहिले भनेकी हैन । जब कि दुई वर्षभन्दा बढी समयदेखि ज्वाइँ शिव ताम्राकारको साथमा भान्जी यहाँकै पी.आर लिएर बसेकी रहिछन् । मैले फोन गरेँ । यसभन्दा अगाडि स्पेसलजीले दश डलर खर्च गरेर यहाँको सीमकार्ड लिइदिएका थिए (मलाई फोन गर्न सहज भयो, त्यसको लागि) उनलाई धन्यवाद दिनै पर्छ । भान्जीसँग कुरा भयो । केही समयपछि भान्जीको फोन आयो 'मामा ! त्यहाँको ठेगाना ठीकसँग लेखेर मेसेस गरिदिनु म हजुरलाई भेट्न भोलि आउनेछु । यो सुनेर मेरो विचार परिवर्तन भयो, एकाएक अन्धकारले ढाकेर वा बन्द हुन लागेको बाटोपारि घामको उज्यालो उदाए जस्तो भयो । अमरनाथलाई फोन गर्नुपरेन, आरामले सुतेँ ।

१८ तारिखको दिन बेलुका केएमसी घुम्न एक्लै गएको थिएँ । तीनचार पटक आइसकेको र वासस्थानबाट नजिक पनि परेकोले एक्लै घुम्न समस्या थिएन । फेरि यहाँका थेरै नेपाली अभिभावकहरूसँगको चिनाजानीले झन् सजिलो उत्साही बनाएको थियो । त्यहाँ बनाएको एक छहारीयुक्त चौतारीमा नेपालीहरूको जमघट हुने र नजिकै श्रीमतीहरूको जमघट हुने स्थान थियो । म केही समय गफगाफमा भुलेपछि फर्किने क्रममा थिएँ, एउटा खाटमाथि बसेका पाँच, छजना नेपाली महिलाहरूको बीचमा एक चिनेको अनुहार देखियो । म झस्किएँ या म भ्रममा परेँ । मैले आफ्नै भाइ बुहारीलाई देखेजस्तो लाग्यो । बोल्ने चाहनाले नजिक हुँदै गएँ तर त्यो चिनेजस्तो लागेको अनुहार निहुरियो । फेरि हेरेँ, गति मन्द गरेँ तर झन् निहुरिएपछि अब बोल्न गाह्रो भयो । उनकै स्थानबाट अगाडि बढेँ । मनमा शङ्का नै थिएन, केही समय पर गएपछि फर्किएर हेरेँ तर त्यो शिर निहुरिएकै थियो ।

अब निरास भएर फर्किएँ । सायद उस्तै लागेको होला । आफ्नै मान्छे भए त्यसरी किन निहुरिन्छ र शिर ? भनेर चित्त बुझाउँदै कोठामा पुगें । बहिनी पद्मालाई सबै कुरा बताएँ । उनले भनिन् 'दाइले शारदा भाउजूलाई देख्नुभएछ । तपाईंकी बुहारी नै हो ऊ । उनको छोरा यही केएमसीमा नै बस्छन् । उनी धेरै पटक यहाँ आइसकिन्, धेरै पटक मेरो भेट भइसकेको छ र सायद अहिले पनि आएकी होलिन् ।' अब भने मलाई विश्वास भयो, म झुक्किएको हैन रहेछ तर उनी किन बोलिनन् यो विदेशमा पनि ? के भयो उनलाई ? गाउँमा यसरी पर हुने मान्छे हैन, मान राखेर बोल्ने गरेकी नै हो । यहाँ के भयो ? सायद खान र बस्न दिनुपर्ला भन्ने सोचेर त्यो शिर निहुरेको हो कि ? मान्छे किन यति स्वार्थी हुन्छन् ? साथमा पैसा पर्याप्त नलिई म पनि गएको त थिइनँ, विनाकाम कसैको भारी बन्ने त थिइनँ ।' मनमा यस्तै यस्तै कुरा खेलाएर आरामीको लागि तयारी भएँ ।

सो दिन बित्यो । भोलिपल्ट भान्जीले सोही स्थानमा समय दिएर फोन गरेकी थिइन् । 'हिजो नबोलेकी बुहारीलाई आज भेट भए म आफैं बोल्नेछु भलाकुसारी सोध्नेछु । मेरो भतिज, बुहारी केटाकेटीको बारेमा सोध्नेछु' भन्ने आशाले म गएँ अलि छिटै तर उनी आएकी थिइनन् । म प्रतीक्षामा नै बसें । तोकिएको ठीक समयमा 'मामा' भन्ने आवाजले म झस्किएँ । यताउति हेरें देखिन । फेरि आवाज आयो । आवाज दिने मान्छे नजिकै आइसकेकी रहिछन् । सानैमा देखेको मान्छे ठूली भएपछि आफ्नै मान्छे भए पनि यसरी झुक्किने रहेछ । 'म त झुक्किएँ छु भान्जी, अनि एक्लै ? ज्वाइँ खै त ?' 'ज्वाई त उता गाडीमा हुनुहुन्छ जाऊँ उतै छोरी पनि छे, आज उतै म कहाँ जाने ।' म केही नबोली उनको पछि लागें । ज्वाइँलाई पहिलोपल्ट भेट भयो । चिनजान गरियो र गाडीमा बसियो । गाडी पद्मा बहिनी बसेको कोठामा गएर अडियो घरको नम्बरसहितको ठेगाना दिएको हुनाले सोधिराख्न नै नपर्ने रहेछ । त्यहाँ गएर कोठामा एकछिन बसियो । चिसो एक गिलास लिएर मेरो ब्यागको साथमा सविना र पद्मासँग बिदा हुँदै मेडो बैंकतर्फ लागियो ।

आज १९ तारिखको दिन थियो पारामात्ता नदीको किनार र रेल्वे स्टेशन नजिक रहेको १८११७ Meadow Crescent Street ०६१ -४४७०४४७६३ नं. को घरमा रहेको भान्जीले भर्खर किनेको फ्ल्याटमा बसाइ सरियो । अन्धकार आकाशबाट खुला आकाशमा आइपुगेको जस्तो अनुभूति भयो । भाडावाल र घरपेटीको नाता सम्बन्धलाई छोडेर रगतको नातामा आइपुगेको छु । आफ्नै भान्जीले बनाएको खाना खाएर अलि खुलास्थानमा आराम गर्न पाइयो । जे भयो राम्रै भयो भन्दै आरामले निदाएँ ।

यहाँ सरेपछि २० तारेख कै दिन Top Ryde Centre मा घुमाउन लिएर

जानुभयो शिव र भान्जी दीपिकाले । त्यसपछि प्रत्येक दिन जसो घुम्न नै गइयो । खासगरी यतिखेर ज्वाइँको बिदा भएको अवस्था थियो, उहाँले नै गाडी चलाएर) लानुहुन्थ्यो । हेरेन्स वर्गमा रहेको बैंकटेश मन्दिर जसको निर्माण भारतीय हिन्दू धर्मावलम्बीहरूले स्थापना तथा निर्माण गराएका हुन्, त्यहाँ दर्शन गरियो । एक दिन बोल्ड हिल (पर्वत) मा रहेको प्यारा ग्लाइड खेल हेर्न लगियो । यहाँ किनारमा ठूलो समुद्र छ । अग्लो पर्वतबाट प्यारा ग्लाइडिङ गर्नेहरूको लाम थियो र सयौं आकाशमा विशाल चील बनेर उडिरहे जस्तो गरिरहेको पनि देखिन्थ्यो । कुनै कारण वश समुद्रमा झर्न पुगे त्यहाँ स्थित सुरक्षा निकायले बचाउने कार्य गरेको देखिन्थ्यो र यो क्षेत्र रमाइलो क्षेत्रमध्ये प्रमुख पर्यटकीय क्षेत्र मानिन्छ । यहाँ नजिकै लरेन्स हेन्स भन्ने स्थानमा पनि एक हिन्दू मन्दिर रहेछ ।

३० डिसेम्बरको दिन थियो, सो दिन सिड्नी एक्युरियमको अवलोकन गर्ने क्रम भव्य रूपमा चल्यो । यसको रमाइलो वेग्लै पाराको थियो । यति विशाल थियो कि हिँड्दाहिँड्दै म थाकेको छु । सायद सुगर कमी भएछ कि के हो ? गोडा फतक्क गलेर एक पाइला पनि हिँड्न नसक्ने अवस्था पुगेछु, थुचुक्क बसैं । निधारमा चिडचिड पसिना आयो । यो देखेर भान्जीले अनुमान गर्नुभएछ 'मामालाई सन्चो भएन क्यार !' उहाँले तुरुन्त एक कोसा केरा खान दिनुभयो । मैले त्यो केरा र पानी खाएँ । तत्काल मलाई अलि साहस आए जस्तो भयो उठें र हिँड्न सक्ने भएँ अनि थाहा भयो सो दिन अकस्मात् सुगर घटेको रहेछ । रङ्गीबिरङ्गी जलचरको नालीबेली अध्ययन गर्दागर्दै धेरै समय बितिसकेछ । त्यसपछि नजिकै रहेको मैनका मूर्तिहरू भएको स्थानमा पुगियो । विश्वका नाम चलेका वैज्ञानिक, दार्शनिक, राजनीतिक व्यक्तिहरूको मैन मूर्तिहरू त्यसमा थिए । तीमध्ये नेल्सन मण्डेला, महात्मा गान्धी, अमेरिकी राष्ट्रपति लिङ्कन, जर्ज वासिङ्गटन आदिका मूर्ति थिए । तीमध्ये केहीमा बसेर तस्वीर खिचाउने काम गरियो र फर्कियौं । यहाँ एक स्थानमा लेखिएको थियो कि वर्तमान अष्ट्रेलिया रहेको स्थान वा सिड्नीको यो स्थान जहाँब ाट दक्षिणी ध्रुव ६२५४ कि.मि. टाढा छ र उत्तरी ध्रुव भने १३७५० कि.मि. टाढा रहेको छ । उत्तरदेखि दक्षिणको लम्बाइ २०००४ कि.मि. रहेको छ । यसबाट थाहा हुन्छ यो देश पृथ्वीको कति अक्षांश र कुन गोलर्द्धमा पर्दछ ।

एक दिन अचानक जोरपाटी, काठमाडौं बस्ने छिमेकी भाइ केशव पुडासैनीले 'दाइ म १४ Barbara Boulevard seven hills, २१४७ मा बस्छु । मेरो फोन ०४२१६०८३४६ भनेर मेसेज गरे । यति कुरा पाएपछि ज्वाइँ शिवले तत्काल गाडी लिएर पुऱ्याउनुभयो । केशव भाइ, भाइबुहारीसँग र उनका छोरा, छोरी र बुहारीसँग पनि भेट भयो । सो स्थानमा आफ्नै घर बनाएर बस्नुभएको

रहेछ, धेरै खुसी लाग्यो । राम्रो पारिवारिक वातावरणमा सो दिन बिताई यथास्थानमा फर्किएका थियौं । यसको भोलिपल्ट 'मोना भेल' नाम गरेको स्थानको समुद्री किनारमा लगियो । गर्मीको महिना भए पनि सो किनारमा पुगेपछि अकस्मात् जाडोको अनुभूति भयो । समुद्रको पानी तातो थियो । समुद्रमा खेल्न आनन्द आउने र यहाँ स्वीमिङ गर्नसमेत मिल्ने गरी बनाएको स्थान पनि थियो । शिवले केही क्षण यहाँ पौडी लेख्नु पनि भयो । मैले भने केवल समुद्रको पानीको स्पर्श र उठेका छालहरूमा रमाउँदै बिताएँ । साँझ परको समय थियो खानासमेत लगेकोले भान्जीले खाना खुवाउनुभयो र हामी फर्केका थियौं ।

३१ डिसेम्बरका दिन ज्वाइँले बसेको स्थानबाट ४५ कि.मि. पर रहेको मिन्टो भन्ने स्थानमा लैजानुभयो । यस शहरमा लगभग ३०० परिवार नेपालीको बसोवास रहेको छ । यहाँ भव्य शिव मन्दिर र मुक्ति गुप्तेश्वरको मन्दिर बनाइएको छ । जसको निर्माणमा नेपालीहरूको ठूलो योगदान रहेको छ, जसलाई नेपाली मन्दिर भनेर चिनिने रहेछ । त्यसको दर्शन तथा अवलोकन गरियो । सोही दिन राती सन् २०१७ सकिएर १८ लाग्नेवाला थियो राती १२ बजे सरकारको तर्फबाट हुने आतसबाली हेर्न Danting Town Hall हुँदै यहाँको प्रसिद्ध Harbour Bridge फलामै फलामको अमेरिकाको ब्रुकलिन पुलजस्तो विशाल बेली ब्रीज मुन्तिर लैजानु भयो । पुलपारि हुने कार्यक्रम हेर्न त पैसा तिरेर जानुपर्ने रहेछ । उहाँहरूलाई थाहा थियो तर भ्याउनुभएन छ । जे होस् त्यहाँबाट पनि राती नौ बजेको एक विशेष कार्यक्रम हेरेर फर्कियौं । मुख्य कार्यक्रम राती ठीक १२ बजे हुने रहेछ । त्यो हेर्न भने सकिने अवस्था थिएन । फर्किदा बाटोबाटोमा हुने विशेष कार्यक्रमहरूले रेलसेवा नजिक पाइएन, लम्बेतान हिंडेपछि राती १ बजे रेल चढ्न पाइयो । थकाइको बोझले थचक्क थिचिएर जहाँ पनि थुचुक्क बसौं जस्तो भइसकेको थियो तैपनि यो शरीरलाई घिच्याएर गन्तव्यमा त पुऱ्याउनैपर्ने थियो पुऱ्याएँ । यदि कार्यक्रम हेर्ने भनेको भए सो दिन रात नै बित्ने रहेछ ।

एक जनवरी नयाँ वर्ष परेकोले कतै गइएन । २ जनवरीका दिन १२५ कि.मि. टाढा Wollongong पुगेर त्यहाँ रहेको समुद्री किनार हेरियो । यहाँको एक भव्य विशेषता के थियो भने समुद्रको पानीबाट पहाडी हिमनदीको पानीको फोहोरा जस्तो भएर फोहोरा-छाल निस्कन्थ्यो । अत्यन्त सफा पानीको सागर थियो । सिड्नीमा ४० डिग्री गर्मी थियो भने यहाँ पुग्दा २५ डिग्रीमात्र रहेछ । अत्यन्त न्यानो वातावरणको शहर रहेछ यो र किनारा पनि त्यतिकै सुन्दर । यसैको नजिकमा रहेको Nan Teen Temple बुद्ध मन्दिरमा गयौं । जसको निर्माण प्यागोडा शैलीमा भएको देखियो । पूरापूर नौ तलामा बनाइएको यस मन्दिरमा रहेको बुद्धमूर्तिमा दायाँ र बायाँ दश-दश हातहरू रहेका देखिन्छन् । यिनै हातहरूमा

धनुष, वाण, त्रिशूल, शङ्ख, पद्म, गदा आदि चिह्न पनि लिएको देखाइएको छ । यसै गुम्बाको छेउमा श्वेतकमल पुष्पको मनोहर सरोवर पनि छ । सोही दिन फर्किदा बाटोमा चन्द्रमौलीश्वरको मन्दिर पर्ने रहेछ । यहीं नै वेङ्कटेश्वर र मोर्गन (स्वामी कार्तिकेय) मन्दिरको समेत दर्शन अवलोकन गरियो ।

यहाँ पाइने चराहरूमा समुद्रको किनारमा पाइने सीगल, लामो चुच्चा भएको फ्लेमिङ्गो, सुगा, सेता कौगा र सारम आदिको झलक देख्न पाइयो । यस देशमा एक प्रसिद्ध पर्यटकीय स्थल रहेको छ । सिड्नीबाट १०० कि.मि. पूर्व गएपछि Katoomba Blew Mounten भन्ने स्थान छ । नेपालीहरूको लागि यो अनौठो होइन किनभने हामीले त योभन्दा धेरै धेरै अग्ला सुन्दर हिमशृङ्खला हेरेका छौं । यो त नगरकोटका मान्छेले चाँगुनारायणको डाँडो हेरेजस्तै लाग्थ्यो तर यहाँ बेलायतकी महारानी आएर हेरेको भनेर लेखेको छ त्यसैले उनीहरूको लागि वा युरोपियनहरूको लागि यो भव्य नै हो । यहाँ थ्री सिष्टर भनेर तीनवटा सँगै जोडिएको पर्वतको नाम छ र त्यसलाई हेर्न मान्छेहरू झुम्मिएका हुन्छन्, हामी पनि गयौं, केही स्न्यापहरू लिएर फर्कियौं ।

यसरी माथिका महत्त्वपूर्ण स्थानहरूको अवलोकन पश्चात् सिड्नीको भ्रमण आफ्नो भागमा परे जति वा दिन र सामार्थ्यले सकेजति लगभग सकियो । यसरी लिभरपुल, क्याम्पबेल टाउन, क्यानबेरा, टाउन हल डेन्टिङ्ग, हार्बर, सिटि सेन्टर, हर्षभिल्ला, क्याम्पसी, हन्टर भ्याली आदिको भ्रमणसमेत आजसम्म भयो । अष्ट्रेलिया देशलाई मुख्य ६ सङ्घीय प्रान्तमा विभक्त गरिएको रहेछ । Tasmenia, Victoria, Queensland, South Australia, West Australia / New south Wels रहेका छन् । यो सिड्नी शहर न्यु साउथ वेल्समा पर्दो रहेछ । यसरी एक महिने अष्ट्रेलिया भ्रमणका नालीबेली सकियो ।

जोरपाटी, काठमाडौं ।

ä ã

**गीत, गजल, म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812

# चीन भ्रमणका अनेक ऊहापोह

**जीवराज भट्टराई**

वि.सं. २०५७ साल चैत्र महिनाको ११ गते राजपरिषद् स्थायी समितिका सभापतिलाई भेट्न उहाँकै निवासमा चिनियाँ राजदूत आए। केहीबेर शिष्टाचारका समसामयिक विषयमा कुराकानी भएपछि उनले कामको हिसाबले नभए पनि संरचनागत हिसाबले नेपालमा राजपरिषद् जस्तै चीनमा चिनियाँ राजनीतिक परामर्शदाता परिषद (Chinese People's Political Consultative Conference) रहेको जसलाई छोटकरीमा CPPCC भन्ने गरिएको कुरा राखे। यहाँ राजपरिषद्मा माथिल्लो तहका सबै पदाधिकारी सँगसँगै सबै पार्टीका नेता र अन्य लब्धप्रतिष्ठित व्यक्ति रहेजस्तै त्यहाँ पनि विभिन्न क्षेत्रका प्रवुद्ध व्यक्तिहरू त्यो संसदस्य रहँदा रहेछन्। त्यो संस्थामा अध्यक्ष रहिसकेका व्यक्तिहरू पछि गएर त्यहाँका राष्ट्रपति बन्ने परम्पराजस्तो पनि रहेछ। त्यसले सरकारलाई नीतिगत सरसल्लाह र सुझाव दिँदो रहेछ।

संस्थाको छोटो परिचयपछि राजदूतले CPPCC ले राजपरिषद्को एउटा प्रतिनिधिमण्डललाई चीनको भ्रमण गराउन चाहेको छ। यसमा तपाईंको के विचार छ भन्दा सभापतिले 'नेपाल र चीनबीचको सम्बन्ध सदैव हार्दिकतापूर्ण र होस् भन्ने चाहना हो। राजपरिषद र CPPCC बीचको आपसी सम्बन्ध र भ्रमणहरूको आदानप्रदानले दुई देश बीचको सम्बन्धलाई मजबूत बनाउन निश्चय पनि योगदान पुऱ्याउनेछ। हाम्रा निम्ति यो खुसीकै कुरा हो। उताबाट औपचारिक रूपमै निमन्त्रणा आएपछि त्यो राजामा जाहेर गरौंला र राजाबाट जे निर्देशन हुन्छ त्यही गरौंला' भन्नुभयो।

नभन्दै त्यसै हप्ता चीनबाट औपचारिक निमन्त्रणा प्राप्त भयो। जसमा २० देखि २५ जनासम्मको प्रतिनिधिमण्डल होस् र लगभग दुई हप्ताको भ्रमण अवधि होस् भन्ने कुरा थियो। त्यो निमन्त्रणा पाउनुभन्दा एक दिन अघि मात्र सभापतिले राजासँग भेटेको र अर्को भेटमा जाहेर गर्दा धेरै ढीलो होला भनेर निमन्त्रणा पाएको अर्को दिन नै प्रमुख सचिव पशुपतिभक्त महर्जन मार्फत जाहेर हुने भनी त्यो निमन्त्रणा राजदरबार पठाइयो तर एक हप्ता बितिसक्दा पनि केही जवाफ आएन। झन्डै एक हप्तापछिको दर्शनभेटमा राजाले सभापतिलाई भन्नुभएछ– 'ठीक छ, पहिलो पटक राजपरिषदलाई चीनबाट भ्रमणका लागि निमन्त्रणा आयो। यो राम्रो हो। उनीहरूले धेरैजना बोलाएका रहेछन्। हामीले

सरकारलाई बारम्बार सुझाव दिँदा पदाधिकारी र कर्मचारीले सकेसम्म कम विदेश भ्रमण गर्ने र गर्नै परेको अवस्थामा मुलुकलाई आर्थिक भार कम पर्ने गरी गर्नुपर्छ भन्ने गरेका छौं । अरूलाई त्यसो भन्ने तर राजपरिषद्को जम्बो टोली विदेश भ्रमणमा पठाउने गर्नु राम्रो हुँदैन । त्यसैले बढीमा पन्ध्र जनासम्मको टोली जाने कुरा सोच्दै गर्नू ।' चिनियाँहरूलाई त्यसै अनुसारको जवाफ दिएर हामीले यता भ्रमणमा जानेहरूको नामावली तयार गरेर एक हप्तापछि राजदरबार पठायौं तर भनिएको अवधि कटिसक्दा पनि राजदरबारबाट कुनै जवाफ आएन । प्रमुख सचिव महर्जनले पनि यो विषय नउठाइदिए हुन्थ्यो भने जसरी प्रत्यक्ष अप्रत्यक्ष आशय व्यक्त गरे । हामीले अनेक कोणबाट सोच्दा पनि त्यसको कारण पत्ता लगाउन सकेनौं ।

यो विषय त्यत्तिकै अनिर्णित अवस्थामै थियो त्यतिकैमा जेठ १९ को राजदरबार हत्याकाण्ड भयो । त्यसपछि पुगनपुग डेढ महिनाजति यो कुरा आफ्सेआफ स्थगित भएर फेरि उठ्यो । चिनियाँ राजदूतावासबाट दैनिकजसो फोन आउन थाल्यो । यता नयाँ राजासँग पनि यो विषय राखिएको त थियो तर जवाफ केही आएको थिएन । चिनियाँहरूको अनौठो बानी एउटा कुरामा लागेपछि लागिरहने, त्यसको टुङ्गो नलाग्दासम्म छोड्दै नछोड्ने गर्छन् । खड नाम गरेका एकजना सचिव थिए त्यतिबेला चिनियाँ राजदूतावासमा । तिनले नेपाली भाषामा पनि राम्रो दख्खल राख्थे । हाम्रो भ्रमण गराउने जिम्मा तिनैको रहेछ । दैनिक फोन गर्दा उनी र उही जवाफ फर्काउनुपर्दा म आजित भइसकेको थिएँ । पछि सुनियो– त्यही भ्रमण गराउन नसकेको भन्दै उनको सरुवा गरिएछ । हाम्रो यतापट्टिको कमजोरीको सजाय विचरा ती इमानदार चिनियाँ कर्मचारीले पाए । पछि उनको सट्टामा आएका नयाँ कर्मचारीले पनि आएकै दिनदेखि त्यही भ्रमणकै विषय उठाए ।

अन्यत्र भन्ने ठाउँ थिएन । राजदरबारमा एकचोटि गरेको कुरामा त्यसको कारण नबुझी पुनः ताकेता गरिहाल्न सकिँदैनथ्यो । फेरि अरूको कुरा भए त्यसरी ताकेता पनि गर्न हुन्थ्यो होला तर आफ्नै भ्रमणका लागि मरिहत्ते गरेको भन्ने अवगालबाट पनि बच्नुपर्ने थियो । चिनियाँ दूतावासबाट भने नित दिन फोन आउँथ्यो । अझ कहिलेकाही त एकै दिन दुई तीन पटक पनि फोन आउँथ्यो । वाक्कदिक्क भएर एक मनले त भन्दै थियो– भ्रमण नहुने भयो भनेर जानकारी दिऊँ कि क्या हो तर राजा र राज्यसँग जोडिएर विचाराधीन रहेको कुरामा आफै जान्ने भएर निर्णय दिन पनि मिलेन ।

त्यसरी ज्यादै चेपुवामा परेपछि मैले चिनियाँहरूलाई सुरुदेखिकै सबै व्यहोरा खोलेर परराष्ट्र मन्त्रालयलाई चिठ्ठी लेख्न भनी मौखिक अनुरोध गरें ।

त्यस खाले अनिर्णित अवस्थामा झन्डै दुई महिनाभन्दा बढी समय बितेपछि एक दिन राजदरबारबाट खबर आयो– 'बढीमा छ जना जाने गरी नयाँ नामावली तयार गरेर पठाउनू । त्यसमा स्थायी समितिका सदस्य र राजपरिषद्का सचिव वा अन्य कर्मचारीको नाम पर्न जरुरी छैन' भन्ने । पहिले पन्ध्र जनाको नाम पठाइएको थियो । त्यही लिष्टलाई काटछाँट गरेर छ जनाको नयाँ नामावली पठाइयो तर दुईदुई पटकसम्म त्यसरी नामावली पठाउँदा पनि मिलेन भनेर फर्काउँदा भने फेरि अचम्मित भइयो । यति मात्रै भनिन्छ कि, सभापति, उहाँकी धर्मपत्नी र निजीसचिवको नाम ठीक छ अरू तीनजनाको नाम सच्च्याएर पठाउनू । कस्तो विचित्र भने के नमिलेको हो, कसलाई पठाउनुपर्ने हो र कसलाई पठाउनु नपर्ने हो त्यो भने भनिँदैन ।

कुरो छिमलिँदै र बुझ्दै जाँदा थाहा भयो- त्यसमा राजाको चाहना केही रहेनछ । राजाका नाममा प्रमुख सचिवले आफ्नो इच्छा पूरा गर्न खोजेका रहेछन् । उनका पनि आफ्नै खाले दुखेसो रहेछन् । राजाको विदेश भ्रमण हुँदा उनीसँगै जान नपाउने । प्रधानमन्त्री वा अन्य सरकारी भ्रमण दलमा पनि उनी सम्मिलित हुन नमिल्ने । प्रमुख सचिव अथवा राजदरबारका कर्मचारी भनेर छुट्टै विदेश भ्रमणको निम्ता पनि नआउने । यसरी राजदरबारका प्रमुख सचिवलाई विदेश भ्रमणको अवसर नै नजुट्ने रहेछ । राजपरिषदका सभापतिको नेतृत्वमा हुने विदेश भ्रमणमा जान त मिल्ने तर त्यसमा पनि उनले राजालाई आफै भन्न पनि नसक्ने, सभापतिले आफ्नो भ्रमण दलमा नाम समावेश गरेर पनि नपठाउने । यसले गर्दा उनको चित्त असाध्यै दुखेको रहेछ । यसरी हेर्दा उनको चित्त दुखाई नाजायज पटक्कै थिएन तर हामीले पनि त्यतापट्टि सोच्नसम्म पनि भ्याएका रहेनछौँ । त्यो रहस्य थाहा पाएपछि हामी प्रष्ट भयौँ, राजा वीरेन्द्रकै पालामा भ्रमण हुन नसक्नु, पछि ज्ञानेन्द्रका पालामा पनि त्यो कुरा त्यति लामो समयसम्म अनिर्णित भएर बस्नु र पन्ध्र जनाबाट छोट्टिएर भ्रमणदलमा समावेश हुने सदस्य सङ्ख्या छ जनामा सीमित हुनुको कारण त त्यस्तो पो रहेछ ।

पछि आफैले नाम राख्न लगाएर आफै जान अप्ठेरो लागेर होला आफू नजाने तर एकजना आफूले भनेको मान्छे लगिदिनुपर्ने शर्त प्रमुख सचिवले राखे । सभापति डा. केशरजङ्ग रायमाझी, उहाँकी धर्मपत्नी तरुलता रायमाझी, पूर्व मुख्यसचिव तथा राजपरिषद्का सदस्य कर्णध्वज अधिकारी, राजपरिषद्की सदस्य रीना तुलाचन, प्रमुख सचिवको सिफारिसमा परेका राजपरिषद्का सदस्य चक्रबहादुर शङ्कर र सभापतिका निजीसचिव जीवराज भट्टराईको नाम राजाबाट स्वीकृत भयो तर जानुभन्दा अघिल्लो दिन तरुलता रायमाझीको मुटुसम्बन्धी समस्या बल्झेर नजाने भएपछि जम्मा पाँच जना मात्रै जाने भइयो । चैत्रबाट सुरु

भएको प्रक्रिया छ महिनापछि भदौमा टुङ्गियो । मन्त्रालयतिरको कुरा भएको भए निमन्त्रित सङ्ख्याभन्दा दुईचारजना थप्न अनुरोध हुन्थ्यो होला तर राजपरिषद्को त्यो भ्रमण पच्चीस जनाबाट घट्दै गएर पाँच जनामा सीमित हुन पुग्यो । धन्न हामीले पहिले नै कसैलाई आश्वासन नदिएको हुनाले कोही रिसाउने अवस्था आएन ।

भदौको अन्तिम हप्ता भ्रमणको मिति तय भयो । चिनियाँहरू विदेशी पाहुनाको राम्रो स्वागत सत्कार गर्नुपर्छ, भ्रमणदलका सदस्यहरू खुसी हुनुपर्छ र सिङ्गो कार्यक्रमको प्रभावकारिता देखिनुपर्छ भन्ने कुरामा असाध्यै सचेत रहेको पाइयो । भ्रमण हुनुअघि त्यससम्बन्धी कार्यक्रमको विस्तृत विवरण लिएर दूतावासका कर्मचारीहरू चारपाँच पटक निजी सचिवालयमा आएका थिए । हिँड्नुभन्दा अघिल्लो दिन राजदूत आफै पनि आए । उनीहरूले सुरुमै सभापतिको भ्रमणका सम्बन्धमा कुनै विशेष चाहना छ कि भनेर जान्न चाहेकोमा हामीले 'त्यस्तो केही छैन, पाहुनाले आयोजकको आतिथ्यता स्वीकार्ने हो, भेटघाटका सन्दर्भमा सकेसम्म उच्चतहमै हुन सकोस् भन्ने हाम्रो चाहना छ, राजपरिषद्को सम्मान र गरिमा नघट्ने गरी भ्रमण कार्यक्रम तय भए हुन्छ' भनेका थियौं ।

उनीहरूले भ्रमण अवधि जम्माजम्मी एघार दिनको हुने त्यसमा बेइजिङ र सेन्जेनको भ्रमण हुने र बाँकी अर्को शहरमा साङ्घाई वा तेन्जेनमध्ये एउटा रोज्नुपर्ने कुरा गरे तर यो आफूहरूको प्रस्ताव मात्र भएकोले भ्रमण अवधि घटबढ गर्न सकिने र स्थानहरूका बारेमा पनि छान्न सकिने भन्ने उनीहरूको कुरा थियो । यसमा पनि हाम्रो कुनै छुट्टै कुरा थिएन । सबै कुरा सोचविचार गरेर उनीहरूले ल्याएको तालिकामा किन तलमाथि गर्नु भन्ने लाग्यो तर यहाँनेर आएर सबै कुरा उनीहरूको मात्रै मानिरहनुभन्दा केही त आफ्नो कुरा पनि राख्नु उचित हुनेछ भन्ने मलाई लाग्यो । सभापतिको त आफ्नो कुनै कुरा थिएन । अरू चार जनालाई सोध्न थालियो भने अनेक थरी कुरा आएर निर्णयमा पुग्न सकिन्न भन्ने लागेपछि मैले आफू पहिले नै पुगिसकेको शहर साङ्घाईलाई छाडेर तेन्जेन रोजें ।

मैले उनीहरूसँग थप अर्को कुरा पनि गरें । भ्रमणको अन्तिम शहर सेन्जेन हुने र त्यहींबाट काठमाडौं आउने भनेकोमा हङकङको सीमा क्षेत्रमै रहेको सेन्जेन पुगेपछि त्यहाँबाट हङकङ जाने र एक दिन त्यहाँ बसेर फर्किने चाँजोपाँजो मिलाउन उनीहरूलाई अनुरोध गरें तर उनीहरूले त्यसलाई अलि अप्ठेरो कुरो ठाने र त्यसो नगरौं भन्दै विनम्रतापूर्वक अस्वीकार गरे । मैले आफ्नो प्रस्ताव बेठीक नभएको पुष्टि गर्न खोज्दै भनें– 'हङकङ पनि तपाईंहरूकै

देश हो । फेरि रूटको हिसाबले पनि सेन्जेन-काठमाडौं र हङकङ-काठमाडौंमा केही फरक छैन' तर उनीहरूले मान्ने छाँट देखाएनन् । अनि मैले भनें– 'बरु सेन्जेनबाट हामी गाडीमै हङकङ जान्छौं र त्यहाँको हाम्रो बसाइ अनौपचारिक हुन्छ । तपाईंहरूले सेन्जेन-बैंकक-काठमाडौंको सट्टा हङकङ-काठमाडौं अथवा हङकङ-बैंकक-काठमाडौं रूटको टिकट व्यवस्था गरिदिए पुग्छ' तर पनि उनीहरूले मेरो कुरा रुचाएनन् बरु मलाई नै आफ्नो कुरामा मनाउन अनुरोध गरिरहे । मलाई पनि यिनीहरूले खुबै खातिरदारी गरेजस्तो गर्छन् तर यो त सबै देखाउने ढोङ मात्र रहेछ, साँच्चै भन्यो भने केही पनि नगर्दा रहेछन् भन्ने लाग्यो । हङकङ जानुपर्ने मेरो खासै काम केही थिएन तर पनि आफ्नो अडान मैले छाडिन् ।

अर्को दिन बिहान आएर उनीहरूले जाने रूट काठमाडौं-बैंकक-बेइजिङ हुने, बेइजिङबाट तेन्जेन र तेन्जेनबाट सेन्जेन जाने, सेन्जेनबाट हङकङ जाने तर त्यहाँ बस्ने कुराको जिम्मा उनीहरूले नलिने, फर्किने रूट र टिकट भने मिलाइदिने भने । त्यही नै अन्तिम कार्यक्रम बन्यो । हङकङको भीसा पनि उनीहरूले लिइदिन मानेनन् म गएर भीसा लिएँ । आफ्नो देशमा २५ जनालाई १५ दिनसम्म घुमाउन तयार भएका चिनियाँहरू आफू मातहतकै देशमा ५ जनालाई एक दिन मात्र राख्न पनि तयार नहुनुको कारण के होला भनी म आश्चर्यमा परेको थिएँ तर यो कुरा अरू कसैलाई थाहा थिएन । मलाई भने यो कुराले थप कौतुहलता बढाएको थियो ।

चीन भ्रमण गरियो । त्यो प्रतिनिधिमण्डललाई चीनले निक्कै उच्च महत्त्व दियो । विमानस्थलमा स्वागतदेखि होटलको बसाइ, घुमडुल र भेटघाटका कार्यक्रमहरू सबै पूर्व निर्धारित थिए । सुरक्षा सतर्कता, सवारीसाधनको तैनाथी, लियाजो अफिसरहरूको व्यवस्था, दोभाषेदेखि फोटोग्राफरहरूको तदारुकता सबै यन्त्रवत्जस्तै लाग्यो । सीपीपीसीसी अर्थात् आयोजक संस्थाका अध्यक्ष, उपाध्यक्षदेखि प्रधानमन्त्री मन्त्रीहरूसँग भेटघाट गराए । राष्ट्रपतिसँग भने भेटघाट हुन सकेन । एक दिन साँझतिर सभापतिसँग उताका केही परिचित र केही परिचय नखुलाइएका मान्छेहरूको भेटघाट कार्यक्रम थियो अर्थात् त्यो दिन परिचय खुलाइएकाभन्दा परिचय नखुलाइएका मान्छेहरूको उपस्थिति बाक्लो देखियो । त्यो भेटघाटमा अरू सामान्य कुरा त भए नै राजदरबार हत्याकाण्डका विषयमा उनीहरू अलि बढी जिज्ञासु देखिए । त्यस विषयमा थाहा भएको तर गोप्य राखिएको कुरा केही थिएन । त्यसैले तिनीहरूसँग पनि अरू सबैसँग गर्नेजस्ता कुरा भए । भन्डै डेढ घन्टाको बसाइपछि हामी उठ्यौं । त्यो बसाइमा उनीहरूले जे चाहेका थिए त्यो नपाउँदा अलि खिन्न महसुस गरे कि भन्ने

मलाई लाग्यो ।

एउटा रोचक कुरा के भने तेन्जेन बसाइको तेस्रो दिन झन्डै दुईघन्टाको समय किनमेलका लागि भनेर छुट्टाइएको थियो । निर्धारित समयमा उनीहरूले हामीलाई एउटा ठूलो सुपरमार्केटमा लिएर गए । बाटोमा त सुरक्षा व्यवस्था कडा हुने नै भयो सुरक्षासँगै सुविधा पनि होस् भनेर होला त्यो समयमा सुपरमार्केटभित्र अरू कसैलाई छिर्न नदिएर खाली गराइएको थियो । पसलका कर्मचारी र कामदारहरू पनि विदेशी भीभीआइपी आउने भनेर विशेष सर्तकझैं देखिन्थे । हामी सुपरमार्केटभित्र पस्यौं र झन्डै एकघन्टा घुमेपछि थाक्यौं तर कसैले केही किनेनौं । सभापतिको स्वभाव आफ्नो गोजीमा पैसा राख्ने र केही किनमेल गर्ने खालको छँदै थिएन । नेपालमै रहँदा पनि कुनै मन्दिरमा गएर भेटी चढाउनुपर्दा वा अपर्झट कसैलाई पैसा दिनुपर्दा उहाँ नजिकै भएको मान्छेसँग सापट माग्ने गर्नुहुन्थ्यो । भ्रमणदलका अन्य सदस्यहरूको स्वभाव पनि त्यस्तैत्यस्तै रहेछ । बूढौलीका कारण पनि मान्छेहरूमा कुनै नयाँ सरसामानपट्टि अथवा किनमेलपट्टि रुचि हुँदैन क्या रे ! म आफू त झन् सधैंभरि बजारमा गएँ भने भएभरका सबै सामान राम्रा देख्छु अनि पैसा नभएकाले सबै नराम्रा भनेर फर्किन्छु । सामान छनौट र किनमेल मेरो रोजाइमा कहिल्यै परेन, फेरि अर्को कुरा, त्यो सुपर मार्केटमा भएका केही सामानहरूको मूल्य हेर्दा सायद भीभीआइपीलाई किनमेलका लागि तय गरिएको हुनाले होला अलि स्तरीय र महङ्गा पनि लाग्यो ।

हाम्रा अघिपछि झन्डै बीसजना मान्छे किनमेलमा सहजताका लागि खटिएका थिए । पसलका कर्मचारी त थुप्रै हुने नै भए तर हाम्रो सिङ्गो भीभीआइपी टोलीको किनमेल भने शून्यमै सकिने भयो । भित्रभित्रै लाज लागेर सँगै गएका चिनियाँहरूका मुखमा हेर्न नसकिने भयो । मलाई त्यस्तो लाग्यो । अरूलाई नलागे पनि नेपाल सरकारका मुख्यसचिव भएर अवकाश पाएका कर्णध्वज अधिकारीलाई त्यो अवस्था अप्ठेरो लाग्नुपर्ने हो । लाग्यो कि लागेन थाहा भएन । अब सुपरमार्केटमा थप घुमेर चिनियाँहरूका अगाडि अरू बढी जोक्कर बन्नु हुँदैन भन्ने लागेपछि मैले सभापतिलाई यसो एकान्त पारेर 'लाजगाल टार्न पनि केही त किन्नुपर्‍यो' भन्दा उहाँले मलाई केही थाहा छैन, जे गर्नुपर्ने हो तपाईं नै गर्नुहोस् भन्नुभयो अनि मैले उहाँका लागि एउटा ठिक्कैको क्यामरा र आफ्ना लागि एउटा सस्तोसस्तो सुटकेस किनें । त्यो पनि बाहिरभन्दा निक्कै महङ्गो भएकोले इज्जत जोगाउने नाममा बेवकुफ भएजस्तो लाग्यो । खै, त्यत्रो तामझामबीच त्यति जाबो किनेर इज्जत पनि के जोगिए होला र ? त्यहाँबाट फर्केर होटलमा आएपछि उनीहरूसँग सरसल्लाह गरेर त्यसपछिको भ्रमण क्रममा राखिएका दुईवटा किनमेल कार्यक्रम भने मैले सभापतिको चाहना छैन भन्दै

रद्द गराएँ ।

मलाई काठमाडौँबाट बेइजिङका लागि उडेदेखि नै एउटै कुरामा डर लागिरहेको थियो । हङकङको भीसा लिइदिन पनि नमानेका चिनियाँहरूको सहयोगविना हुने हङकङको दुई रात बसाइको तालमेल मिलाउन सकिएन भने अप्टिक आइलाग्ला कि भनेर म घरी घरी झस्किन्थेँ । चीनमा हामीलाई सहयोग गर्न खटिएका सरकारी अफिसरहरू पनि हङकङको कुरा आउने बित्तिकै टकटकिन थालेपछि मेरो आशङ्का झन् बढेर गयो । चीनका लागि नेपाली राजदूत हुनुहुन्थ्यो– राजेश्वर आचार्य । उहाँ विमानस्थलमा स्वागतका लागि आउनुभएको थियो । कतिपय ठूला भेटघाट र रात्रीभोजमा उहाँ पनि सहभागी हुनुभयो । एक दिन सभापतिको सम्मानामा राजदूतावासमै रात्रीभोजको आयोजना गरिएको थियो । त्यसबेला मैले राजदूतको मनसाय बुझ्नका लागि आफूहरू हङकङ हुँदै नेपाल फर्किने हो भन्दा उहाँले 'ज्यादै अप्ठेरो रूट हो' भन्नुभयो । अब भने मलाई साँच्चै नै डर लाग्न थाल्यो । मैले त्यसै दिन राजदूतावासबाटै हङकङका लागि महावाणिज्य दूत जैनेन्द्र जीवनलाई फोन गरेँ । उहाँले आफू कुनै हालतमा सेन्जेनसम्म लिन आउन नसक्ने भन्नुभयो । त्यसको कारणमा उहाँले भन्नुभयो– 'मैले भीसा लिनुपर्छ र त्यसका लागि पन्ध्र दिन अगाडिदेखि झन्झटिलो प्रक्रिया सुरु गर्नुपर्छ ।' उहाँले हङकङ प्रवेश गरेपछि भने सक्दो सहयोग गर्ने कुरा गर्नुभयो ।

चीनका तीन शहरको बसाइ सुःखद नै रह्यो तर मेरा निम्ति व्यक्तिगत रूपमा रमाइलो भएन । रमाइलो किन भएन भने भ्रमण अवधिभर औपचारिकता र व्यस्तताले थिचिरह्यो । कुनै कुनै दिन त कस्तो भने राती पौने बाह्र बजेसम्म रात्रीभोजमा सहभागी भएर होटलमा गएपछि पालैपालो चार जनाको कोठामा गएर भोलिको कार्यक्रम, बिहान तयार हुनुपर्ने समय र पोशाक आदिका बारेमा सम्झाएर आफ्नो कोठामा जाँदा रातीको दुई बज्थ्यो । बिहान फेरि समयमै आफू उठेर तयार हुनुपर्थ्यो र अरूलाई पनि उठाउनुपर्थ्यो अनि दिनभरि एकपछि अर्को कार्यक्रममा व्यस्त हुँदा थकान महसुस हुन्थ्यो ।

त्यसरी एघार रात चीनमा बिताइयो । सेन्जेनबाट हङकङको बोर्डरमा प्रवेश गर्दासम्म चिनियाँ सवारीसाधन, सुरक्षाकर्मी, अफिसरहरू र दोभाषे हामीसँगै रहे । उनीहरूले हाम्रो सुविधामा कुनै कुराको कमी हुन दिएनन् तर ती अफिसरहरूले पहिल्यै भनेका थिए हङकङको बोर्डरसम्म पुऱ्याउने काम मात्र हामीले गर्नेछौँ । एउटै देशका दुई भाग चीन र हङकङको सीमानामा यति धेरै भीडभाड, चेकजाँच कडाइ र तनावग्रस्त हुँदो रहेछ कि हामी त चकित पऱ्यौँ । हामीले त्यहाँ सुन्यौँ– यदि त्यो नाका खुल्ला गर्ने हो भने दैनिक लाखौलाख मानिस चीनबाट हङकङ

पस्छन् रे ! वारिपारिको कुरा हो, हङकङमाभन्दा चीनमा कैयौं गुणा विकास भएको छ । चीनतिरका शहर कैयौ गुणा बढी सफा र व्यवस्थित छन् तर मान्छेको आकर्षण भने हङकङपट्टि यति धेरै छ । चीन पनि अब त पहिलेको चीन होइन । चीनमा पनि स्वतन्त्रता छ । के मान्छे बढी स्वतन्त्रताका निम्ति यति धेरै लालयित भएको हो ? मेरो मनमा बारम्बार उठेको यो प्रश्न प्रश्नकै रूपमा रहिरह्यो ।

हो, हामी तिनै हजारौंहजार मान्छेको भीड छिचोलेर हङकङ प्रवेश गऱ्यौं । हङकङ प्रवेशसँगै हाम्रो हैसियत चीन भ्रमणमा गएको राजपरिषद्को उच्चस्तरीय भ्रमणदलबाट सामान्य पर्यटकमा रूपान्तरण हुन गयो तर यो त हामीले रोजेकै कुरा थियो । एघार दिनसम्मको प्रायोजित र व्यस्त दैनिकीबाट मुक्त भएर हङकङका गल्लीहरूमा लखरलखर हिँड्दा पनि निक्कै आनन्द आउँदो रहेछ । सायद चिनियाँहरूको हङकङपट्टिको आकर्षण पनि यस्तै पो हो कि ? त्यहाँ पनि महावाणिज्य दूतावास र त्यहाँ रहेका नेपालीहरूसँग केही औपचारिक र केही अनौपचारिक कार्यक्रमहरू भए अनि हामी काठमाडौं फर्क्यौं ।

ä ã

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**
**Khabari Nepal**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# कैलाश यात्रा

**तिलस्मी प्रभास**

नेपाली समाजमा अझै पनि कुनै अप्ठ्यारो काम गर्नुपर्‍यो वा धेरै उकालो वा भीरजस्तो ठाउँ चढ्नुपर्‍यो भने कैलाशजस्तै कठिन रहेछ भन्ने चलन छ। जाबो त्यति डाँडो पनि मलाई कैलाशमै पुग्नु जत्तिकै भयो। भो नजाऊँ कैलाश जत्तिकै रहेछ आदि। यस्ता कुरा सुन्दा बाल्यकालमा मलाई पनि कैलाश भन्ने ठाउँ पनि छ र ? कैलाश भन्ने ठाउँ स्वर्गलोक वा शिव वस्ने काल्पनिक ठाउँ होला भन्ने लाग्थ्यो। वैकुण्ठ र कैलाश उस्तै रहेछ भन्ने भान हुन्थ्यो।

मान्छेसँगै मन पनि ठूलो हुँदै गयो। आफू बसेको स्थान, गाउँ, जिल्ला, आफ्नो, देशको र विदेशको सेरोफेरो क्रमशः जानकारी हुँदै गयो अनि जाग्दै गयो कैलाश दर्शनको सपना। हुन त अहिले पनि म साथीभाइसँग कुरा गर्दा पूर्वमा पश्चिम र पश्चिमा पूर्व घुसाइदिन्छु। पतिदेवले ठट्टा गर्दै भन्नुहुन्छ - मैयाँको भूगोल निक्कै कमजोर बन्दै छ अनि म लाजले रात्तै पनि हुन्छु। जिज्ञासा छाडें भने अझै कमजोर बन्दै जाने पो कि ? भन्ने डर पनि छ एकातिर। अर्कोतिर जति धेरै सूचना-जानकारी राख्यो त्यति धेरै बाँच्न सजिलो हुन्छ भन्ने विचार हाबी छ अहिलेको समाजमा। ज्ञान-ध्यानका गहिराई कल्लाइ पो चाहिएको छ र व्यस्त जीवनको कुदाकुदमा ? सतह सतह कुद्यो, सतहमै पौडियो, सतहमै सकियो जीवनलीला मान्छेको।

नियात्रा वा यात्राको गन्थन लेख्न खोज्दा विवरण मात्र बन्ने पो हो कि ?, संस्मरण वा आत्मपरक निबन्ध पो लेखिने हो कि ? भन्ने डर पनि छ मुक्तक र कवितामा मात्र डुलिरहेको हातलाई। आफूले सपना बोकेको कैलाशको यात्रा गर्दा बटुलेको अनुभव समयको अन्तरालमा के त्यस्तै रहला र कैलाश यात्रा भोलि ? कसलाई के कति काम आउला वा जिज्ञासा होला भन्ने पनि बसेको छ मस्तिष्कमा। जे होस् अचानक जवानीको खुड्किलो पार गर्दैगर्दा बन्यो २०७५ असार बाह्र गते कैलाश यात्राको योजना।

म, मेरा पति पुण्यप्रसाद पराजुली र दुई महिला मित्रसमेत चार हामी नेपालगञ्जतिर हानियौं यति एयरको विमानबाट। घन्टाभरमा यतिले नेपालगञ्ज उतारिदियो हामीलाई। हामीलाई घुमाउने आयोजक थियो सोनी कम्पनी। कम्पनीले प्याकेजकै रूपमा हामीलाई नेपालगञ्जमा बस्नका लागि सिग्नेट होटेलमा व्यवस्था मिलाएको थियो। एयरपोर्टबाट होटेलसम्म हामी आफ्नै

तजबीजमा पुगेका थियौँ। कम्पनीले कुनै व्यवस्था गरेको थियो थिएन। सोधीखोजी नै गरिएन। होटेलमा कम्पनीले बुक गरेको कोठामा फिटीगुन्टा बिसाएर हलमा ओर्लियौँ। त्यहाँ हामीसँगै मानसरोवर यात्राका लागि केही नेपाली र केही भारतीय साधुहरूसमेत जम्मा भएका थिए। नेपालीहरूमा स्वामी निर्मल चैतन्य र साहित्यकार गोविन्द गिरी प्रेरणा पनि थिए। स्वामी चैतन्यसँग म पूर्व परिचित थिएँ। उनैका कारणले अन्य व्यक्तिहरूसित पनि परिचित हुन पाएँ। मैले काठमाडौँको ठमेलबाटै हाम्रो समूहमा मानसरोवर जाने मान्छेहरूको सङ्ख्या सोधेर रेनकोट किनेर उपहार लगेकी थिएँ। सबैलाई ससम्मान दिएँ। आयोजकले सबैलाई हलमा जम्मा गरे र मानसरोवरको यात्रामा जाँदा आइपर्ने समस्या र त्यसको समाधान बारे जानकारी दिए।

भोलिपल्ट सिमीकोटको प्लेन समात्न इएरपोर्ट गयौँ तर मौसम अनुकूल नहुनाले त्यो दिनको हाम्रो यात्रा रोकियो। हामी फेरि आआफ्ना सामान बोकेर होटेल नै फर्कियौँ। पाँचतारे होटेल हुनाले बस्नेखाने व्यवस्था चुस्त दुरुस्त थियो।

हुन त म आफ्नो कार्यालयबाट बिदा स्वीकृत गराएर गएकी थिएँ। हिँड्ने बेलामा केही दिन घर अफिसबाट मुक्ति भनेर फेसबुक पोष्ट गरेकी थिएँ। त्यो फेसबुकको पोस्ट मेरो अफिसको कुनै धुपौरेले देखेर कुद्दै गएर हाकिमलाई देखाइदिएछ। हाकिमको फोन आएपछि यो कुराको जानकारी मलाई भयो। हाकिमको बोलीमा अपमान, गाली, धम्की र तिरस्कारपूर्ण थियो। यसले मेरो यात्राको जोश, रमाइलो, खुसी र उत्साह जीरोबाट झरेर माइनसतिर लाग्यो। मलाई पनि बिदा लिइवरी आएकोले झोक चल्यो र एक पेज म्यासेज लेखेर पोस्ट गरिदिएँ यस्तो गर्नुको कारण के हो भनेर।

तेस्रो दिन बल्ल वातावरण सहज भयो। आकाश खुल्यो। सबै यात्रुहरूले मिलेर इएरपोर्टमा रहेको शिव मन्दिरमा प्रार्थना गरे। त्यसपछि सानो प्लेन चढेर हामी सिमीकोट पुग्यौँ। आयोजकले हामीलाई त्यहाँ डाउन ज्याकेट दिए। सिमीकोट इएरपोर्टमा केहीबेरको विश्राम र प्रतीक्षा गरेपछि हामी हेलिकप्टर चढेर हिल्सा लाग्यौँ। बाटोको दृश्य मनोरम त थियो नै तर उड्दा हेलिकप्टर डाँडाको भीरमा ठोक्किहाल्छ कि जस्तो लाग्थ्यो। पहाड र हिमालको खोंच हुँदै तल ब्रह्मपुत्र नद देखियो। त्यहाँको विश्वकार्माले निर्माण गरे जस्तो मनमोहक दृश्यले मन फुरुङ्ग हुनु स्वाभाविक थियो। हिमालको भीर र खोंचको बीचबाट हेलिकप्टरले लोकल बसले जस्तो छल्दै जाँदा कहिले काहीँ मुटु ढुक्क पनि गर्दै थियो तर पाइलट विदेशी हुनाले मनलाई सान्त्वना पनि मिल्थ्यो।

कताकता मनले मेरो यो विचार आफ्नालाई भन्दा अरूलाई विश्वास गर्ने

हाम्रो परम्पराको उपज नै हुनुपर्छ । लगभग पैंतालीस मिनेटको व्योम यात्रापछि सकसशल हिल्सा पुगियो । गोजी फोन निकालेर व्योम यात्राको सानोतिनो भिडियो पनि बनाएँ मैले उड्दाउड्दै । त्यहाँ तिब्बत बोर्डरमा चेकिङ हुने रहेछ । सियो जत्रो सामान पनि ओल्टाइपल्टाइ हेरिने रहेछ । सबैले चेकजाँच गराउनमा निक्कै समय गयो । त्यहीं हामीलाई लिन गाडी आयो । बसबाट हामी बेलुकी साँझ झमक्क पर्दा ताक्लाको पुराङ भन्ने स्थानमा बास बस्न पुगियो । आयोजकले व्यवस्था गरेका होटलमा खाना खाएर सुतियो ।

बिहान उठेर मानसरोवरको यात्रा थालियो । एकातिर मानसरोवर र अर्कोतिर राक्षस ताल आमनेसामने रहेछन् । राक्षस तालमा कुनै चराचुरुङ्गीसम्मले पानी नछुने रहेछन् । सायद हुनसक्छ त्यहाँको पानी ज्यादै खिरिलो वा नुनिलो भएर होला भन्ने अनुमान लगाएँ । जनश्रुतिअनुसार तालमा गयो या कुनै पन्छीले तालको पानी छोयो भने त्यसलाई तालले तत्काल तानेर लग्छ भन्ने किम्वदन्ती रहेछ । गाडीबाट राक्षसताल र मानसरोवरको एकसाथ परिक्रमा गर्न तीन घन्टा लाग्यो । तालको चारैतिरबाट निरीक्षण र रसास्वादन गरिसकेपछि हामीले मानसरोवर छेउमै रहेको होटलमा त्यस रात बितायौं ।

भोलिपल्ट हेरविचार गर्ने क्रममा सबैलाई उठाउँदै खाजा खान आग्रह गरें । सबै यात्रुको अवस्था सामान्य लाग्यो तर खगेन्द्र गिरीजीको अलि भिन्न लाग्यो । अरूले थाहा पाउनुभन्दा पहिले नै मैले लेक लागेको अडकल काटें र उठ्न आग्रह गरें तर उनी उठ्न सकेनन् । पानी पियाएँ, वान्ता गरे र बेहोश भए । जवरजस्ती टिम्बुर र लहसुन खुवाएर बिस्तारै मान सरोवर लग्यौं । हात समाएर अलकति खाना खुवायौं । जल छर्कियौं । त्यति गर्दा पनि उनको अवस्थामा सुधार नआएपछि निर्मल स्वामी उनलाई लिएर फर्के । अब यसको एक मात्र उपाय उनलाई तल अक्सिजन बढी उपलब्ध हुनेतिर लग्नु थियो । तिम्रो साथ लागि आउनुभएकोले उहाँसँग फर्कने कर्तव्य तिम्रै हो बाबु भनेर निर्मललाई चित्त बुझाएँ ।

त्यसरी कोही लेक लागेर वा बिरामी परेर फर्कनुपरेको अवस्थामा त्यो फर्कनुपरेको भाडा स्वयं यात्रुले बुझाउनुपर्ने रहेछ । यसको जिम्मेवारीबाट आयोजक मुक्त हुने रहेछन् । सिमीकोट पुग्दासम्म पनि उनी पूर्ण रूपमा ठीक भइसकेका थिएनन् रे !

त्यसपछि हामी पुनः सरोवरतिरै लाग्यौं । त्यहाँ नुहाएर, ध्यान गरेर मुक्त भएपछि बेलुकी थार्छेन भन्ने ठाउँमा गयौं । तिब्बती भाषामा थार भनेको झन्डा र छेन भनेको तूला हो । यसको अर्थ ठूलो झन्डा भन्ने हुन्छ । थार्छेनको पनि होटलहरू राम्रै रहेछन् । त्यहीं बस्ने निधो गरियो र सबैको अक्सिजनको

अवस्था चेकजाँच पनि गरियो । केही अलि असहज अनुभव गरेका यात्रुहरू भने फर्किए । आठजना नेपालीहरूमा म र मेरा पतिसहित जम्मा तीनजना तन्दुरुस्त अवस्थामा बाँकी रह्यौं कैलाशको स्वर्णिम हिमाल चढ्न ।

भोलिपल्ट बिहान नास्ता गरेर हामी पैदल कैलाश परिक्रमाको तरखरमा निस्कियौं । हिँड्न सक्नेलाई दुई दिन र एक बिहान लाग्ने रहेछ । हिँड्ने नसक्नेले डोल्मालासम्म जान घोडा चढ्न पाइने रहेछ । डोल्मालबाट पैदल मात्र उपाय रहेछ । तिब्बती भाषामा डोल्मा भनेको तारादेवी र ला भनेको भञ्ज्याङ हुने हुनाले डोल्माला भनेको तारा भञ्ज्याङ भन्नुपर्ने हुन्छ । त्यहाँ धेरै लुङ्ता भनेर पनि टाँगिएको थियो । लुङ्-घोडा, ता-वायुपङ्खी अर्थात् वायुको गतिमा दौड्ने घोडाको प्रतीकका रूपमा हिमालको डाँडा, भञ्ज्याङ वा अग्लो ठाउँमा लुङ्ता टाँगिएको हुन्छ । खासमा लुङ्ता भनेको कपडामा घोडाको चित्रसहित विभिन्न देवीदेवताका चित्र वा मन्त्र आदि लेखिएको ध्वजा वा कपडाको टुक्रा हो । यसलाई लामो र बलियो डोरीमा गाँसेर बनाई टाँसिने गरिन्छ । बौद्ध धर्मअनुसार लुङ्ता फरफराएको हेर्दै, वातावरण शुद्धिको कामना गर्दै, दुष्ट आत्माले नसताओस् भन्ने कामना गर्दै हिँड्ने चलन छ ।

त्यस दिन हामी वास बस्न दिराफुख भन्ने स्थानमा पुग्यौं । हिमाली मरुमूमिको आभास दिलाए पनि वातावरण सुन्दर थियो । हरियो पन पटक्कै थिएन । हिउँको चिसो हावा र घामले खाएर ढुङ्गाहरू काला बनेका थिए । हिउँको चिसो हावा र घामले यात्रुहरूका छालासमेत एक दिनमै रातो हुँदै कालो बनेको थियो । बिहान बेलुकाको जाडो त थेग्ने नसकिने थियो । दिराफुक पुग्नासाथ आयोजकहरूले पहिले चिया विस्कुट खुवाए र केही समयपछि खानाको व्यवस्था गरे । त्यहाँसम्म पुग्दा अक्सिजनको कमीले बिरामी भएकाहरूको पनि फर्किने क्रम जारी नै थियो । केहीले घोडाबाट लडेर आफ्ना हातखुट्टासमेत भाँचेका थिए । माथि जाने यात्रुहरूको सङ्ख्या निरन्तर घट्दै थियो । त्यसरात हामी त्यही सुत्यौं ।

भोलिपल्ट चियानास्ता गरेर आफूलाई नभई नहुने पानी, ड्राइफुड, रूमाल, औषधी झोलामा हालियो र बाटो तताइयो । यति थोरै सामान पनि कठिन हुने रहेछ बोक्न । अलि धेरै सामान लानेले भरिया लगे । एक दिनको भरियाको ज्याला नौ सय युयान नेपाली करिब नौ हजार हुने रहेछ । नौ हजार बचाइयो भनेर आफैमा मुसुक्क मुस्कुराइयो पनि । त्यहाँबाट करिब एक घन्टा जतिको बाटो काटेपछि पुगिने रहेछ गौरीकुण्ड । त्यसैको माथि विश्राम गरें श्रीमान् पुण्यसरको प्रतीक्षामा । उहाँ अलि बिस्तारै आइरहनुभएको थियो पछिपछि ।

लगभग एक घन्टा प्रतीक्षा गर्नुपर्‍यो आफ्ना समूह आइपुग्न । गौरीकुण्डको

जल त्यहाँका स्थानीयहरूले बोतलमा भरेर बाटोमा राखी बेच्ने गर्दा रहेछन् । म आफ्नो समूहलाई कुरेर बस्दा त्यहाँका बासिन्दाले बिस्तारै अगाडि बढिरहनोस् यसरी यस ठाउँमा नबस्नोस् भने । त्यहा बस्दा लेक लाग्ने सम्भावना हुन्छ रे ! तर मैले टेरिनँ । एक बोतल जल पनि किनें । आफ्नो समूह आएपछि सबै केही तल आइसफल भनिने ठाउँमा झरियो जहाँ हिउँ जमेको थियो । बडो मिहेनत र सावधानीसँग काटियो त्यो हिमताल । यसरी कैलाश परिक्रमा गर्दा कतैबाट साह्रै नजिक, कतैबाट साह्रै सुन्दर फरक फरक दृश्यमा कैलाशलाई हेर्न पाउँदा मन प्रफुल्ल बनेको थियो । त्यस दिन बास बस्न अलि तल्लो भेगको जुठुलफुग भन्ने स्थान हाम्रो गन्तव्य रहेछ ।

तिब्बती भाषका अर्थमा जुठुल-ऋद्धि र फुग गुफा अर्थात् ऋद्धिगुफामै बसेर भोटका प्रसिद्ध गुरु मिलारेपाले एघारौं शताब्दीमा सिद्धता प्राप्त गरेको स्थान थियो त्यो । आफूले बौद्ध दर्शनको अध्ययन गर्दा एमए र पिएचडीको विषयको अनुसन्धान नै मिलारेपाको बारेमा गरेकोले मलाई अर्कै स्वर्गीय आनन्द पनि प्राप्त भइराखेको थियो । हुन त मिलारेपाले नेपालको सिन्धुपाल्चोकको हेलम्बु, नुवाकोट, गोरखा, मनाङ, भक्तपुर र दोलखाको लब्च्छीमा समेत बसेर साधना गरेको इतिहास प्रशस्त भेटिन्छन् । उनले कैलाशमा सुतीको मात्र वस्त्र लगाएर तपस्या गरेका थिए । यहाँ बोनहरूसँग भेट भएपछि तर्क र शास्त्रार्थ गरेर ऋद्धि प्राप्त गरेको प्रसङ्ग भेटिन्छ ।

त्यस रात छओटा खाट भएको सामूहिक कोठा हामीलाई उपलब्ध गराइयो । एकै खाटमा दुई जना सुत्नुपर्ने बाध्यता पनि प्राप्त भयो । एक जोडी भरतीय थिए । राती बोल्दा तिनका ठूलो स्वरले वातावरण खलबलिन्थ्यो ।

भोलिपल्ट बिहान चियानास्ता गरेर पुनः यात्रा आरम्भ गरियो । बिहानभर हिंडेपछि मोटर बाटो भएको ठाउँमा पुगियो । एउटा होटलमा चिया पिउँदै गाडीको प्रतीक्षा गरियो । गाडीले हामीलाई जहाँबाट हाम्रो यात्रा सुरु भएको थियो त्यही धार्छेनमा पुऱ्यायो । कैलाश परिक्रमा गर्न नसकेका हाम्रा समूहका साथीहरू त्यहीँ हाम्रो प्रतीक्षामा विश्राम गरिरहेका थिए । सबैले सबैसँग खुसी बाँडे, अँगालोमा बाँधे । मौसमका कारण दुई दिन धार्छेनमै रोकिनुपऱ्यो हामीले । यो कुरा मेरो फेसबुक पोष्टले हो कि केले हो काठमाडौंको पत्र-पत्रिकाहरूमा पनि मज्जैले छापिएछ । दुई दिन धार्छेनमा बसेपछि तेस्रो दिन गाडीबाट हिल्सा पुगियो । त्यस रात हिल्सामै बसियो । भोलिपल्ट कष्टपूर्ण तरिकाले बडो मुस्किलले हेलिकप्टर भेटेर चढेर सिमीकोट फर्कियौं । मौसमका कारण रोकिनाले जताततै मान्छेको भीड हेलिकप्टरको प्रतीक्षामा थिए । सिमीकोटमा पनि प्लेन कुर्नेको भीड थियो । निर्मल चैतन्य र गोविन्द गिरी प्रेरणा पनि त्यहीँ भेटिए । उनीहरूले पनि यति दिन

प्लेन नपाएका रहेछन् । जताको पाइन्छ त्यतैको प्लेन चढेर समूह तितरबितर भयो । श्रीमान्‌ले नेपालगञ्ज जाने प्लेन पाउनुभयो भने निर्मल चैतन्य र म भने सुर्खेत जाने प्लेनमा पर्‍यौँ । यति प्लेन पनि त्यहाँको स्थानीय नेताको सहयोगमा पाइएको थियो । प्लेनबाट दृश्यहरू खिच्दै सुर्खेत झरेर नेपालगञ्जको सिग्नेट होटल पुगेपछि श्रीमान् भेटिए । नेपालगञ्जमा गाडीमा जाने कि प्लेनमा भनेर छलफल गरेपछि प्लेनमै फर्किने भन्ने निर्णय गरियो र काठमाडौँतिर हानियौँ ।

बौद्ध, काठमाडौँ ।

ä ã


**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**

२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा. वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा. विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी

**८. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**

२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित

**९. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**

२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
२०७८ प्राडा. नारायणप्रसाद खनाल

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**

२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली
२०७८ तेजप्रकाश श्रेष्ठ

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**

२०७७ विद्यानाथ उपाध्याय
२०७८ प्राडा. वीरेन्द्र मिश्र

**१२. 'नन्द आनन्द दुल्की साहित्य सम्मान'बाट सम्मानित**

२०७७ नारायण तिवारी
२०७८ श्रीओम श्रेष्ठ 'रोदन'

**१३. 'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**

२०७७ होमनाथ सुवेदी
२०७८ श्रीहरि फुयाँल

# नेपाल खोज्दै : राजविराजदेखि मुम्बईसम्म

**नन्दलाल आचार्य**

तराई/मधेस अनिश्चितकालीन बन्दको घेरामा थियो । सरकारी कार्यालय नखुलेको निकै महिना भएको थियो । सडकमा गाडी नगुडेको पनि पाँच महिना लागेको थियो । राजविराज शहर दिनदिनैको नारा-जुलुस र अधिकारवादी भाषणले तातेको थियो । स-साना बच्चादेखि प्रौढसम्म सबैले आआफ्ना हक-अधिकारका बारेमा यथेष्ट कुरा बुझिसकेका थिए । राजधानीसमेत अघोषित नाकाबन्दीले प्याकप्याकती मुख बाइरहेको थियो । सरकार निरीह भएर तमासा हेरिरहेझैं थियो । आन्दोलनमा मान्छे मरिरहेका थिए । तराई/मधेसमा जहाँ जे घटना घटे पनि राजविराज अघोरै तात्थ्यो । शासकविरुद्धको आन्दोलन साम्प्रदायिकतामा बदलिन्छ कि भन्ने त्रास मनग्यै नभएको होइन । मानौं एक किसिमले मधेसमा नेपाल हराएको थियो । सरकारको उपस्थिति विलकुलै थिएन । सडकमा प्रहरी प्रशासन निस्कँदैनन्थ्यो । सार्वजनिक सम्पत्ति नोक्सान हुन थाल्दा भने बचाउको लागि बाहिरिन्थ्यो । महँगीको कुरै नगरौं । टाठाबाठाले जीवनभरिमा कमाउन नसकेको सम्पत्ति एक दुई महिनामै कमाएका थिए । दिनदिनै निष्कर्षविहीन वार्ताको नाटक मञ्चन भइरहेको थियो । जनता आशामै त्रास भोग्न बाध्य थिए ।

यस्तो बेलामा बाह्रौं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन मुम्बईद्वारा पठाइएको निम्तो साहित्यकारद्वय करुणा झा र रामभरोस कापडि मार्फत पाइयो । नेपाली भाषा-साहित्यका लागि दिइने 'मिथिलारत्न' सम्मान ग्रहण गर्न मैले पुस ०७, २०७२ मङ्गलबार मुम्बई शहर पुग्नुपर्ने रहेछ । मैले उल्टै प्रश्न गरें- 'जान त जान हुन्थ्यो तर देश ठप्प छ, चारैतिर भयावह अवस्था छ, कसरी जानू ?' मैले जवाफ भेट्टाएँ- 'मुलुकबाहिर निस्कने अवसर सधैं आउन्न । अझ मैथिली सम्मेलनले नेपाली भाषा-साहित्यका लागि दिने यो पहिलो सम्मान हो । सशरीर उपस्थित हुनुको इज्जत अर्कै हुन्छ ।' जेनतेन जाने निर्णय गरें । ट्रेनमा सिट रिजर्भेशन भयो । जनकपुरबाट यात्रा थालिने सल्लाह भयो । मैथिली भाषा-साहित्यका केही विद्वान् तथा कलाकारसमेत सम्मेलनमा सहभागी हुने कुराले उत्साह थपियो तर मन धमिलाको धमिलै रह्यो । राष्ट्रले निकास पाउला कि भन्ने झिनो आस जिउँदै थियो । तराई/मधेस र पहाड-हिमालका जनताको मनसमेत अँध्यारै थियो । उज्यालो आएमा प्रफुल्ल मुद्रामा हिँड्न हुन्थ्यो तर दुर्भाग्य त्यो दिन नै नआईकन हिँड्नुपर्ने दिन आयो ।

पुस ०३, २०७२, शुक्रबार बिहान १०:३० बजे शिक्षक मित्र सुनिलकुमार चौधरीको बाइकमा बसेर राजविराजबाट जनकपुर यात्रामा निस्कें । लहानसम्म त सडक सुनसान थियो । नारा लेखिएका भित्ता र कालो भन्डा गाडिएका सडक किनारा मात्र देखिए । 'नेपालको संविधान-२०७२' र शासक विरुद्धका कुरा जताततै सुनिन्थे । बाइकले लहान छाड्ने बित्तिकै कालाम्मे सडकमा सिटी बाइक जुलुसको लाइन लामो देखियो । एक जना युवक विनम्रतापूर्वक भन्दै थियो - 'आदरणीय जनसमुदाय ! हमरासभक आन्दोलन आब निष्कर्षमे पहुँचुकल छै । अहङ्कारी शासक घुँडा टेकिरहल छै । सिर्फ कुछ दिन धैर्य धारण करैला परतै । हमसभ अधिकार सम्पन्न भरहल छी । हम दोसर वर्गके जनताके विरुद्ध नही सरकारी रवैयाके विपक्षमे छी । हमसभ अपने देशमे अपना अधिकार खोजिरहल छी । ई आन्दोलनमे अपनअपन तर्फसँ योगदान करैला नही भुलब ।'

मैले त्यस आह्वानमा मनग्यै देश भेटें । आफूलाई नेपाली भन्न हिच्किचाउने जड र कृतघ्नहरूको गालामा थप्पड परेको अनुभूत गरें । अधिकार पाएको छैन, छ भन्छौ भने कहाँ छ, देखाई देऊ भन्नु प्रजातान्त्रिक परिपाटी नै हो । अरूको सम्मानमा कुठाराघात नगरी आफू सम्मानित हुन खोज्नु पनि स्वाभाविक हो तर अरूको अस्तित्व मेटेर आफ्नो जग बलियो हुने सम्भनु नितान्त नालायकपन र निरङ्कुश शैली हो । मेरो यस निष्कर्षलाई धक्का लाग्ने गरी एक आवाज मेरै कान नजिकै भएर विलायो । त्यो आवाज थियो एक उरन्ठेउलो ठिटोको । म बसेको बाइक ऊ नजिक पुगेपछि उसले मतिर दृष्टि दिंदै भनेको थियो- 'जिन्दावाद !....मुर्दावाद !...लखेट्, लखेट् !' उसलाई साथ दिनेहरू भने मुट्ठीभर मात्र थिए । मलाई देख्नासाथ उसको रगत उम्लेको देख्दा मलाई पहाडे समुदायमा जन्मेकोमा हीनताबोधसमेत भयो । उसको बोली मलिनमलिन हुँदै हुँदै गयो । हाम्रो बाइक पश्चिमतर्फ हुँइकी रह्यो ।

म तराई/मधेसमै जन्में, संस्कार भेटें, शिक्षा-दीक्षा पाएँ, रोजी-रोटीको व्यवस्था भेट्टाएँ र भविष्य हँसाउने भिनो लहरोसमेत पाएँ । मैले जे गरें, जस्तो परिचय बनाएँ र जे गरिरहेको छु, सबै तराई/मधेस केन्द्रित छन् । कसैलाई अनावश्यक उचाल्ने र कसैलाई मारमा पर्ने गरी पछार्ने भुल नहोस् भनी सतर्कता अपनाउने गरेको छु र पनि अन्तस्करणमा धक्का लाग्ने कुरा सुन्नुपर्दा चोट त नराम्ररी नै लाग्यो तर गुनासो पोख्नुपर्ने मान्छे परिचित पनि थिएन र साथमा पनि थिएन । त्यसैले मित्र सुनिलसँगै बह बिसाउने काम गरें । उनले सहजताका साथ जवाफ फर्काए-'सडकमा थरिथरीका मान्छे हुन्छन् । कोही अज्ञानतावश त कोही अवसरका लागि नानाभाँतीका कुरा फलाक्छन् ।

आफूलाई ठूलो भनाउन र बनाउन कोही न्वारानदेखिको बल झिकेर निरर्थक चिच्याउँछन् । तिनको पछि सज्जनहरू लाग्दैनन् किनभने बहुलाहा कुकुरले टोक्यो भन्दैमा बदला लिन मान्छे कुकुरलाई टोक्न जाँदैन ।' यत्ति सुनेपछि मैले त्यस प्रसङ्गलाई त्यहीँ पूर्णविराम लगाएँ । दिउँसो ३:३० बजे जनकपुरस्थित आनन्द लजमा पुगी झोला बिसाएँ र सुनिलजीलाई राजविराज फर्काएँ । अब म एक्लो भएको थिएँ । राष्ट्रपतिको आगमनले रन्केको जनकपुर सेलाएको र हेनछ । एक्लैदोक्लै हिँडेको म बबुरोलाई कसैले जे पनि भन्न सक्थ्यो र जे पनि गर्न सक्थ्यो । मलाई चिन्ने र जान्ने त्यहाँ कोही थिएन । कसैको रिसको तार ो बन्न सक्ने खतरासमेत जिउँदै रहेको झझल्को आयो । प्रहरीहरूलाई जिउँदै जलाएको, कुटीकुटी मारेको, खुद्रा व्यापारीको औँला काटिएको घटना दिमाखमा नाच्न थाल्यो । सडकमा गुन्जने भाषण, बर्सने गाली र ढुङ्गामुढा अनि आन्दोलनकारीहरूलाई लघारी लघारी मरणासन्न तुल्याइएका अनेकन दृश्यहरू नाच्न थाले । जति सम्झियो उत्ति त्रासद् परिस्थितिसँग मुकाबिला गर्नुपर्थ्यो । त्यसैले त्यस्ता दृश्य बिर्सन पनि सम्झने क्रमलाई पूर्णविराम लगाउने निधो गरेँ । जसले जे गरे पनि र जे भने पनि एक नेपालीले अर्को नेपालीलाई नै गर्ने हुँदा अगाडि आउने चुनौतीलाई सहर्ष स्वीकार गर्नुको विकल्प नरहेको निधो गर्दै मनलाई थुमथुम्याएँ ।

बेलुकी पख कसैले ढोका ढक्ढकायो, खोलेँ । नयाँ स्वर सुनियो- 'नमस्कार ! अहाँ आचार्यजी छी ?' मैले मुन्टो हल्लाएर सकारात्मक जवाफ फर्काएँ । रामभरोस कापडि भ्रमर सर बजेने अछि भन्दै उनले सुकिलोमुकिलो मान्छेसँग परिचित गराए । फोनवार्ता धेरै पटक भए पनि सशरीर भेट नभएकोले मैले भ्रमरलाई चिनेको थिइनँ । खासमा साझा प्रकाशनको पूर्व अध्यक्ष र प्रज्ञा प्रतिष्ठानको पूर्व प्राज्ञ हुनुभएको हिसाबले नचिन्ने कुरै थिएन । अर्कातिर म साहित्यको पाठकसमेत रहेका नाताले उहाँका साहित्यगत प्रवृतिसमेत ठम्याउने सामर्थ्य राख्दथेँ । केही बेर भलाकुसारी गरियो अनि उहाँकै साथमा जानकी मन्दिर परिसरसम्म पुगियो । त्यहाँ मान्छेको सानोतिनो भीड थियो । सजावटका सामग्री थन्क्याउने, फोहर सफा गर्नेजस्ता कामहरू भइरहेका थिए । कोही भन्दै थियो- 'विधुवा प्रवेश करैक अपवित्र करदेलक ।' अर्काले तुरुन्तै जवाफ फर्कायो- 'देवी-देवता विदुर आ विधुवा, सधुवा सबक खातिर एकसमान अछि । भेदभावक वात इस युग मुताविक नही अछि ।' अर्को समूहमा मन्दिरका पुजारी र महन्थहरूलाई निष्काशन गर्नुपर्ने कुरा हुँदै थियो । त्यसै बीचमा बचाउको अर्को आवाज पनि सुनियो- 'राष्ट्रप्रमुखके खातिर दर्शन वर्जित ठाउँ कोनो नही होइत अछि । बेचारा पुजारी आओर महन्थसभक दोष रत्तिभर नही अछी । दोष

त अराजकतावादी सभक छै । मुठभेटके सम्भावना विचार करके काज करैला परैछै । दोसर वात विरोध सांकेतिकरूपसँ होना चाही, हिंसात्मक कभी नही ।' यस्ता परस्पर विरोधी वाचचित भइरहेका थिए । म केवल श्रोता र दर्शक मात्र थिएँ ।

साइकल, मोटरसाइकल र पैदले यात्रुले जनकपुर शहर ढाकिएको थियो । ट्राफिक प्रहरीको नामोनिसान सडकमा थिएन । सुरक्षाकर्मी कुनै ठाउँमा पनि देखिएनन् । अझ शिवचौकको एउटा दृश्यले लामो समयसम्म मलाई रन्थन्यायो- बीचमा एक धुलाम्मे अधबैंसे हात हल्लाई हल्लाई चिच्याइरहेका थिए- 'ए, तूँ रूक ! तूँ आगा बढ ! तूँ ओत जो आ तूँ यत जो ! तूँ तुफानमे गाडी नहीं हाँक् । हमर बेटासँगमे भेट करवाक बात छै त चला । हमर बेटाक हमर ठीकठाक समाचार सुनादिअ आ हमर आशीर्वाद सेहो सुनादिअ... ।' यसो भनिरहँदा उनले धुलाम्मे हातले आँसु पुछे र भक्कानिएको आवाजमा बरबराइरहे । सडकमा अपर्झट भेटिएका ती पात्र मेरो लेखनीका एक हतियार बन्थे होलान् । मैले थोरै मात्र जानकारी लिन सकें - उनको एक छोरासहितको तीन सदस्यीय सुखी परिवार मधेसको कुनै भूभागमा रहँदो रहेछ । श्रीमान् श्रीमतीको आम्दानीले घर परिवार राम्ररी नै चलेको रहेछ । केही रकम बचाएर राखेका रहेछन् । अचल सम्पत्ति जोडेर सुकुम्बासीबाट प्रमोशन हुने विचारले घडेरी खोज्दै रहेछन् । छोरो स्थानीय बोर्डिङ स्कुलमा दुई कक्षामा पढ्दो रहेछ । एक दिन स्कूलबाट घर फर्कंदा अज्ञात सवारी साधनले किचेर छोरो ठहरै भएछ । त्यसकै शोकले उनी मानसिक सन्तुलन गुमाएजस्ता भएछन् । उनको अस्तव्यस्तताको फाइदा उठाउँदै अज्ञात जत्थाले उनकै उपस्थितिमा श्रीमतीलाई घरमै बलात्कार गरेछ । त्यो बेइज्जत सहन नसकेर उनले रूखमा झुन्डिने विकल्प रोजिछन् । त्यसपछि उनी त्यस ठाउँलाई त्यागी सडकलाई नै सर्वस्व बनाउँदै आएका रहेछन् ।

उनको सडकको गतिविधि नियालेर र वास्तविकता बुझेर मन खल्लो भयो । खानपिन गरी म भ्रमर सरले व्यवस्था गरिदिएको आनन्द होटलको कोठा नं. १०९ मा पसें र निदाउने चेष्टा गर्न थालें । बिहान ३ बजे नै आँखा खुले । सूर्योदयको आगमनसँगै काउन्टरमा पुगें । त्यस रातको त्यस कोठाको भाडा रु. ७५०/- बुझाएर राठोरजीसँग भ्रमर निवासतिर पैदलै लागें । तीन-चार मिनेटमै भव्य भ्रमर निवास पुगियो । त्यहाँ पुगेपछि बोलेरो आयो । त्यसमा चढ्नेहरू भइयो- पूर्व प्राज्ञद्वय डा. रामदयाल राकेश र रामभरोस कापडि भ्रमर, विद्यापति कोशका पूर्व अध्यक्ष अयोध्यानाथ चौधरी, प्रा.डा. पशुपतिनाथ झा, युवा साहित्यकारद्वय रामराजासिंह राठौर र विमलकान्त झा, चर्चित गायक नवीन मिश्र, युवा कलाकार रोहित साह र म । सबैका मोटामोटा झोला थिए । राजविराजमा

नै करुणा झाले मुम्बईमा जाडो नहुने हुँदा जाडोका कपडा धेरै नबोक्न सल्लाह दिनुभएकै थियो । मैले त्यसलाई नै स्वीकारेको थिएँ । त्यसैले सबैभन्दा पातला र सानो झोलो भने मेरै थियो । सानो गाडी भए पनि हडतालले गर्दा चर्को मूल्य तिरेर जनकपुर-दरभङ्गा यात्राका लागि बसियो । एकपछि अर्को गर्दै राठौर, रोहित र म झोलाले ढाकिन पुग्यौं । अरूहरू उमेर र अनुभवले पाका हुनाले पनि झोलाको थिचाइबाट बचेका थिए । त्यस बेलाको असहज यात्रा सबैलाई मुखभरि आएको थियो । आन्दोलनरतहरूकै तारो बनिएला भन्ने त्रास विद्वान्हरूमा नै थियो । मैले मुख खोलें- 'गाडी तोडफोड गर्न तम्सने पनि हाम्रै इष्ट-मित्र, भाइ-भतिजाहरू त हुँदा हुन् नि ?' जवाफमा आवाज आयो- 'आन्दोलनको आँखा हुँदैन । केवल अर्जुनदृष्टि हुन्छ । जो दृष्टिमा पर्छ त्यो कुल्चिन्छ ।' अर्कातिरबाट अर्को बोली फुट्यो- 'फेरि एउटालाई चिने पनि अर्को फटाहा र फासुँल लिएर अघि सर्छ । तिनले विद्वान्-सिद्वान् चिन्दैनन् । आन्दोलनलाई चिन्छन् । त्यसैले सतर्क रहनुपर्छ ।'

गुड्दागुड्दै नेपाल-भारत बोर्डरमा पुगियो । विराटनगरबाट रञ्जुको फोन आयो । नेटवर्क राम्रो नभएकाले राम्ररी कुरा भएन । जे भए पनि साली नानीले सम्झिछिन् भनेर मख्ख पर्दै मोबाइल थन्क्याएँ । केही बेरमै नेपालका सीमा-सुरक्षाकर्मीले सोधपुछ गरे । जवाफमा भ्रमरले भन्नुभयो- 'हामी नेपालका साहित्यकार हौं । साहित्यसम्मेलनमा मुम्बई यात्रामा छौं ।' त्यहाँबाट दुई सय मिटर परको भारतीय सीमा-सुरक्षाबलको रोकावटमा जवाफ दिइयो- हम लोग नेपालके साहित्यकार है । साहित्य-यात्रामे मुम्बई जा रहे है ।' मलाई नेपालका साहित्यकार हौं भनेर परिचय दिँदा बडो गर्वबोध भयो । सबैलाई आफ्नै आफन्त अनुभूत गरें । अब त आफ्नो मुलुकको भूमि पनि छाडिसकिएको थियो । अब जो र जे भने पनि यात्रारत साथीहरू मात्रै थिए । उहाँहरूले नै मलाई मैथिलीमा बोल्न उक्साउनुभयो । म पनि रौसिएँ । मेरो मैथिली बोलाइ र लवजमा अनौठोपन थियो । म खासमा मैथिली भाषामा पारङ्गत छँदै थिइनँ । यात्रा अवधिभर मैले मैथिलीमै संवाद गर्ने कोसिस गरें तर उहाँहरू भने किन हो कुन्नि मसँग नेपालीमा नै वातचित गर्नुहुन्थ्यो । मैले बोलेको मैथिली भाषा र लवज सुनेर नेपालबाहिरका मानिसहरूले मलाई भोजपुरी भाषी भारतीयसमेत भने । मैले सगर्व नेपाली मातृभाषी भएको नेपाली हुँ भनी भ्रम चिर्ने काम गरें । कतिपयले भाषा सिकाइ दिन आग्रह गरे । हिन्दी, मैथिली र अङ्ग्रेजीका विविध वाक्य नेपालीमा अनुवाद गर्नसमेत भने । मैले बोलेका कुरा मोबाइलमा रेकर्डसमेत गरे र केही कुरा बोल्ने कोसिस समेत गरे । भाषा सिकाइको त्यो क्षण छोटो तर स्मरणीय थियो ।

दुई महिनापूर्व सिट रिजर्भेशन गरे पनि अन्य साथीहरूबाट म अलग भएँ

छु । अरू सबैको डिब्बाको सुरुआतमा थियो भने मेरो मात्रै सिट अन्तमा थियो । यात्रा फगत् एक्लै गर्नुपऱ्यो । साथका साथीहरूको नाकमुख देख्न नसकिने ठाउँमा म थिएँ । वाथरूम जाँदा भने साथीहरू गफिरहेको भेटिन्थे । त्यसभन्दा ठूलो पिरलो त्यस बेला आयो जब पेटमा बेस्कन मुसाहरू दगुर्न थाले । त्यो स्वाभाविकै थियो किनभने जनकपुरबाट छुटेपछि तरल पदार्थबाहेक केही खाइएको थिएन । दरभङ्गाामा खाना खाने होटल खोज्दाखोज्दै समय तुरियो । राम्रो र हाम्रो होटल खोज्दाखोज्दै हामी होटलको द्वारसम्म त पुगेका थियौं तर समय खुस्किएको भन्दै केही नखाइकन फर्कियौं । बेलामा होस् नपुऱ्याउँदा सामान्यजनलाई मात्र हैन विद्वान्‌जनलाई समेत समयले पछार्दो रहेछ भन्ने समझ बढ्यो । ट्रेनमा नै सामान किन्न पाइने र खानासमेत अर्डर गरी खान पाइने कुरामा म ढुक्क थिएँ । एक छाक भोकै भए पनि अर्को छाक त पेटभरि खान पाइएला भन्दै थिएँ । पानी र सुख्खा वस्तुहरू बेच्नेहरू आउँदै थिए । पानी नपाइएला कि भनी तीन बोतल किनेर विश्रामस्थानमा ढल्किएँ ।

पटना पुग्दानपुग्दै सयौंका सङ्ख्यामा युवा विद्यार्थी किताब-कापी, झोला लिएर ट्रेनमा छिरे । अरू डिब्बामा के गरे कुन्नि ! हामी बसेको डिब्बामा भने तल-माथि कतै खुट्टा टेक्ने ठाउँ भएन । मेरो सिट माथिल्लो भागमा थियो । त्यसमा पनि 'प्लिज ! इतना जगह दिजिए' भन्दै तीन जनाले चाक अड्याए । 'नो ! नो !' भन्न नैतिकताले दिएन । अझ अर्को स्टेशनमा युवाको लाइन लामै देखियो । हुँदाहुँदा ट्वाइलेटसम्म पुग्न सक्नु युद्ध जितेझैं हुन लाग्यो । कोलाहल उत्ति नै । बाहिर न भित्र कतै कोही कुनै सामान बेच्न आएन । आओस् पनि कसरी ! पाइलो राख्ने ठाउँ थिएन । कमजोर मान्छे आयो भने चेप्पिएर त्यहीं सहादत हुने अवस्था थियो । भोकको सीमा हरायो । पानी त साथमा थियो, पिउन डर लागिरहेको थियो । ट्वाइलेट जाने बाध्यता आयो भने ठिटाहरूको चेपाइमा परेर अधकल्चो हुने निश्चित थियो । अर्कातिर आफ्नो सुत्न पाइने सिटमा मज्जाले बस्नसम्म पाइएको छैन । त्यसमा पनि कसैको 'प्लिज ! कुछ समय' भन्ने आवाजको मारमा परिएला कि भन्ने त्रास जिउँदै थियो । यात्रामा निक्कै कुरा सुनियो । बिहार राज्यको परीक्षा इलाहावादमा राखिएको रहेछ । ती जागिर खान चाहने युवाहरू रहेछन् । उनीहरू त्यसै ट्रेनमा यात्रा गर्न विवश रहेछन् । पटनापछिका स्टेशनमा त कोही पनि चढ्न सकेन । नारा लगाएको ठूलो स्वर सुनियो । ढ्याक्‌ढ्याक् र ढुकढुक पारेर झ्याल नजिकका यात्रुलाई हैरान पारे । अझ झ्यालबाट झोला थुतेर भाग्ने क्रम तीव्र भयो । सामान हराएर बिलौना गर्नेहरूको सङ्ख्या थपिंदै गयो । इलाहावाद कहिले आउला र त्यस भद्रगोलबाट मुक्ति पाइएला भनेर प्रार्थना गर्दैमा बिहानको ३:३० बजेछ । अब भने फटाफट

युवाहरू झर्न थाले अनि टन्न पानी पिएँ । मनलाई र पेटलाई थामथुम पारी निद्रादेवीको शरणमा लम्पसार परेँ ।

बिहानको सूर्योदय आइतबारको थियो । 'गरम, गरम चाय !' भन्दै फेरीवाल आउन थाले । म वाथरूम पुगेर लाइनमा उभिएँ । कतिपय मानिसहरू पेट समाउँदै 'आपत मै हुँ, प्लिज' भन्दै पालो मिच्न खोज्थे । लाजै पचाएर कोसिस गर्नेहरूबाट हार खाँदाखाँदै निकै समय बित्यो । सहनशील र समझदारी नबनूँ बन्नैपर्ने, बनूँ आफैँलाई आपत परिसकेको थियो ! अझ वहस गर्न वा दोहोरो वार्तालाप गर्न भाषा बाधक थियो । आफ्नो कमजोरी प्रदर्शन गरी अरूलाई हँसाउन म चाहन्नथेँ । त्यसैले सङ्केतकै भरमा स्वीकारोक्ति दिने काम गरिरहेँ । बल्लतल्ल छिरियो । सकस बिसाइयो । म आफ्नै स्थानमा धुम्मिएर बसेको थिएँ । राठोरजी आए र भलाकुसारी गर्न थाले । मैले पनि हज्जारौँ मान्छेको भीडमा एक्लै यात्रा गरेको र पेटका मुसाहरूलाई ३६ घन्टासम्म थामथाम थुमथुम पारेको जीवनको पहिलो र अन्तिम घटना भएको बताएँ । उनले पनि ठूलाबडाको ठूलो सोचमा फस्दा यदाकदा यस्तै हुनु स्वाभाविक रहेको बताए । सानोतिनो होटल छनौटमा परेको भए दरभङ्गामै पेट भरिन्थ्यो । ठूलो खोज्दाखोज्दै सानै पनि गुम्यो । फर्कंदाफर्कंदै उनले मेरा लागि पनि खानाको अडर गरिएको बताए । नभन्दै घन्टा दुएकमा खाना आइपुग्यो । थेरै स्वादिलो लाग्यो । भोक मीठो भएकाले नै होला त्यस बेलाको भोजनको स्वाद म कदापि भुल्न सक्दिनँ । सुरुआत खराब भए पनि त्यसपछिको मुम्बई यात्रा सुखद् नै रह्यो ।

हामीले ०६ पुस, सोमबारको बिहानी पख मुम्बईको भूमि स्पर्श गयौं । यात्रा अवधिभर छोडिएका सबै साथी भेटियौँ । कार्यक्रम स्थलसम्म पुऱ्याउन दुईवटा गाडी लागेका रहेछन् । कार्यक्रम स्थल विरार भन्ने ठाउँमा रहेछ । त्यहाँ एउटा होटलमा नेपाली प्रतिनिधि मण्डललाई बेग्लै कोठाको व्यवस्था गरियो । केही कुरा हुँदा 'नेपालके रूम मेँ जाना है' भन्दै मानिसहरू आउन थाले । नेपालीसँग भेटघाट गर्न भनी निकै शुभचिन्तक त्यस कोठामा छिरे । साहित्यिक र व्यक्तिगत कुरा भए तर राजनीतितिर कोही पनि गएन । सबै काम लाइनमै बसेर गरियो । फुर्सदमा नयाँ स्थान घुम्न जाने मन थियो तर हाम्रै व्यवस्थित व्यवस्थापन र सही नेतृत्वको अभावमा मन खुम्चन पुग्यो । प्रौढ स्रष्टाहरू जीवदानी देवी मन्दिरसम्म पुग्नुभएछ । अग्लो डाँडामा रहेको सो मन्दिर पुग्न नेपालको स्वयम्भुनाथ मन्दिर झैं सिँढी चढ्नुपर्ने रहेछ ।

२२ डिसेम्बर अर्थात् पुस ०७, २०७२, मङ्गलबार थेरैले सांस्कारिक पाग र केहीले पगरी (गम्छा) शिरमा लगाएर मैथिली पोसाकमा शोभायात्रा थालनी गरियो । त्यसमा नेपालको प्रतिनिधि मण्डलमा मसमेत मिसिन पुगेँ । देवीदेवताका

प्रतीकस्वरूप स-साना बच्चाहरू कोही महादेव, कोही पार्वती, कोही राधा त कोही कृष्ण बनेर रथमा चढे । यात्रामा विवाह समारोहमा गरिने संस्कारजन्य कार्य, काँधमा बोकिने भारको व्यवस्थापन आदिसमेत थियो । यस्ता अनौठा झाँकीले मैथिली संस्कार अत्यन्त धनी रहेको आभाष मिल्दथ्यो । करिब पाँच घन्टे शोभायात्रा कार्यक्रम स्थलमा आई स्थगित भयो । मञ्चमा हुने कार्यक्रमको औपचारिकता सुरुआत भयो । भौतिकरूपमा व्यवस्थित व्यवस्थापन भए पनि बौद्धिक व्यवस्थापन आलोकाँचोपन देखियो । उद्घोषणको परम्परा भने पुरातन अनुभूत भयो । पेट व्यवस्थापनमा सिलसिलाबद्धता नहुँदा कसैले पेटमा ठेली ठेली खाँदे, कसैले भने टुलुटुलु हेरर चित्त बुझाए । विशेषतः हुलमुलको माहोलमा काम गर्न सक्नेले राहत भेटे । कसैले बोलाउँला र मुख मिठ्याउँला भनी प्रतीक्षामा रहनेहरू हामीजस्ता भने थुक निल्न विवश भए । व्यापक व्यवस्थापनमा यस किसिमको अवस्था देखिनु स्वाभाविक नै भन्नुपर्छ ।

बेलुका ४:३० बजे सम्मान गरिने कार्यक्रम रहेको थियो । मैथिली, हिन्दी, मराठी, उर्दू लगायत एक दर्जन जति विविध भाषा-साहित्यमा कार्य गरेका विद्वान्हरूलाई सम्मानोपाधिले विभूषित गरियो । संस्कृत विश्वविद्यालय, वाराणसीका कुलपति डा. देवनारायण झाको हातबाट मैले पाएको सम्मानोपाधिमा लेखिएको थियो- श्री नन्दलाल आचार्य, (नेपाल) के नेपाली भाषाके क्षेत्र में विशिष्ट योगदानक हेतु 'मिथिलारत्न' सम्मानोपाधिसँ अलङ्कृत कएल जाइत अछि । अति हर्षित भएँ । अझ उनले अनौपचारिक रूपमा नेपाल र नेपालीका बारेमा नेपाली भाषामै प्रश्न राख्दा अति चकित भएँ । उत्तरमा मैले भनेको थिएँ- 'नेपालको राजनीतिको भेउ छिचोल्न त मुस्किल छ तर जनताबीचको अटुट एकता र भाइचाराको सम्बन्ध भने विश्वलाई लोभ्याउने छ । २०७२ को सुरुआतसँगै प्रकृति र परिस्थिति दुवैले नेपाल र नेपाली जनतालाई ठगिरहेको छ । चाँडै निकास निस्केर सौहार्द्रपूर्ण वातावरण हुनेमा हामी सर्वसाधरण आशावादी छौं ।' त्यस हल्लामा उनले के बुझेबुझेनन् मैले दोहोरो कुरा यति मात्र सुनें- 'ठीक छ ! ठीक छ !'

सम्मानको लगतै कवि सम्मेलन सुरुवात भयो । नेपालको तर्फबाट म पनि सानो गजल हातमा लिएर एक कुनामा प्रतिक्षारत थिएँ । मेरो गजल भन्दै थ्यो-

केहेन उजाड जकाँ सुनसान देखैछी
मात्रे पत्थर छै कहाँ भगवान् देखैछी ।
नाम जपिक खाइबला भेलै बुद्धिमान्
भ्रष्ट पदलोलुप मात्रे महान् देखैछी ।
बहुत भेलै विचारके रौदी यत्रतत्र

पैग स्वरक मात्रे यशगान देखैछी ।
दोसरके छिड्की- मारि आगा बडैबलाके
कोहुलका नेपालके दरबान देखैछी ।
पसिनाके मूल्य खोजते खोजते हम त
बडका-छोडका सबके एकसमान देखैछी ।

वाचनका क्रममा करुणा झाले व्यङ्ग्यात्मक छोटो कविताका साथमा मधेस आन्दोलन केन्द्रित कविता सुनाइन् । कविताको विषयवस्तुलाई गाढा रङ दिने खालका दर्शक त्यहाँ थिएनन् । भ्रमरको कवितासमेत राजनीति केन्द्रित छोटै थियो । अयोध्यानाथको कविता भने लयात्मक र शृङ्गार रसयुक्त थियो । अन्य सर्जकले कविता पाठ गर्न नपाउँदा विरसिलो अनुभव गरे । जे भए पनि कवि सम्मेलनमा नेपालको महत्त्वपूर्ण सहभागिता रह्यो । रातभरिजसो वाद्यवादन र गायनका एक से एक कलाकारले प्रतिभा देखाए । भोलिपल्ट पुस ०८ का दिन 'प्रवासी मैथिली आ हुनक गाम' शीर्षकमा अन्तर्राष्ट्रिय सेमिनार भयो । नेपालका तर्फबाट रामभरोस कापडि, डा. रामदयाल राकेश र प्रा.डा. पशुपतिनाथ झाले भाग लिनुभयो । बाँकी हामी दर्शक मात्र रह्यौँ । डा. राकेशले शीर्षकमा प्रश्न उठाउँदै डाइस्पोरिक चिन्तन स्वदेशमा नभई विदेशबाट स्वदेशका लागि व्यक्त गरिने भावना हो भन्ने अनुभव बाड्नुभयो । प्रा.डा. झाले नेपालमा मैथिली भाषा-साहित्य र शिक्षणको विकास सन्तोषप्रद रहेको पुष्टि गर्नुभयो । साथै, कतिपयको मन्तव्य शीर्षकको छेउछाउ पनि पुगेन । कतिपयले मैथिल र मैथिलीलाई प्रेम गर्ने सच्चा मैथिल रहेको वाक्य फुटाए । कोही आफ्नै विज्ञापन गर्न व्यस्त भए । कतिपयले भने साँच्चै बौद्धिक मन्तव्य राखेर ताली पाए ।

त्यसपछि अघिल्लै दिनको गायन, वाद्यवाद्यनको कार्यक्रमलाई निरन्तरता दिइयो । हामीले पनि सकेसम्म साथ दियौँ । सबैभन्दा बढी त राठोरजीले ताली दिए । कम्मर मर्काएर कलाकारलाई ऊर्जा प्रदान गरे । हाम्रा गायक नवीन मिश्र पनि आफ्नो पालो कतिखेर आउला भनेर लाइनमा खडा भए । पर्खंदा-पर्खंदा बिहान २:३० बजे पो उनको पालो आयो । ताली बजाएर उनलाई साथ दियौँ । कलाकार रोहित साहले भने आफ्नो नृत्यकला देखाएर दर्शकको ध्यानलाई नै खिच्ने काम गरे । कार्यक्रम सेलाएकै थिएन । नेपालको पालो सकिनासाथ हामी भने सेलायौँ । लुखुरलुखुर फर्कियौँ र बिस्तराका प्रिय भयौँ ।

बिहानको सूर्य जवान भएपछि मात्र आँखा खुले । बूढाखाले घुमफिरमा निस्किसकेका रहेछन् । हामी युवाखाले समेत योजना बनाउन थाल्यौँ । समुद्र दर्शन, ताज होटल भ्रमण, एलिफेण्टा अवलोकन, पानीजहाज यात्रा आदि ठाउँहरूको नाम आए । यसो गर्दा र उसो गर्दा समय भागिरहेको थियो । बल्लतल्ल

भ्रमणको साइत जुऱ्यो। प्रौढवर्गको पछि युवावर्ग पनि लाग्यौं। विरार रेल्वे स्टेशनमा पुगेपछि नखाएको विषले पिरोल्यो। स्थानीय पुलिसले विमलकान्त झा र मलाई नराम्ररी उल्लू बनायो। जथाभावी थुकेको आरोप थियो। बहस गर्न भाषा बाधक थियो। उसले भनेको नमाने अरू साथीहरूको यात्रासमेत अवरुद्ध हुने निश्चित थियो। धेरै समय नलगाइकनै हामीले सय, सय रुपैयाँ गऱ्यौं। पैसा तिर्न नमान्दा रसिद काट्न तयार भएको पुलिस पाएपछि रसिद नै नदिइकन सुइकुच्चा ठोक्यो। बहस गर्न इज्जतको डरले नदिएको कुरा मित्रवृत्तबाटै सुनियो। कोही घटना सम्झी सम्झी हाँस्न थाले। आफू त उल्लू बनेको मान्छे, लाटै रहँदा जित हुने ठहर गरें। चुपचाप पछिपछि लागें। त्यस बखत मेरो टिकटे साथी बन्नुभएको थियो- डा. रामदयाल राकेश। उहाँले मेरो कानैमा भन्नुभयो- 'अरूलाई पर्दा हाँस्ने मन आफूलाई पर्दा रुन्छ। तिर्नै नपर्ने दण्ड तिरियो। त्यस चुत्थाले दण्डित गरेको होइन, लुटेको हो। जे भो भो मन अँध्यारो नबनाउनुस्। हँसिलो बनाएर हँसिमजाक गर्ने साथीको मुख लोप्र्याइदिनुस्।' मैले मुन्टो हल्लाएरै स्वीकारें।

महाराष्ट्र राज्यमा पर्ने मुम्बई, विरार शहरहरूमा मराठी भाषा बोलिँदो रहेछ। सम्मेलनमा सहभागी भएका जो कोहीले पनि मैथिली भाषामा संवाद गरेको देख्दा र सुन्दा मलाई त्यो माहोल राजविराजभन्दा भिन्न लागेन। अर्कातिर त्यहाँको भौगोलिक बनाबट र वरपरको पहाडी डाँडाकाँडाले त्यो नेपाल नै हो भन्ने लाग्यो। जहाँ पहाडी क्षेत्र देख्यो त्यो नेपाल नै हो भन्ठान्नु मेरो भ्रम मात्र थियो। नेपाल र त्यहाँका पहाडी डाँडाकाँडामा फरक के थियो भने यहाँ पानी रसाउँछ। झरना बग्छन्। त्यसैले रूखबिरुवा मनग्यै हुन्छन्। त्यहाँ भने विलकुलै सुख्खापन देखियो। पानीको अभावले रूखबिरुवा नभएको श्रापित ठाउँ जस्तो आभास भयो। यहाँ मान्छेको वस्ती छ, त्यहाँ वन्यजन्तुको बसोवास पनि विरलै छ। समुद्र किनारमा त ठूला रूख बिरुवा देखिएनन्। फर्निचर लायकको काठ उत्पादन त्यस्ता वनमा सम्भव नै थिएन। तातो हावा थियो। दिउँसो त पङ्खा चलाउनै पर्थ्यो। राती सिरक ओड्ने नामै नलिए हुन्थ्यो। यहाँ नेपालमा कठ्याङ्ग्रिने जाडो छोडेर गएको मान्छे त्यहाँ अनौठो हावापानी पाउँदा चकित भइयो। भोलिपल्ट मुम्बई स्टेशन पुगियो। झोला बिसाएर समुद्र नियाल्न गइयो। ताज होटलको कलाकृतिले चकित तुल्यायो। अझ समुद्र किनाराको मस्जिदमा पुग्दा भने मुस्लिम संस्कृतिका अनौठा कुरा बुझ्न पाइयो। रातको ११ बजे मुम्बई-दरभङ्गा ट्रेन छुट्ने रहेछ। यस पटक भने अन्य साथीहरूसँगै यात्रा गर्न पाइयो। मिलाइजुलाई आनन्दपूर्वकै आइतबार दिउँसो १ बजे राजविराजको भूमि टेक्न भेटियो।

तपेश्वरी -१, उदयपुर, हाल : विषहरिया-४, सप्तरी।

ä ã

# परीदेशको गुलावी रात

**नरेन्द्रराज पौडेल**

उहिले नेपाली समाजमा घरज्वाइँ बस्ने चलन बाक्लै थियो । छोरीमात्रै हुने बाबुआमाले कन्यादान गरेको वरलाई आफ्नै घरको उत्तराधिकारी बनाएर राख्थे । घरज्वाइँको नामले चिनिने ती भाग्यमानी ज्वाइँसाहेब त्यस कुलको खाइनपाइन, बरव्यवहार र इष्टपाहुना सम्हाल्ने अविच्छिन्न उत्तराधिकारीमा गनिन्थे । देउतापितृ बुझाउने, दिवालीगोठधूप चलाउने, सिमेभूमे पञ्छिने, भूतप्रेत मन्छिने हर्ताकर्ता पनि तिनै हुन्थे र नै घरज्वाइँ भनिन्थे ।

समयले काँचुली फेर्दै जाँदा हालको चालमाल भने सनातनी संस्कारबाट खँगारिँदै अर्कै प्रकारमा रूपान्तरित भइदिएछ । नेपाली सासूससुराजति घरज्वाइँ राख्न छोडेर अष्ट्रेलिया, यूरोप र अमेरिकासम्म आफै घरससुराली बन्न तँछाडमछाडको शैलीमा खुर्मुरिँदा छन् । भन्न पनि क्या मजा त लौ । घरज्वाइँको सट्टा घरससुराली । पहिले छोरीको घरमा एक छाक भात खानुहुन्न, दर्याह लाग्छ भन्ने बाबुआमा अहिले ज्वाइँछोरीको डेरामा होस् कि घरमा होस्, ढसमस्स जमेर मीठा-मसिना खानाखजाना लतारेर महिनौं जम्न थालेको पनि दशकौं पो बितिसकेछ । छोरी नातिनीको सुत्केरो उतार्ने, नाती, भाञ्जाको बिहाव्रतबन्ध सम्पन्न गर्ने एकेक निहुँ थपिँदै गर्दछन् जानेहरूका । केही नलागे पास्नी, छेवर, जन्कु, घेवा पनि भ्याउन बेर लगाउँदैनन् । 'तँ चिता म पुऱ्याउँछु' यही न हो समयको तकाजा ? अरूको नाँटीकुटी गर्न छोडौं, आफ्नै खसोखास कुरो गरौं ।

यो लेखोट तयार पार्ने लुखुरे चरिदालाई पनि आदरणीय वरिष्ठ घरससुरो बनेर एक दिन ज्वाइँ डा. दिनेश भट्टराई र छोरी बुलबुल ऐजनको घर क्यालिफोर्निया ट्रेसीमा पाहुना लाग्न पुग्दा अपठ्यारो लाग्नुभन्दा मजा नै बढी भएथ्यो । पुगेकै दिनदेखि पाहुना होइन पूरै रैथाने घरससुरो पो बनिएछ । आफ्नो स्वआर्जित घरबार छोडेर महासागर पारी यति टाढाको संसारमा आएकाले घरका नाति नातिना सम्झिएर निस्ताउलान् भन्दै गएकै दिनदेखि औधी ख्याल राख्ने स्वाभावका डा. दिनेश र बुलुको चौबिस प्रहरको माया ममता र हेरचाहमा दिनहरू बित्दै गए । भर्खर बस्ती विकास भएको ट्रेसीका फराक सडक र पैदलबाटाहरू, ससाना एकतले घरका बुच्कैबुच्का गाउँहरू प्रत्येक बिहान बेलुकी दम्पती नै हल बाँधेर एक झमट घुम्ने गरेका थियौं । घरि यताको सुल्टे

रोड, घरि उताको सिकामोर रोडका सहायक पैदलबाटाहरू खुबै हिँडेछौँ अलि दिनमै । कहिले गन्थन गर्दै पतिपत्नी सँगसगै हिँड्दथ्यौँ र अघिपछि भएपछि भने बेञ्चीमा बसेर आउनेलाई पर्खिने गर्दथ्यौँ । कहिले हिँड्दाहिँड्दै कुरैकुरामा ठाक्ठुक् पर्दा नबोलेरै पनि बाटो पार गरिन्थ्यो । बस्तीको बीच बीचमा सफा फुटपाथहरू वारपार गर्दा नेपाली, भुटानी र पञ्जाबीहरू सरोबरीजस्तो भेटिन्थे । अमेरिकन रैथाने गोरागोरी भने बिहानी पदयात्रामा कुकुर साथ लिएर घुम्दै गर ेका एकाधमात्र भेटिन्थे । हाइ हलो गर्ने उनीहरूको रसिलो बानी हामीलाई आतिथ्य दिने अनुराग जस्तो लाग्दथ्यो । यति हुँदाहुँदै पनि हामीलाई न्याम्रिएलान र होमसिक बन्लान् भन्ने चिन्ताले डा. दिनेश र बुलुले पालैपालो हप्तैपिच्छेजस्तो कतै न कतै नयाँ ठाउँ डुलाउन लैजाने गर्नुहुन्थ्यो । उहाँका नजीकका साथी प्रचण्ड काफ्ले र श्रीमती नीलम काफ्लेका साथमा पनि खुबै घुमेथ्यौँ । सधैँ प्राज्ञिक धपेडी र व्यस्ततामा रमाउने स्रष्टा, द्रष्टा स्वर्गीय घटराज भट्टराईका जेठा छोरा डा. दिनेश भट्टराईमा पनि आफ्ना पिताका धेरैजसो सद्गुणहरू भेट्थेँ मैले । जतिसुकै व्यस्त रहँदा पनि मानवीय सम्बन्ध र सम्पर्क सूत्रहरूलाई कहिल्यै खुकुलिन दिनुहुन्न उहाँले । त्यस्तै बेलाबखत साहित्य, कला, संस्कृति र सङ्गीतमा पनि रुचि प्रकट भइरहन्थ्यो । ख्यालठट्टा, हाँसखेल, पौडी र मनोरञ्जन दिने अरू मानवीय क्रियाकलापमा पनि सधैँ उत्तिकै चासो राख्ने दिनेशजीको क्रियाशील र कर्मठ व्यक्तित्व देखेर छक्कै पर्थ्यौँ हामी दम्पत्ति । चिकित्सक जस्तो जिम्मेवार र औजसिया पदमा दिनरात रहँदा पनि करेसाबारीमा तर्कारी, फलफूल फलाउने कामदेखि साथीसम्पर्क र भेटघाटमा पनि उत्तिकै लागिरहने दिनेशजीको समय व्यवस्थापन, दिनचर्या र बानी व्यहोराले ताजुब पर ेका थियौ ।

अघिल्लो महिना ज्वाइँ अनन्त आचार्य, छोरी नीलम आचार्य र नाति अर्णव आचार्यको नर्थ क्यारोलीनाको ग्रिन्सवरोको निवासमा बिताएका थियौँ । त्यहाँबाट क्यालिफोर्निया फर्किंदाको हवाइयात्रा झनै रोमाञ्चक र भयावह बनेको थियो । दिनभरि अन्धाधुन्ध पानी परेर बादलमाथि सोइसला खेल्दै उडेका थियौँ । टम्मै बादलले ढाकेको सान्स्फ्रान्सिस्को एयरपोर्टमा उत्रिँदा त झन् सातै गएथ्यो तैपनि सकुशल उत्रिएर प्रचण्डजीको गाडीमा टे्सी पुगेका थियौँ । त्यसको चार महिनापछि भिसाको म्याद पुगेकाले घर फर्किने दिन गन्दै थियौँ हामी । वरपरको पदयात्राको दिनचर्या यथावत्  चलेकै थियो ।

'अर्को हप्ता लास भेगास जाने ? तीन दिनको ट्रिप छ ।' एक दिन बिहानैको प्रभाती अभिवादनसँगै दिनेशजीले भन्नुभयो । सुन्दै अलि असमञ्जसमा परेँ । अघिल्लो हप्ता मात्रै बर्क्ले यूनिभर्सिटीक्षेत्र र सान फ्रान्सिस्कोको शहरका चप्पा

चप्पा अनि खाडी एरिया घुमेर फर्केका थियौं । 'काम छोडेर जाने हजुर ? ह्याम्पर हुँदैन यसरी डुली हिँड्दा ?' मैले फ्याट्ट सोधी हालेथें । 'काम गर्नेलाई कहिल्यै केहीले ह्याम्पर हुँदैन, ह्याम्पर शब्द त अल्छीको बाहानाबाजी मात्रै हो ससुरा बा ।' हाम्रा कुरा सधैं ख्यालठट्टाजस्तो चल्दथे । दिनेशजीको त्यो जवाफ आउने मलाई पक्का थियो । आयो पनि त्यस्तै । लास भेगासको लागि टिकट, होटेल सब बुक गरिसकेपछि हामीलाई सुनाउनुभएको रहेछ । सवा घन्टा बोइङ उडाइको बीस डलर भाडा रहेछ । मौका मिलाउनसके सित्तै हवाइ जहाजको सयर गरिने रहेछ अमेरिकामा । जाने बेलामा छोरी बुलुले केही ड्राइफुड, पेस्ता, बदाम झोलामा हालेकी रहिछन् । ज्वाइँ त 'पर्दैन, जहाँ पुग्ला उहीं आगो फुक्ला' भन्दै हुनुहुन्थ्यो । 'प्लेन डिले गऱ्यो भने चपाउन मजा आउँछ' भन्दै थिइन् छोरी ।

ट्रेसी सानफ्रान्सिस्कोबीचको चारपाङ्ग्रे गुडाइ झन्डै एक घन्टाको छ । बाटा लागेदेखि नै हामी मज्जैले गफिँदै गयौ । पछाडि सीटमा बसेकी सावित्री पौडेल भने हाम्रै गफमा हराएकी थिइन् । मचाहिँ गफसँगै ट्रेसी वरपरका टलक्क टल्किने उज्याला घर, हरिया चउर, बदामका फार्म, फराक मलिला टारबारी हेर्दै पनि थिएँ ट्रेसी उपत्यका नाँघेपछि पङ्खे डाँडाबाट उताको लिभरमोर उपत्यकातिर दृष्टि केन्द्रित भए । दुईचार दिन अघिमात्रै लिभर मोरको दक्षिण भारतीय शैलीको विशाल शिवमन्दिर पुगेर दर्शन गरेका थियौं र प्रसादी लिएका थियौं । भारतीय मूलका नरनारीहरूको बेपत्तै भीड लाग्दो रहेछ । हामीले पनि पूजारी र पण्डितसँग निकै बेर संवाद गरेर त्यो भव्य मन्दिरको निर्माण, सञ्चालन र पूजारीबारे जानकारी लिएका थियौं ।

लिभरमोर शहर र उपत्यका नाघेर हामी रूबीहिलको हरियो संसारतिर उक्लियौं । पूर्व पश्चिम लम्वेतान फैलिएको रूबीहिल पहाड विशाাल आयतनको हरितप्रदेश लाग्दछ । थुम्काथुम्कीका लहरमा होचा भ्याञ्जाङ्हरू फेदमा बसेर बिँडी तान्दै र गीत गाउँदै थकाइ मार्न लागेका गोठालाजस्ता लाग्दथे । आफू जिल्ला प्रशासक भएर दोलखा बस्दा डुलेको जिरीमाथिको हनुमाने डाँडाको फराक चउर, पहाडको अनन्त विस्तार अनि मनमोहक हिमाली दृश्य सम्झिएर अलमल्ल परें म यतिबेर । राजा महेन्द्रले भेडा, चौरीगाई अनि उन्नत जातका घोडा पाल्न लगाएर हनुमाने चउरको उपयोग गरेको सुनेको थिएँ । आफू अछाम बस्दा पुगेको खप्तडको हरियालीपूर्ण मैदान र परपरसम्मका ससाना पाटनहरू अनि रामारोसनका रमणीय चउर तलाउहरू झलझली सम्झनामा लुकामारी खेल्दै थिए । भोजपुरको ट्याम्के डाँडा र नयाँ गाउँमाथिका नाँगीहरूमा भेडा, चौंरी र गाईभैंसीको बथान चर्दै गरेका अनि बगालिएकाहरू यताउता दौडिँदै गरेको पनि सम्झिदै थिएँ म । एक पटक टुरमा जाँदा ट्याम्केको मूल

बाटामा आफ्नै घोडालाई भैंसीको बथानले लखेटेर हैरान बनाएको थियो । भोजपुर नयाँ गाउँ माथिका याक्सा र रामारोसन, खप्तडका नारे आकारका ससाना गाइगोठ पनि हामी गुड्दै गरेको रूबीहिलका टाकुरामा फाट्टफुट्ट देखिँदै थिए। परपर फैलिएको यत्ति धेरै बाँझो चउर खनजोत गरेर आलु लगाए अमेरिका पाल्ने गरी फल्छ होला भन्दै थियो मेरा मनले ।

आखाँको डील पुगेसम्म चउरैचउर देखिने रूबीहिलको भञ्ज्याङ काटेर पल्तिर पुगेपछि अर्को शहरी चकाचौंध देखापऱ्यो । मिल्पीटास, सन्निभेल सानहोजेका गगनचुम्बी शहरी बस्तीहरू थाप्लामाथि बोकेर लम्बेतान तेर्सिएको सन्निभेल याने सिल्कभ्यालीमा तलमाथि तलमाथि गर्दै धेरैपटक डुलेका थियौं हामी। एक दिन त्यसै भ्यालीको पल्लो छेउमा पर्ने सानहोजे गुरुद्वारामा सेतोटोपी लगाएर 'वाहे गुरु ?' पुकारा गर्दै वरपर तलमाथि चाहारेका थियौं । शहरी कोलाहालभन्दा निकै पर पर्वतफेदीको एकान्त बस्तीमा रहेको त्यो गुरुद्वारा पञ्जावी सन्तगुरु नानकको आदर्शअनुसार नै शीतल शान्त मनोरम लाग्दथ्यो । त्यहाँ पुगेपछि प्रसादीको रूपमा प्रदान गरिने लक्कडमा सहभागी बन्नुपर्ने भएकाले पन्जावी परिकारको खाना खायौं भोक लागेको बेला। त्यसपछि अलि तल पर्ने जापानी पार्कमा घुमफिर गरेर चाइनीज नयाँ वर्षको महोत्सवमेला हेर्न सान होजेको 'भ्याली फेयर मल'मा पुगेका थियौं । त्यस दिन हामीलाई डुलाउन लैजाने सहयात्री भने निकै फरासिला रसिला दिनेशजीका सँधियार प्रचण्ड काफ्ले हुनुहुन्थ्यो । त्यसअघि पनि एकदिन सान होजेयुनिभर्सिटी पढेका मेरा आफ्नै भतिज शिशिर पौडेलको दीक्षान्त समारोहमा छोरीज्वाइँसहित सहभागी हुँदै विभिन्न कार्यक्रममा सरिक बनेका थियौं । अलि परको माउन्ट भ्यूमा अवस्थित नेपाली रेष्टूराँमा नेपालीले तयार पारेका परिकारहरू उनीहरूकै आतिथ्यमा खानपीन गरेर दीक्षान्त समारोह समापन गरेका थियौं अनि त्यसै दिन सानहोजे युनिभर्सिटी परिसरको मार्टिन लूथर किङ्ग लाइब्रेरीको अवलोकनमा सरिक बनेका थियौं ।

अर्को एक दिन नातिनी सिसमको मार्गदर्शनमा एप्पलको शोकक्ष र बिक्रीकक्षहरू डुलेर सन्निभेल पार्कमा घुमफिर गरेका थियौं । दश वर्ष अघि आफू त्यहाँ घुम्दा अत्यन्त सुग्घर सफा र एकान्तमा रहेको त्यो पार्क अहिले जतातत‍ै अग्ला घर भरिएर साँघुरो सकसमा परेजस्तो लाग्यो । ठूला ठूला माछा, रजहाँस र पोखरीमा बर्सिने धवल फोहोराको सौन्दर्य यथावत भए पनि फराक चउर स्याउ र ओक सल्लाका बोटहरू कतकता हराइ पो सकेछन्। देख्दै मन एकदमै उदास भएथ्यो । म पुरानो सम्झनामा हराउँदै थिएँ । गाडी भने दशपन्ध्र मिनेटको फासलामा प्लेजेन्टेन शहर काटेर सान फ्रान्सिस्को खाडीको पूर्वी भङ्गाला माथि पुलमा गुड्दै रहेछ। उत्तरी प्रशान्त महासागरबाट आएको खाडीको

शीतल हावाले मुसारेको मीठो स्पर्श चाख्दै एयरपोर्ट भित्रियौं । अलि परको भाडाको ग्यारेजमा गाडी राखेर ट्लीमा फर्किएपछि काउन्टरमा पसेर टिकटलाई अपडेट गर्न लाग्नुभयो दिनेशजी । झ्यालबाट देखिने चलायमान मानव गोदाम हेर्दैमा सावित्री अलमल्ल परेकी थिइन् । मचाहिँ पाँच महिनाअघि काठमाडौंबाट जाँदा त्यसै एयरपोर्टको अन्तरराष्ट्रिय बहिर्गमन कक्षमा नेपालबाट लगेका आफ्नै गुन्टाहरू छुट्याउन नसकेर हैरान परेको संभिँदै थिएँ । लगातार आउँदै, नयाँ नयाँ थपिदै गर्ने उस्तैउस्तै आकारप्रकारका हजारौं गुन्टाहरूको त्यो गोदाममा अलग चिह्न राखेको भए पनि आफ्नो नाम भएको गुन्टा चिनेर छुट्याउन सकेनौ । बूढाबूढी नै कस्सिएर लागिपर्दा पनि छुट्याउन नसकेर हैरान परेको बेला प्रा.गोपीकृष्ण शर्माकी नातिनी आस्था आचार्य र उनका पति राजेश भएर खोजतलास गरिदिएको सम्भिएर कृतज्ञता भावमा त्यतै हराएको थिएँ । कथंकदाचित् ती युवादम्पती नभेटेको भए गुन्टा त्यहीँ छोडेर जानुपर्ने अवस्था थियो हाम्रो । छोरीज्वाइँलाई के भन्न जानु अनि ? 'काम सकियो जाउँ भित्र' दिनेशजीले टिकट पासपोर्ट देखाउँदै भन्नुभयो । म भल्याँस्स भएँ । कुन संसारमा डुल्दै रहेँछु भन्ठान्दै उहाँकै पछिपछि उडान कक्षतिर भित्रियौं । पयर्टक उडान भइदिएकोले सामान्यबाहेक हाम्रो खासै चेकजाँच गरिएन ।

युनाइटेड एयरलाइन्सको सानो खैरो जेट हामीलाई पेटभित्र लुकाएर समयमै सुइत्त उड्यो । तल तल हुँदै गएको सानफ्रान्सिस्को खाडी र यताउता भित्रभित्र पसेका चोसे कुना नियाल्दै मुन्तिर भने बर्क्ले युनिभर्सिटीपरिसर र फ्रीमन्टबाहेक एउटै बस्ती शहर देखिएको हैन । अलिअलि गर्दागर्दै थाहै नपाई बीहड जङ्गलको पहाडमाथि चडेर सुइँसुइँ उड्दै गयो हाम्रो जहाज । कताकति हिउँ परेका र कतै खलपत्रे नाङ्गा देखिने चट्टानी पहाडहरूमाथि पो उड्दै गयो जहाज त । ठाउँ ठाउँमा हिँउ जमेका खोल्सा खोबिल्टा र धुस्रेफुस्रे कतै खलपत्रे पहाड, खोच अनि कतै सानातिना भइँघर र पशुपालनका गोठ छाप्राहरू फाट्टफुट्ट मात्र देखिए । निश्चित उचाइ लिएर जहाज तेर्सिएपछि हामी गफमा भुल्दै गयौं ।

चालीस पैतालीस मिनेट उडेपछि अलि टाडैको देब्रे पहाडमा चिरैचिरा परेको जमिनमा भर्भराउदो आगो बलेजस्तो देखियो । नवादा मरभूमिको छेउ भएर जाँदै रहेछौं हामी । कतै रगतमा मुछेको माटो, कतै सिम्रिकजस्तो दैखिने, कतै केसरीको पर्वतजस्तो पहेँलै देखिने, कतै हरियो फुस्रो पठार देखिने नानाथरी रङ्गरोगनका पहाड चट्टानहरूको सङ्ग्रहालय नै रहे नेवादा । अमेरिका भन्ने देशमा यति सुन्दर, यति कुरूप र खतरनाक ठाँउ पनि होलान् भन्ने अन्दाजै थिएन । टुरिष्ट एरिया भएकोले नेवादाका अचम्म लाग्दा अरू अरू ठाउँ पनि हेर्दै जाने सुर थियो तर जहाजले त्यो रूट लिएन बरु ओरालो गति लिँदै हल्लाउन

थाल्यो । काठमाडौं भोजपुर या साँफेबगरतिरको हवाइयात्रा सम्झिँदै थिएँ । बिस्तारै कान ताता र राता भए । हवाइ प्रेसरको गडबँडीले नै मुख सुक्ने, पेट पोल्ने गर्दै थियो । विस्कुट चपाउँदै पानी खाँदै थियौं हामी । सुख्खा डाँडाकाँडा र ढुङ्ग्यान पखेराहरू पार गर्दैजाँदा अलि पर हरियो जमिनमाथि टिलिक्क टल्किने सुन्दर शहर देखा पर्‍यो । प्लेनले उत्ताउलो गति छोडेर धार्जे पाराले एयरपोर्टतर्फ सुँडो सोझ्यायो । 'ओरालो लाग्दा यस्तै हुन्छ हवाइ यात्रामा' भन्दै थियो मेरो प्रौढ अनुभवले । एक वित्ता घाम बाँकी छँदै लसभेगास हवाइमैदानमा उत्रिएका थियौं ।

तल न ओर्लिंदै ट्रली चडेर बहिरङ्ग कक्षतर्फ लाग्यौं । एकैछिन पनि आराम नगर्दै होटेलले पठाएको ट्यक्सी आइपुगेछ । उसलाई भेट्न भनेर ठीक बाटो गयौं भन्दा अर्कै बाटो परेछ । फेरि भइँतला झरेर पारी तर्दै अर्को भऱ्याङ चढ्दा ट्याक्सी भाइ चाहिँ पहिले हामी भएतिर आएछन् । हामी उतातिर जाने उनी हामीतिर आउने । एकछिन त मजै भयो अनि आजित हुँदै हामी भएतिर बोलाउँदा छिनभरमै ट्याक्सी आइपुग्यो । नम्बर यकिन गरेपछि त्यसैमा चढ्यौं । आफ्नै हुस्सु चालामा हामी निकै हाँस्यौं पनि । चालक भाइ झनै हँसिला चाइनिज युवक रहेछन् । हामी बीचको लुकामारीमा उनी अझै बढी हाँसे । सुरुमा रूट नम्बर भुलेर गल्ती गरेका पनि हामीले नै थियौं । त्यसको सजाय पनि हस्याङ-फस्याङ गर्दै तलमाथि वारिपारी दौडिएर मज्जैले भोग्यौं आफैले ।

हामीले बुक गरेको होटेलबाट आएको ट्याक्सीले शहरतिरको गति लियो । यताउता सुनैसुन मणि माणिक्यले सजिएजस्ता देखिने नीला पहेँला गगनचुम्बी भव्य महलहरू हेर्दै गयौं । एक पटक शहरका मुख्यमुख्य भाग घुमाएर होटेल लैजाने चलन रहेछ । अत्यन्त सुन्दर चम्किलो एफल टावर र न्यूयोर्कको जस्तै साबुत लाग्ने स्ट्याचू अफ लिवर्टी शहरको माइलभर वरपर चोकमा देखेर छक्कै पर्‍यौ । कतिवेर साँझ पर्‍यो पत्तै भएन । आकाश जमिन ढाकेकेर झलमल्ल उज्यालो फैलिएको त्यो शहरलाई अभिवादन गर्दै बुक गरेको होटेल टेजर आइल्याण्डमा भित्रिएका थियौं । तीसतले भवनको शिरानमा हामी बस्ने लज रहेछ । तलका कोठा बरन्डा र विशाल हलमा क्यासिनोका ताँती नै देखिने रहेछन् । एकछिन लजमा आराम गरेर बस्यौं अनि थोरै नास्तापानी लिएपछि भिसा पासपोर्ट लिएर क्यासिनो हलतिर लाग्यौं । आफू बसेको घरको ग्राउण्डमा क्यासिनो चलिरहेथ्यो । एकछिन त्यहीं घुम्यौं अनि यता उताका भवनहरूमा पस्दै तमासा हेर्दै गयौं । इटाली, ताइवान, लाओस र अमेरिकन धनाढ्य व्यापारीले बनाएका विशाल टावर र जुवामलहरू एक अर्कासँग आँखा जुधाएर सेखी गरेझैं लाग्दथे । क्यासिनोको खालमा बसेका विविध अनुहार वर्ण र उमेरसमूहका नरनारीहरू मस्तीको चालाले जमिरहेका थिए । खासगरी चालीस

पचास उमेरसमूहका लाग्ने मङ्गोलियन मूलका महिलाअनुहार बढी देखिए जुवा खेल्ने खेलाउने बजारमा । नववर्षको छुट्टी मनाउन अमेरिका तरेका चिनियाँ ताइवानीहरूको भीडम्भीडले त्यसो भएको रहेछ । क्यासिनो खालहरू सधैं अस्तव्यस्त रहने । मालिक कामदार स्वयं आफैं पनि खेल्ने खेलाउने दुवै गर्दा रहेछन् ।

हाम्रैनिरको बेलाजिओ होटेल अगाडिको फराक प्राङ्गणमा निस्किँदा थरी थरी रोमाञ्चक दृश्य देखिँदै थिए । पारी भित्तामा विशालकाय सिंहले पहरा दिए झैं लाग्ने ठूलो आयतनको तलाउमा ड्याङ ड्याङ डरलाग्दो आवाजको विस्फोटनसँगै पानीका फोहरा छुट्दै बर्सिँदै रहेछन् । हामी पनि हतारहतार गरेर फोहोरा झर्ने तलाउको डीलमा उभिँदै दृश्यावलोकन गर्दै रह्यौं । पट्ट पड्किँदै पचास साठी फिटमाथिदेखि पानीका शक्तिशाली फोहारा झर्दै गरेको बेला हल्ला गर्दै रमाउनेको भीड निक्कै बाक्लो थियो । बच्चा बूढा तरुना सबै एकनास उत्तेजित भएर 'हाइ लास भेगास' भन्दै उफ्रिँदै थिए । केही ल्याटिनो र एसिया प्रशान्त क्षेत्रकै मान्छेहरूको बाहुल्य देखिने रमाइलो मेला भन्न सुहाउने त्यो फोहरा पार्कको लामो उभ्याइपछि तलाउको पानीजस्तै शान्त भयो हाम्रो मन पनि अनि रात्रीकालीन पैदल मार्चमा सक्रिय भयौं । थोरै हिँडेर डबलीमा निस्किँदा हाइ लास भेगास भन्दै हत्केला फुक्दै जोडी जोडी बनेका युवतीहरू पुरुष पात्रलाई देख्ने बित्तिकै झ्याप्पै छोपेर जुहीका लहरा झैं लपक्कै बेरिँदा रहेछन् । कपालमा अल्को जुरो बाँधेर फिल्मी स्टाइलको ओभरकोट अनि क्याटवाक शैलीको बूट र नाम मात्रको अधोवस्त्र लगाएका बीस बाइसका हृष्टपुष्ट ती युवतीहरूले एउटा खुट्टाले भइँ टेक्तै अर्को घुँडामाथि सरक्क चढाएर गाला जोड्दै आलिङ्गन गरेको दृश्य पहिले उत्सुकता पूर्वक हेर्दै थियौं तर तिनीहरू हामी भएतिरै आउन थालेपछि यताउता नाम्सियौं । आफूसँगैका सहयात्री नै बढी संवेदनशील र मर्यादायोग्य भएकाले त्यो अफ्ठ्यारो झमेलामा पर्न मिलेन । दिनेशजीले पनि ओल्टेकोल्टे लागेर ती अतिथि प्रिय युवतीको खुला सौन्दर्य बिस्कुनबाट तर्किएर अछुतै बाटो तताउनुभयो । बूढा, युवक केही नभनी च्याप्प समाउँदै प्वाट्ट गाला पड्काएर हत्केलामा म्वाइँ खाँदै र 'हाइ लस भेगास' भन्दै त्यहीं फोटो खिचेर दश दश डलरमा बेच्ने ती मदमस्त सुन्दरीहरू लस भेगासका प्रतिनिधि पात्र या उन्मुक्तिका प्रतीक लाग्दथे । 'काम गरेर खानेछुट त सबैलाई छ नि' भन्दै थियो तिनीहरूको जोधाहा हठी अनुहारले । डबली छोडेर पल्लो किनारातिर जाने आकासे पुल तर्‍यौं अनि चौबीसै घन्टा खुला रहने विशाल मलहरूमा भित्रबाहिर गर्दै भुल्दै गयौं । होटेल लभ, लाओ प्यालेस, ट्रम्प टावर, लक्जर होटेलआदि विशाल जुवा घरहरूको परिसरबाट यताउता घुम्दै

गर्दा अर्कै संसार पुगेको भान भइरहेथ्यो । अलिदिन अघि जुलाई २१ मा सम्पन्न विश्वसुन्दरी प्रतियोगिता आयोजना गर्ने होटेल रिजेन्सी अलि दिन अघि मात्रै माइक टाइसन र फ्लोएडको घमासान बक्सिङ्ग खेल भएको एमजीएम ग्र्याण्ड होटेल फेशन शोको लागि प्रख्यात होटेल ट्रम्प, पप, रक, जाज र अर्केष्ट्राका अनवरत आयोजना भइरहने मिश्रको पिरामिडलाई त्यही उपस्थित गराउने होटेल लक्जर पनि हाम्रो दृष्टिबेधनबाट अछुतो रहन सकेन । कतै पैदल कतै ट्याक्सी लिएर टेनिसकोर्ट, दौड प्रतियोगिताकादेखि पौडीप्रतियोगितासम्मका विश्वप्रसिद्ध रङ्गशालाहरू पनि भ्याएरै पो छोड्यौं । दिन हो कि रात पत्तै भएन । झलमल्ल सुन्दर सुग्घर सफा उज्यालो साम्राज्य फैलिएको छ दूरदूरसम्म । यस्तैमा सहयात्री महिला आवाज कानमा पऱ्यो ।

'हैन, खाना खानुपर्दैन ?' हामीले त खाना खानै बिर्सिएछौं । सावित्रीले सम्झाएपछि हामी अनलाइनबाट इण्डियन होटल खोज्दाखोज्दै हत्तु भयौं । मोबाइलमा एप्स थिच्दा होटल त भेटियो तर नौतलामाथि उक्लिएर कता कता लाग्नु पर्ने रहेछ । लिफ्ट चडेर बरण्डासम्म त निस्कियौं तर ताकेको रेष्टुराँसम्म पुग्ने बाटो भेटिएन फेरि तल ओर्लियौं । मूल बाटोछेउमा सानातिना होटेल रेष्टुराँहरू फाट्टफुट्ट भेटिए पनि सीफुड र नुडल्सहरूको बाहुल्य हुने चाइनीज र कोरियन खाना हाम्रो लागि रुचिकर नभएकोले धेरै दौडधुप गर्नुपऱ्यो । पछि बल्लबल्ल अनलाइनमा खोजेर इन्डिएन रेष्टुराँ फेला परेको थियो । थोरै सब्जी, चपाती र दही लिएर बेलुकीको भोजन बिहानीपख मात्रै सम्पन गरेका थियौं ।

सुत्ने अब भनेर ट्याक्सी पछ्याउँदै बाटा लाग्यौं । ट्याक्सी चालक नानी निकै फरासिली र मीठो अङ्ग्रेजी बोल्दी रहिछन् । उनी हान वंशीय चिनियाँ युवती रहिछन्, बाबुआमा ताइवानमा व्यापार गरेर बस्ने, आफूचाहिँ नयाँ ठाउँमा काम गर्ने भनेर अमेरिका तरेको बताउँथिन् । निकै आत्मीय पाराले मीठा मीठा गफ गर्दै लगिन् उनले बाटोभरि । लस भेगासबाहेक अरू घुम्नुपर्ने ठाउँको कुरा गर्दा खुला यौन व्यापार चल्ने र लागू औषधको कारोबार हुने चार माइल परको अर्को मिनी लस भेगासको प्रसङ्ग निकालिन् । फेरि हाम्रा अनुहार हेर्दै 'तपाईंहरू पक्कै त्यता जानुहुन्न' भन्दै आफैले घुमाउरो निषेध जनाइन् । महिना दिनको समय लिएर अरिजोनाको हूभर डयाम, लेक ताहो, ब्ल्याक रक सिटी, डेथभ्याली नेशनल पार्क आदि नेभादाका प्राकृतिक विचित्रता र अचम्म लाग्दा ठाउँहरू घुम्ने सुझावसहितको फेहरिस्त दिइन् । हामीले नक्सा पल्टाएर हेऱ्यौं, नभन्दै नानीले भने जस्तै विभिन्न ऐतिहासिक धराप र प्राकृतिक रहस्यहरूको खानी नै रहेछ नेभादा । त्यहाँ जाने पर्यटकहरूलाई रिझाउनका लागि पनि अनेकथरी तालीम दिइएको हुनेरहेछ ट्याक्सी चालकहरूलाई । अहिले नै त्यतै गइहाल्नुजस्तो पारिन् तिनले । त्यसैअनुसार अरू पनि लस भेगास र वरपरका पर्यटकीय स्थलबारे

नौला अनौठा जानकारी बाँड्दै नानीले हामी बस्ने होटेल टेजर आइल्याण्ड पुऱ्याएर छोडेकी थिइन् । एकछिन झपक्क निदाउँदैमा बिहानी पो भइसकेछ । भोलिपल्ट पनि सबेरै उठेर पदयात्रामै लागेका थियौं तर बिहान निदाउँदो रहेछ शहर । शान्त, शीतल खुला ठाउँमा जति हिँड्दा पनि रमाइलो मात्रै लग्ने । चोक, पार्क, लनटेनिस र गल्फसेण्टर, दौडका अखाडा कतै बाँकी नराखी खुब घुमियो । विभिन्न थरी खेलकूद, सिनेफेस्टिवल र डब्लुडब्लु एफको मैदानी क्षेत्र पनि बाँकी राखेनौं । लजमा फर्किएर टिकट चेक गर्दा निदाउनु त कता कता एकछिन आराम गर्नसम्म भ्याइने समय बाँकी रहेछ । रातको अनिँदो मौज्दात नै रह्यो । बिहानी घुमाइको थकाइ पनि थोरै थियो । बडो गाह्रोसँग ताउमाउर गर्दै तयार भयौं । तीनचार घन्टा अगि बोलाएर एयरपोर्टको प्रतीक्षा कक्षमा हत्तू बनाएर राख्ने अन्तर्राष्ट्रिय उडानको आडम्बरी प्रचलनले यति बेर रनक्क रीस उठायो । हातखुट्टा फालेर एकछिन त ढलीमली गरियो तर मन भने बाहिर बजारकै रौनकमा रमाएर बरालियो । एक झमट नुहाएर फिटफाट भएपछि लजको हिसाब बुझाउन काउन्टर जानुभयो दिनेशजी । हामी दम्पति होटेल बाहिरको चोकमा उभिएर र मिता हेर्दै थियौं । दिनेशजी निस्कँदैमा ट्याक्सी लियौं र लाग्यौं एयरपार्टतर्फ । अनायास यिनै पङ्क्तिहरू छुत्ती खेल्दै थिए मेरो मुखभरि, मनभरि ।

भोगा न भोक्ता वयमेव भोक्ता :, तपो न तप्तं वयमेव तप्ताः
तृष्णाः न जीर्णाः वयमेव जीर्णाः, कालो न यातो वयमेव याताः

एयरपोर्ट पुगेपछि थाहा भयो आज दिनको खाना नै खाएन छौं । टाढाटाढा देखिने बाँझो बञ्जर भूमिको बीचमा थुपुक्क बसेको गुलाबी शहर लास भेगास आफ्नो गन्तव्यतिर फर्कने बेला झन् झन् मायालु लाग्यो । प्लेन चढेपछि पनि फर्कीफर्की हेर्दै चट्टानी डाँडा काटेर निर्जन जङ्गल र हिउँका पहाडहरू माथिको आकाश नापेर यात्रा तय गर्दै गयौं । सान फ्रान्सिस्को एयरपोर्टमा उत्रिँदा ठ्याक्कै अपराह्नको चार बजेछ तर सम्झनामा भने लस भेगासका भव्य जूवाघर, नीला पहेला, राता बैजनी रङ्गका गगनचुम्बी महल र धपक्क बले झैं लाग्ने परको पहाड र काँडे झारले भरिएका खोंच उपत्यका अनि सुरुङका तस्वीरहरू दिमागमा पत्रैपत्रे रिल बनेर फन्का मारिरहेका थिए ।

बानेश्वर, काठमाडौं ।

ä ã

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1 . https://www.youtube.com/Shabdartha Music SM/
2 . https://www.youtube.com/Shabdartha Prakashan/

# एङ्कोरवाटमा स्वर्गको यात्रा

**बिनोद खड्का**

सेप्टेम्बर २०१६, सिम रिप, कम्बोडिया।

बेलाबेलामा टुर गाइड सान्थीलाई आफ्ना समूहका मान्छेहरू जम्मा गर्न हम्मे हम्मे पर्थ्यो। रामायणको वर्णन सकिएपछि जुन क्षेत्रमा पर्यटकहरू पसेका थिए त्यो एक प्रकारले भुलभुलैयाजस्तो महसुस हुन्थ्यो। यतै चोक उतै चोक, जता पस्यो केही न केही नयाँ देखिइरहन्थ्यो। कला र शिल्पीको अर्को भण्डार थियो त्यो खण्ड पनि। त्यसैले पर्यटकहरू जता पस्यो त्यतैको कलाको भण्डारमा हराउँथे। कोही पर्यटकहरू ढुङ्गामा स्पर्श गरिरहेका हुन्थे। कोही भित्तोको चित्र र मूर्तिभित्र हराइरहेका हुन्थे। कोही भने छेउ कुनो पस्दै फोटो खिच्दै हुन्थे। कसैलाई गर्मीले बेस्सरी थकाइरहेको थियो। त्यसैले कुनै पेटीमा बसेर सुस्ताइरहेका हुन्थे। घामसँग लुकामारी गरिरहेका हुन्थे।

त्यो आधुनिक युगल जोडी फोटो खिच्दैमा व्यस्त थियो। युवती जता पुग्थी त्यतै फोटोपोजमा उभिएकी हुन्थी। युवकलाई फोटो खिच्दैको सास्ती। आमा छोरी पर्यटकहरू फोटो त खिच्थे तर धेरैजसो थकाई मार्दै पसिना पुछ्दैको ठिक्क हुन्थे। मलेसियन मेलिसा कुनो कुनोतिर दौडिदै विभिन्न पृष्ठभूमिमा सेल्फी हानिरहेकी हुन्थी। लाग्थ्यो कि ऊ केही न केही खोजिरहेकी हुन्थी, हतारमा हुन्थी। सान्थीका वर्णनहरूलाई पनि आफ्नो कान दिन भ्याइरहेकी हुन्थी।

एडलेन र उसकी बेलायती साथी काली फोटो पनि खिच्थे र मूर्ति र चित्रहरूमा पनि हराइरहन्थे। मानौं उनीहरू पनि केही न केही खोजिरहेका हुन्थे। मानौं उनीहरूले पनि अनुसन्धानको चस्मा पहिरिएका थिए। कालीले टाउकोमा क्यामेरा बाँधेकी थिई। हातमा भएको मोबाइलले पनि उत्तिकै फोटो खिचिरहन्थी। सेल्फीमा पनि ऊ अगाडि नै देखिन्थी।

किताब काका कुनै कुनामा बसेर किताब भित्रै पसेको हुन्थ्यो। ऊ किताब भित्र आफूले साक्षात्कर गरेको स्थानलाई जोडेर अरू थप ज्ञान वा सूचना बटुल्ने प्रयास गरिरहेको हुन्थ्यो। उसलाई समूहमा 'बुक अङ्कल' अर्थात् 'किताब काका'को नाम दिइसकेका थिए। अर्को एउटा ठिटो पर्यटक थियो ऊ कता हराउथ्यो पत्तै हुँदैनथ्यो। ऊ एक्लै थियो, धेरैबेर हराउँथ्यो र बेलाबेलामा भुल्किनथ्यो। समग्रमा समूहमा सबै पर्यटकहरू रमाइला र मिलनसार थिए। हामीहरू एक आपसमा नजिकिँदै थियौं। एउटा नयाँ सम्बन्धलाई आकार

दिँदै थियौं । सम्बन्धको पनि कुनै आफ्नै भूगोल नहुँदो रहेछ भन्ने बुझ्दै थिएँ म । एडलेन त मसँग अझै नजिक भएकी थिई किनकि ऊ मेरो छिमेकी भइसकेकी थिई । हामी भ्यानमा एउटै सिटमा बस्ने भएकाले छिमेकीजस्तै भइसकेका थियौं ।

एङ्कोरवाटको त्यो भित्री तहमा एकपछि अर्को भरेङ र सिँढीहरू चढ्ने प्रक्रिया निरन्तर चलिरहेको थियो । हामीहरू उकालो चढ्दै थियौं । हाम्रो गन्तव्य अर्थात् माउन्ट मेरु वा ती विशाल मन्दिरहरू उचाइमा अवस्थित थिए । हामीले यात्रा गर्न लागेको हाम्रो लक्षविन्दु 'स्वर्ग' भन्ने स्थान एउटा उचाइमा थियो ।

उकालो लाग्ने क्रममा प्रत्येकपल्ट केही न केही नयाँ कुराहरू भेटिन्थ्यो । मूर्तिहरूको भण्डार नै भेटिँदै थियो । माथिल्लो भागमा ज्यादाजसो बुद्धका मूर्तिहरू देखिए । कतैकतै त बुद्धको प्रार्थनास्थल पनि देखियो । बुद्धको प्रार्थनास्थलमा पहेँला रङका कपडाहरूले बेरिएको वा ढाकिएको देखिन्थ्यो । प्रार्थना गर्ने भक्तजनहरू भने त्यति सारो देखिएनन् । त्यसो त बौद्ध भिक्षुहरू पनि देखेनौं त्यो यात्राको क्रममा । त्यसैले पनि के त्यो बुद्ध मन्दिर नै हो त भन्ने सवालमा शङ्का उत्पन्न हुन्थ्यो ।

गर्मीले बेस्सरी गाँजिरहेको थियो । पसिनाका धाराहरू छुटिरहेका थिए । हावाको एक छिटो भेटिएको होइन । आफैसँग बोकेको पानी पिउँथ्यौं र सिँढीहरू चढिरहन्थ्यौं । जति जति माथि पुग्थ्यौं त्यति धेरै देखिन्थे भित्तोमा टाँसिएका अप्सराहरूका मूर्तिहरू । अप्सराहरूका अनेक अवतारका चित्रहरू पनि देखिन्थ्यो । सायद स्वर्ग पुग्न लागेको सङ्केत थियो । भित्रभित्रै उकालो उक्लदै गर्दा अनायासै हामीहरू फेरि खुल्ला आकाशमुनि अवतरण गर्न पुग्यौं । हामी जहाँ पुग्यौं त्यो भाग खुल्ला थियो । त्यहाँबाट आकाश प्रष्ट देखिन्थ्यो । ढुङ्गैढुङ्गाहरूले छापिएको भूईं थियो । अघि तलदेखि देखिइरहेका मन्दिर तथा गजुरहरू ठ्याक्कै नाकमै ठोक्किने गरी हाम्रै शिरमाथि नै आइपुगेका थिए ।

हामी जहाँ उभिएका थियौं त्यसको माथिपट्टि अर्को एउटा तह देखियो जहाँ ती विशाल मन्दिर वा गजुरहरू विराजमान थिए । हामी जुन तहमा पुगेका थियौं त्यो कुनै फराकिलो चोकजस्तो देखिन्थ्यो । त्यो चोकको वरिपरी लामा सत्तलहरू थिए । वरण्डासहितको होचो पर्खालले घेरिएका थिए ती सत्तलहरू । ढुङ्गाका डण्डी हालिएका ढुङ्गाकै झ्यालहरू पनि लस्करै देखिन्थे । ढुङ्गाका ढोकाहरू, ढुङ्गाकै झ्यालहरू सबै आकर्षक देखिन्थे । सबै प्रस्तुतिहरू कलात्मक थिए ।

चोकको मध्यभागमा एउटा मानव निर्मित चट्टानी पहाड उभिएको थियो । त्यही चट्टानी पहाडमा विराजमान थिए माथिल्लो भागमा अवस्थित मन्दिरहरू । त्यहाँबाट झन्डै पच्चीस तीस फिट जति सिँढीबाट उकालो चढेपछि मात्रै मन्दिरहरू सुरु हुने तह भेटिन्थ्यो । त्यो तहलाई 'स्वर्ग' भनिँदो रहेछ । स्वर्ग मानिँदो रहेछ ।

त्यो तहमा जानका लागि ढुङ्गाका सिँढीहरू रहेछन् । सिँढीहरूको उकालो ठाडो थियो । सिँढीका ढुङ्गाहरू खिइसकेका झैं देखिन्थे । त्यहाँबाट उकालो चढ्दा चिप्लिएर झर्न सक्ने सम्भावना थियो । सायद त्यसैले होला चोकको त्यो दिशाबाट उकालो चढ्न निषेध गरेर छेकबार लगाइएको रहेछ ।

सान्थीले सबैजनालाई एकै ठाउँमा एकत्रित गऱ्यो । त्यो माथिल्लो भाग 'स्वर्ग' हो भनेर बतायो । त्यहाँको बारेमा अरू थप कुराहरू पनि बतायो । त्यही चोकको अर्कोपट्टिबाट स्वर्गतिर उकालो लाग्ने सिँढीहरू भएको बारेमा पनि बतायो । हामी 'स्वर्ग'को यात्रामा छौं भनेर एकपटक स्मरण गरायो । लक्ष्य विन्दुको नजिकै पुगेकाले यात्रीहरूमा एक प्रकारको नयाँ उत्साहको जन्म भयो ।

अगाडि बढ्नु पहिले केहीबेर फोटो सेसन चल्यो । माथिका मन्दिर र गजुरहरूसँग आफूलाई जोडेर फोटो खिच्ने काम पनि भयो । गर्मीले यसरी मायाप्रीति लगाएको थियो कि छोडेर जाने त भनक नै थिएन । त्यो खुल्ला चोकमा त सूर्यदेवले पनि सिधैं झम्टिरहेको भान हुन्थ्यो । पसिनाका धाराहरू निरन्तर झरिरहेका थिए । सायद हामीहरूले एउटा ऐतिहासिक स्थलमा पदार्पण गरेको मूल्य तिरेका थियौं त्यो गर्मी । स्वर्गको यात्रा सहज छैन भन्ने सन्देश पनि थियो होला । थाकेका पर्यटकहरू कतै घाम छेकिने कुनो देखियो कि त्यतैतिर दौडिहाल्थे शीतलताको खोजीमा । सूर्यदेवसँग भागिरहेका थिए, लुकामारी खेलिरहेका थिए ।

अगाडि बढ्दै जाने क्रममा एक ठाउँमा मान्छेहरू लाइनमा उभिएको देखियो । लाइनको व्यवस्थापन गर्न डोरीहरू टाँगिएको थियो । त्यो लाइन स्वर्गको यात्राको लागि लागेको हो भनेर सान्थीले बतायो । हामी पनि जोडियौं त्यो लाइनको पुच्छरमा । घुमाउरो परेको ठाउँ भएकाले हामीले लाइनको मुख चाहिँ अझैसम्म देखेका थिएनौं । केही अगाडि एउटा बोर्ड देखियो । त्यसमा केही लेखिएको थियो । त्यसैले आँखाहरू त्यतैतिर दौडिए । फिका रातो रङको बोर्डमा सेता रङका अक्षर हरू कुँदिएका थिए त्यसमा । त्यो दुई भाषामा व्यक्त भएको थियो । एउटा अङ्ग्रेजीमा, अर्को सायद खमेर भाषामा । गुजुल्टा परेर फिँजारिएका खमेर स्क्रिप्ट निकै सुन्दर देखिन्थ्यो ।

त्यो बोर्डमा लेखिएको थियो 'प्लिज वेट अवाउट थटी मिनेट टु रिच बकन' (Please wait about 30 minute to reach Bakan) अर्थात् बकनमा पुग्नका लागि आधा घन्टा प्रतीक्षा गर । त्यसको अर्थ सिधा थियो कि कम्तीमा पनि आधा घन्टा त प्रतीक्षा गर्नै पर्थ्यो स्वर्गमा जानका लागि ।

एक पटकमा एक सय जनासम्म यात्रीहरू मात्रै माथि अर्थात् स्वर्गमा जान पाउने रहेछन् । सायद माथिल्लो भागमा भीडभाड नहोस् भनेर यात्रीहरूको

सङ्ख्या तोकिएको होला। माथिल्लो भागलाई वकन (Bakan) पनि भनिँदो रहेछ। बकनलाई अति धार्मिक र पवित्र स्थलका रूपमा लिइँदो रहेछ। बकनको भाग ६० स्क्वायर मिटरमा फैलिएको छ रे !

खमेर साम्राज्यको स्वर्णकाल अर्थात् बाह्रौं शताब्दीको सुरुमा भगवान् विष्णुको मन्दिरका रूपमा बनेको त्यो विशाल संरचना आफैमा अर्थपूर्ण थियो। चारकुने आकारको बकनका चार भागमा चारवटा विशाल मन्दिरहरू उभिएका थिए। ती सबैको बीचमा थियो एउटा सबैभन्दा ठूलो मन्दिर। त्यही मन्दिर रहेछ विष्णु भगवान्को मन्दिर। जम्माजम्मी पाँच मन्दिरहरू थिए बकनमा। तिनीहरूको साङ्केतिक अर्थ माउन्ट मेरुको अवस्थिति हो रे ! माउन्ट मेरु अर्थात् सुमेरु पर्वत, देउताहरूको घर। पाँच गजुरहरूको अर्थ पहाडका पाँच चुचुराहरू रे ! पर्खालहरूले अरू पहाडी शृङ्खला र समुद्रको साङ्केतिक रूप बताउँछ रे !

अरू खमेर मन्दिरहरूभन्दा फरक, एङ्कोरवाट पूर्वको सट्टा पश्चिमतिर फर्किएको छ रे ! यात्राको समयमा म दिशाको बारेमा सधैं भ्रमित रहन्छु। त्यसैले त्यो तथ्यलाई मैले भौतिक रूपमा प्रमाणित गर्न सकिनँ। सायद मन्दिर पश्चिम नै फर्किएको होला।

केही अगाडि बढेपछि अर्को उस्तै रङको बोर्ड देखियो। त्यो पहिलोभन्दा अलि ठूलो थियो। त्यसको शिरमा लेखिएको थियो 'बकन रेगुलेसन' (Bakan Regulation) अर्थात् बकनका नियमहरू। यात्रीहरूले पालना गर्नुपर्ने नियमहरू थिए। त्यहाँ सातवटा नियमहरू लेखिएका थिए। पहिलो नियम थियो कि लुगाहरू उचित प्रकारले लगाउ र त्यस स्थानको सम्मान गर। अरू देशका हिन्दू तथा बुद्ध मन्दिरहरूमा पनि सामान्यतया शरीरका भागहरू खुल्ला राखेर प्रवेश दिइँदैन। शरीरको सबै भागहरू छोप्ने आदेश हुन्छ। त्यस्ता नियमहरू मैले श्रीलङ्का, इण्डोनेशिया जस्ता देशहरूमा पनि देखेको हो। कम्बोडियामा पनि रहेछ त्यस्तै नियम।

दोस्रो नियम थियो कि शान्त रहनु अर्थात् होहल्ला नगर्नु। तेस्रो नियम थियो कि बकनको यात्रा गर्ने पासलाई देख्ने गरी लगाउनु। यात्रा सकिएपछि बकनका कर्मचारीहरूलाई फिर्ता गरिदिनु। चौथो नियम थियो पन्ध्र मिनेटभित्र यात्रा वा अवलोकन सम्पन्न गर्नु। पाँचौ नियम थियो आफूलाई स्वस्थ राख्नु वा स्वस्थ महसुस गर्नु। छैटौं नियमले बाह्र वर्षभन्दा कम उमेरका र गर्भवती महिलालाई बकनमा जाने अनुमति थिएन। सायद उनीहरूको स्वास्थ्य सुरक्षाको अवस्थालाई मनन गरेर बनाइएको नियम थियो त्यो। सातौं अथवा अन्तिम नियमानुसार मुटुका रोगीहरूलाई पनि बकन अर्थात् स्वर्गमा जाने अनुमति थिएन। त्यो पनि यात्रीको स्वास्थ्य सुरक्षालाई ध्यान दिएर बनाइएको नियम थियो भन्ने

प्रष्टै बुझिन्थ्यो ।

त्यहाँ एउटा अर्को ठूलो बोर्ड पनि देखियो । त्यो बोर्ड निकै पुरानो भइसकेको महसुस हुन्थ्यो । त्यसमा लेखिएको थियो अप्सरा एङ्कोर भिजिटर कोड अफ कन्डक्ट । जसमा ड्रेस कोडदेखि लगायत अरू धेरै नियमहरू चित्रका साथ उल्लेख गरिएको थियो । त्यस स्थानमा भ्रमण गर्ने जोकोहीले मान्नुपर्ने ती नियमहरूमा केही नियमहरू उल्लेख गर्न लायक पनि थिए । जस्तो कि मोङ्क वा बौद्ध भिक्षुसँग बसेर फोटो खिच्नु मन लागेमा पहिले उसको अनुमति लिनु भनेको रहेछ । एक किसिमले त्यो सामान्य कुरा नै हो । जो कोहीसँग उत्तिकै उसको अनुमतिविना उसँग बसेर फोटो खिच्नु एक प्रकारले असभ्यता पनि हो । यद्यपि त्यहाँको नियमअनुसार महिलाहरूले बौद्ध भिक्षुलाई छुनु हुँदैन रे ! उनीहरूको नजिकै बस्नु पनि हुँदैन रे ! त्यस्तै लेखिएको थियो त्यहाँ तर किन भन्ने कुरोको जवाफ भने देखिएन ।

बच्चाहरूसँग सामान खरिद गर्न वा उनीहरूलाई केण्डी दिन वा पैसा दिन पनि वञ्चित गरिएको रहेछ । त्यस प्रकारका कामले उनीहरूलाई स्कुल जानुको सट्टा माग्ने काममा उत्प्रेरित गर्छ भन्ने मान्यता रहेछ । वास्तवमा त्यो सत्य पनि हो । यदि केटाकेटीहरूलाई सहयोग गर्न मन छ भने आधिकारिक च्यारिटीहरूमा दान गर्नु भनेर पनि लेखिएको रहेछ । मैले झ्वाट्टै सम्झेँ तल बजारमा सामान बेचिरहेका बालबालिकाहरू । यद्यपि उनीहरूले माग्ने काम भने गरेका थिएनन् । उनीहरू व्यापार गरिरहेका थिए ।

सरकारको त्यो नियम सही हो यदि त्यहाँको अर्थव्यवस्थाले वा सामाजिक संरचनाले परिवारमा बाल सदस्यले काम वा व्यापार गर्नुपर्ने अवस्था छैन भने । त्यो नियम सही हो यदि त्यहाँको संविधान र नियम कानुनहरूले बालअधिकार को रक्षा गर्छ भने । उनीहरूको पढ्न लेख्न पाउनुपर्ने अधिकार सुनिश्चित गर्छ भने । कतिपय बालबालिकाहरू पारिवारिक बाध्यताले गर्दा पनि माग्ने पेशा अँगाल्न पुगेका हुन्छन् । पारिवारिक जिम्मेवारी वा बाध्यताकै कारणले स्कुल जान छाडेर आर्थिक गतिविधिमा लागेका हुन सक्छन् । जस्तोसुकै अवस्था भए पनि बालबालिकाहरूको स्कुल जान पाउनु पर्ने हकको पालना गरिनुपर्छ । व्यवहारिक रूपमा लागू गरिनुपर्छ । यो मेरो पनि मान्यता हो ।

लाइनमा जोडिएको अर्को पन्ध्र बीस मिनेटमा नै पुग्यौं सुरक्षा जाँच विन्दुमा । ह्याट फुकालेर टेबिलमा राख्दै थिए पर्यटकहरू । किन फुकाल्दै छन् ह्याट भनेको त त्यहाँ अर्को सानो बोर्ड बसेको रहेछ 'नो ह्याट' भनेर । त्यो सानो बोर्डको पनि सम्मान राख्नै पर्‍यो तर ह्याट चाहिँ फुकाल्नुपर्ने किन होला ? फेरि एउटा अर्को नयाँ अनुत्तरित प्रश्न जन्मियो ।

सुरक्षाकर्मीहरूको कुरा गर्दा हामीले कुनै आर्मी देखेनौं। देख्यौं त सामान्य पहिरनका कर्मचारीहरू र केही प्रहरीहरू। सुरक्षाकर्मीमा दुवै थरी थिए, महिला तथा पुरुष। त्यहाँ शान्ति नै थियो त्यसैले सुरक्षाको जरुरी थिएन। थियो त केवल यात्रीहरूलाई माथितिर पठाउने उचित व्यवस्थापनको। त्यो पनि चुस्त दुरुस्त महसुस हुन्थ्यो।

पर्यटक वा अवलोकनकर्ताहरूलाई माथितिर जानको लागि काठको भरेङ थियो। ढुङ्गाका सिँढीहरूलाई ढाकेर काठको भरेङ बनाइएको रहेछ। सायद पहिले पहिले पर्यटकहरू तिनै ढुङ्गाका सिँढीहरूबाट नै स्वर्गको यात्रा गर्थे होलान्। कालान्तरमा ती ढुङ्गाका सिँढीहरू खिइएर सुरक्षित नभएका कारणले नै होला काठले ढुङ्गाका भरेङहरू छोपिएको। त्यो काठको भरेङ ढुङ्गाकैजस्तो ठाडो, लामो र कहाली लाग्दो थियो। यद्यपि भरेङको दुवै छेउमा फलामको डण्डीको बार थियो। भरेङ फराकिलो भएकाले यात्रीले एक साइडको डण्डीमात्रै समाउन सक्थ्यो। समग्रमा भन्नुपर्दा त्यो आरोहण निकै डरलाग्दो थियो। त्यही भएर मुटु रोगीहरूलाई निषेध गरिएको रहेछ भनेर मैले अनुमान गरे।

यात्रीहरू लस्करै उकालो चढ्दै थिए। मेरो पालो आयो। मैले पनि भरेङ चढ्न सुरु गरें। फुर्तीसाथ उकालो चढ्ने एउटै देखिएनन्। सबै डराइरहेझैं देखिएका थिए। महिलाहरू त पुरुषहरूको तुलनामा अझै डराएको देखिन्थे। कुनैकुनै बेला त उनीहरू छेउको डण्डीको सहारामा थुचुक्कै बसेको पनि देखिन्थ्यो।

ठाडो भरेङ भएका कारणले सिँढीबाट खुट्टा चिप्लिएर तलतिर झरिने हो कि भन्ने भयले हरेक आरोहीलाई सताएको थियो। त्यसैले भरेङको एक छेउमा बसेर फलामे डण्डीलाई समातेर आरोहण यात्रा जारी राख्नुपर्ने हुन्थ्यो। मैले झट्टै सोचें कि त्यो समयमा मान्छेहरू कसरी माथितिर जाँदा हुन् जब त्यहाँ काठको भरेङ थिएन। ढुङ्गाकै सिँढीहरू मात्रै थिए र समाउनका लागि कुनै बार पनि थिएन। म भने छेउको बारमा समातेर एकदमै होसियारीका साथ पाइला माथितिर सार्दै थिएँ। मलाई पनि कतै मेरो जुत्ता चिप्लिने हो कि भन्ने डर लागिरहेको थियो। डरैडरमा म स्वर्गको तहमा पुगें। बकनमा पुगें। माउन्ट मेरुमा पुगें।

माथि बकन वा स्वर्गमा चारवटा चोकहरू रहेछन्। समग्रमा अर्को एउटा विशाल चोक महसुस हुँदो रहेछ। चोकको वरिपरी लामो बरण्डा थियो। लामो पिँढी पनि थियो। ठूला ठूला ढुङ्गाका मोटा मोटा पिलरहरू ढुङ्गाकै छतलाई बोकेर उभिएका थिए। तिनै बरण्डाको छहारीमा टस्याकटुसुक बसेका थिए केही पर्यटकहरू। गर्मीले टिक्न बस्नै नदिने रहेछ जता गए पनि। सूर्यदेवले लखेटेको लखेटै थिए।

ठाउँ ठाउँमा पुनर्निर्माण वा जिर्णोद्धार पर्खिरहेका भत्किएका छानाहरू काठको टेकोमा बसिरहेका थिए। कतै भत्किएको भागलाई छोपेर राखिएको पनि देखियो। सायद वर्षाको पानी पसेर नबिगारोस् भनेर त्यसो गरिएको थियो होला। त्यहाँ भित्रको छोटाछोटा सिँढीहरू पनि खिइसकेका थिए। त्यसैले यात्रीहरूको सुविधाका लागि काठका सिँढीहरू राखिएको थियो । कला कौसलको कुरा त गरिरहनु नै परेन। त्यो त एङ्कोरवाटको हरेक तहमा नै मौजुद थियो। स्वर्गमा नहुने त सवाल नै भएन।

त्यहाँका ढुङ्गे झ्यालहरूबाट तल धर्तीतिरको दृश्यावलोकन गर्नु रमाइलोको एउटा अर्को पाटो थियो। ती ढुङ्गाका झ्यालहरूबाट तलतिर हेर्दा आफू निकै माथिको उचाइमा पुगेको आभास हुन्थ्यो । साँच्चै नै स्वर्गमा नै पुगेजस्तो । निश्चय नै त्यहाँबाट तल धर्तीमा सुन्दर दृश्यहरू देख्न सकिन्थ्यो। त्यो संरचनाको वरिपरी जङ्गलै जङ्गल देखिन्थ्यो, घना जङ्गलहरू। एङ्कोरवाटको तल प्रस्थान विन्दुदेखि माथितिर आउँदै गरेका यात्रीहरूको कमिले लस्कर निकै सुन्दर देखिन्थ्यो। त्यहाँको हरियाली र त्यो संरचनाको भौतिक प्रस्तुति निकै उत्कृष्ठ थियो। त्यसमाथि ती झ्यालहरूले ल्याइरहेको बाहिरको उचाइको मीठो हावाको बयान गरेर साध्य नै थिएन। त्यो शीतलतासँगै सबै थकाईलाई एकैपटक बिसाएको महसुस हुन्थ्यो।

बकनको एउटा भागमा बुद्धको सयन अवस्थाको मूर्ति राखिएको थियो भने कतै बसिरहेका अवस्थाको मूर्तिहरू। बुद्धका मूर्तिहरूलाई पहेँलो रङका वस्त्रहरूले बेरिएको थियो। मैले सोचेँ सायद त्यहाँ पहिले विष्णु भगवान्का मूर्तिहरू थिए होलान् जब त्यो संरचना बनेको थियो। पक्कै थिए तर त्यतिखेर भने थिएनन्। कति रमाइलो हुँदो हो यदि त्यहाँ विष्णु भगवान्को मूर्ति पनि देख्न पाएको भए। आफूले संसारको सबैभन्दा ठूलो हिन्दू मन्दिर एङ्कोरवाट हो भनेर पढेको ज्ञानको सार्थकता पनि निक्लन्थ्यो। मनमनै सोचेँ। यद्यपि मैले त्यहाँ विष्णु भगवान् नै विराजमान भएको देखे मेरा अर्न्तमनका आँखाहरूले।

सन १९९२ मा विश्व सम्पदा सूचीमा दर्ता भएको रहेछ एङ्कोरवाट। बकनमा नै एउटा बोर्ड देखियो जसमा लेखिएको थियो 'जर्मन अप्सरा कन्जरभेसन प्रोजेक्ट'। पुनर्निर्माण वा जिर्णोद्धारको बाटोमा पनि रहेछ एङ्कोरवाट। त्यो पनि विदेशी सहयोगमा। जर्मन सरकार सहयोग गर्दै रहेछ।

एङ्कोरवाटको सबैभन्दा माथि रहेको त्यो स्वर्ग, बकन वा माउन्ट मेरु त्यो दिनको भन्दा पनि जिन्दगीकै एउटा लक्ष्य थियो। सार्थक भयो। एङ्कोर वाटको त्यो विन्दुबाट देखिने चारैतिरका प्राकृतिक दृश्य आफैमा अलौकिक थिए। करिब पन्ध्र मिनेट जतिको समयमा मैले धेरै फोटोहरू खिचेँ। बाहिरी प्राकृतिक

छँटाहरूको रसास्वादन गरेँ । अलिकति थकाई पनि मारेँ । अलिकति शान्तिको महसुस गरेँ । एडलेनले पनि केही फोटोहरू खिचिदिई । सायद ऊ मेरो सेल्फी खिचाइबाट दिक्क भएकी थिई । बकनमा काम सकियो वा हाम्रो समय सकियो । स्वर्गको यात्रा सकियो ।

फर्कने क्रममा म फेरि त्यही विन्दुमा पुगे जहाँबाट भरेङ चढेको थिएँ । भरेङको टुप्पोबाट तलतिर हेर्दा त निकै कहाली लाग्दो अवस्था सिर्जना भयो । ओर्लनै पो सकिँदैन कि जस्तो पो लाग्यो । अघि उकालो चढ्दा पनि डर त लागेकै हो तर त्यति पनि डर लागेको थिएन जति यतिखेर लागिरहेको थियो । त्यो ठाडो भरेङ र त्यो लामो दूरी । मनभित्रैदेखि आत्तियो । यात्रीहरू बडो डर वा भयका साथ पाइलाहरू सारिरहेका थिए । आमाछोरी पर्यटककी छोरी चाहिँ निकै डराएकी थिई । पच्चीस तीस वर्षकी लक्का जवान भए पनि ऊ केटाकेटीजस्तै तर्सिएकी थिई । सिँढीमा बसेर आँखा चिम्लिएर एकएक सिँढी तल सर्दै ओर्लिरहेकी थिई । उसलाई उसकी आमा र अर्को एउटा यात्रीले सहयोग गरिरहेका थिए ।

भरेङको छेउको डण्डीमा समातेर बिस्तारै बिस्तारै अरू धेरै डराएका यात्रीहरू झैं म पनि ओर्लन थालेँ । हरेक पाइलाहरूलाई होसियारीका साथ तल्लो सिँढीमा सार्दै ओर्लिएँ । उक्लिनभन्दा ओर्लिन निकै नै सास्ती भएको थियो । जब चार पाँचवटा मात्रै सिँढीहरू बाँकी रहे तब भने ती बाँकी रहेका सबै सिँढीहरू एकैपटक फड्केर ओर्लिउँ जस्तो अत्यास लागेको थियो ।

सिँढीहरू झरिसकेपछि भने निकै ठूलो शान्तिको आभास भएको थियो मानौं एउटा नयाँ जीवन पाए सरह । एउटा नयाँ विजय मिलेको थियो । फरक्क फर्केर आफै ओर्लिएर आएको भरेङतिर हेरेँ । त्यहाँका सिँढीहरूको सङ्ख्या अर्थात् भरेङको स्टेप गन्ने प्रयास गरेँ । यकिन त छैन तर तीसवटा जति छ कि जस्तो लाग्यो । जाबो तीसवटा जति खुट्किलाहरूले पनि सातो नै खायो ।

म कहिलेकाहीँ आफैसँग सोध्ने गर्छु मान्छे आखिर किन डराउँछ ? अरूसँग ? परिस्थितिसँग ? वा आफू र आफ्नै निर्णयहरूसँग ? आखिर जतिसुकै डराए पनि वा नडराए पनि एक दिन त यो धर्ती छोड्नै पर्छ । एकपटक जन्मिएर यो धर्तीमा आइसकेपछि यो धर्तीलाई छोडेर जानैपर्छ । प्रकृतिको नियमलाई कसैले पनि तोड्न सक्दैन । सम्पत्तिको पहाडै थुपारे पनि नाङ्गै जानुपर्छ, जानैपर्छ । कुनै उमेरमा ढुङ्गामाटो खाए पनि पच्लाजस्तो शरीरले कुनै समय नर म खीर पनि पचाउन नसक्ने हुन्छ । कुनै समय संसार नै बोकेर हिंडौला झैं गर्ने शरीरले कुनै समयमा पुगेर आफ्नै शरीरलाई पनि थेग्न मान्दैन । यी सबै कुराहरूलाई मध्यनजर गर्दा आखिर हामी के कुरासँग डराइरहेका हुन्छौ ? मैले अझैसम्म पनि बुझ्न सकेको छैन । के साँच्चै हामीहरू मृत्युसँग नै डराइरहेका

हुन्छौ त ? जति नै डराए पनि आखिर मृत्युले नै जित्छ । त फेरि हामी किन डर उँछौ । अर्न्तमनभित्र एक्कैछिन् हराएँ अनेक प्रश्नहरूका साथ । पर गएर फर्केर हेरेँ आफू पुगेको स्वर्ग अथवा बकन अथवा माउन्ट मेरु, सुमेरु पर्वत । त्यो चोकदेखि त्यो उचाइसम्म जुन ढङ्गले त्यसलाई पहाडको रूप दिन खोजिएको थियो त्यो आफैमा अद्वितीय थियो, अलौकिक थियो । चट्टानी पहाडको आकार दिन खोजिएको थियो । साँच्ची नै माउन्ट मेरुको संरचना बनाइएको थियो त्यो चोकको बीच भागमा । मान्नैपर्छ ती शिल्पीहरूलाई जसले त्यति सुन्दर संरचना आजभन्दा नौ सय वर्ष पहिले नै तयार गरिदिएका थिए ।

सान्थीले हामीलाई अब तलतिर झर्ने आदेश दियो अर्थात् हाम्रो त्यो दिनको मुख्य यात्रा सम्पन्न भइसकेको थियो । हामीहरू जताबाट माथितिर उक्लिएका थियौँ त्यताबाट झर्ने भएनौँ । हामी त्यसको ठीक विपरीत दिशाबाट झर्न थाल्यौँ । त्यतातिर खासै भीडभाड पनि देखिँदैन थियो । थोरै मान्छेहरू मात्रै त्यतातिरबाट झर्दै थियौँ । त्यतापट्टि त्यति धेरै सिँढी वा चोकहरू पनि थिएनन् । जति सिँढीहरू थिए ती ठाडै थिए, तेर्सो थिएनन् । होशियारीका साथ ओर्लिनुपर्ने हुन्थ्यो । तलतिर झर्नेमा म सबैभन्दा पछाडि थिएँ । मभन्दा अगाडि तीन जना थिए । आमाछोरी पर्यटक र गाइड सान्थी । छोरी चाहिँ अझै बेस्सरी डराइरहेकी थिई । ऊ बेलाबेलामा थुचुक्कै बस्थी । सायद अघि ठाडो भरेङको डरले उसको सातो नै उडाएको थियो । सायद उसका खुट्टाहरू अझैसम्म काँपिरहेका थिए । एकातिर आमा र अर्कोतिर सान्थीले उसका एउटा एउटा हात समाएर उसलाई तलतिर झर्न साथ दिइरहेका थिए । हामीहरू केहीबेरमा नै एउटा खुल्ला चौरमा निक्लियौँ । चौरभन्दा पल्लापट्टि विशाल जङ्गल थियो । सानो कच्ची सडक हाम्रै अगाडि हाजिर थियो । कतैकतै कालोपत्रे सडकको गन्ध पनि मिल्थ्यो त्यो कच्ची सडकको थाप्लोमा । देशको गरिबीको एउटा ग्रामीण अनुहार देख्न सकिन्थ्यो कम्बोडियाको त्यो भागमा । त्यो प्राचीनस्थलमा ।

त्यो खुल्ला चौरमा पनि केही केटाकेटीहरू खेलौना र अरू केही सामानहरू बेच्दै हिँडिरहेका थिए । उनीहरूले हामीलाई पनि केही सामानहरू किनिदिन आग्रह गरे । माथि नै कोड अफ कन्डक्ट पढिसकेका हुनाले हामीहरूले तिनीहरूको सामान किनेनौँ । न त तिनीहरूको सामानमा चासो नै दियौँ । पक्कै पनि तिनीहरू स्कुल जानुपर्छ, स्कुल जान पाउनुपर्छ । बस त्यही स्मरण गऱ्यौँ ।

एङ्कोरवाटको संरचनाको अन्तिम सीमा विन्दुमा नागबेली आकारको पर्खाल वा बार थियो । त्यो धेरै लामो थिएन, केवल साङ्केतिक थियो । दुवैतिरबाट आएको नागबेली स्वरूपले दुई अनेक शिर भएका नागहरूको प्रस्तुतिका साथ द्वारको सङ्केत गरिरहेको थियो । हामीहरू त्यही द्वारबाट बाहिरियौँ । फेरि एकपटक

फर्केर हेरें आफै आएतिर । माउन्ट मेरु अझै सुन्दर र परिष्कृत देखिइरहेको थियो । एङ्कोरवाटको स्वर्ग अझै उज्यालो देखिइरहेको थियो । त्यो प्राचीन सम्पदा आफैमा उत्कृष्ट देखिएको थियो । कसैको लागि विष्णु भगवान्को मन्दिर थियो भने कसैका लागि बुद्धको । इतिहासले हिन्दू धर्मावलम्बीहरूलाई अन्याय गरेको छैन । हिन्दू मन्दिर नै थियो भन्छ । प्रशस्त प्रमाणहरू पनि छन् । मेरो लागि पनि त्यो पूरै हिन्दू सम्पदा नै बनेको थियो ।

त्यो प्राचीन सम्पदाले समयको अन्तरालमा अनेकौं चोटहरू खपेको छ । अनेकौं घाउहरू देखेको छ । युद्धका अनेकौं संस्करणहरू भोगेको छ । बगलका गाउँ र आफै अवस्थित देशमा भएका निहत्था सर्वसाधारणहरूको हत्याको साक्षी बनेको छ । आफैमाथि भएका अनेक आक्रमणका घाउहरू पनि छँदै छन् । ती सबै घाउहरू रहँदारहँदै पनि अनेकौं घाउ झेलेको देश र वस्तीका मान्छेहरूका लागि मलहम पनि बनेकै छ । मेरो आफ्नै विश्लेषण भने यस्तो थियो ।

त्यहाँबाट निक्लनु पहिले सामूहिक फोटो लिने निर्णय गऱ्यौं । त्यो एउटा अनौठो संयोग थियो कि हामी धेरै देशहरूबाट आएका पर्यटकहरू एकै ठाउँमा जोडिएका थियौं । एउटै यात्रामा निक्लेका थियौं । भोलिदेखि त हामीहरू केवल त्यही पुराना फोटो र स्मृतिहरूमा मात्रै जोडिनेछौं । को कता पुग्छ को कता ? एउटै पृथ्वीमा रहेर पनि हामीहरू एक अर्कोदेखि हराउनेछौं । केही फोटोहरू लियौं । खुसी र ती अविस्मरणीय क्षणहरूलाई फोटोहरूमा कैद गऱ्यौं । एङ्कोरवाटको स्वर्गको यात्रालाई समापन गर्दै त्यहाँबाट बिदा भयौं ।

भौतिक शरीर त्यहाँबाट बिदा भए पनि जिज्ञासाका पहाडहरू भने उस्तै चुलिएका थिए । फलानो राजाले बनायो भनेर इतिहासले फलाँके पनि कसका हातले बन्यो भन्ने कुरा इतिहासले नै निलिदिएको थियो । कसका हातहरूले बनायो त्यो प्राचीन समृद्धशाली सम्पदा ? कसरी बनाए उनीहरूले त्यो महान् सम्पदा ? कसरी कुँदिए कला र शिल्पी त्यो महानस्थलको कुनाकुनामा ?

विश्वमा शान्ति छाओस् ।

हाल : कतार ।

ä ã

**http://www. nepalipublisher. com वा**

**http://www. khabarinepal. com को Hotlink वा**

**http://nepalipublisher. com/downloads-vajyanti\dayitwa**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# गोज्याङ्ग्रेको गोवराणसी यात्रा

**माधव पोखरेल 'गोज्याङ्ग्रे'**

नेपाली राजनीति र शिक्षा संस्कृतिको धरोहरको रूपमा रहेको भारतको ऐतिहासिक शहर वाराणसी वास्तवमा म जस्तो गोज्याङ्ग्रेका लागि गोबराणसी नै रहेछ किनभने जुन गल्ली गयो साँढे र गाईले गोब्ल्याएको गोबर मात्रै । यता फर्क्यो साँढे र गाई उता फर्क्यो गोबरको रास । जुन गल्ली पुगे पनि गोबरको गन्धले कहिल्यै मुक्ति पाइएन । वास बसेको नेपाली धर्मशालासमेत गन्धले गोबरमय । अझ नेपाली धर्मशाला रहेको दूध विनायक गल्ली त छाडा साँढे र साँढीहरूको मुख्य किल्ला नै रहेछ । साँघुरो र अँध्यारो गल्ली दोहोरो हिँड्न, फर्कन पनि नसकिने । हजारौं पैदल यात्रीहरूको कुल्चाईले गोबरको रूप रोटी जस्तो भएको । आखिर त्यो रोटीजस्तो गोबरको पाप्रो रोटी पकाउनमै प्रयोग भएको देखियो गोबराणसी यात्रामा ।

नेपालीका लागि गोबराणसी शहर कुनै नयाँ नौलो वा अचम्म लाग्ने ठाउँ होइन । पहिले हरेक प्रकारका शिक्षाको भीक्षा माग्ने ठाउँका रूपमा रहेको गङ्गा किनारको ठगटकीय शहर अहिले आएर गोबराणसीमा परिवर्तन भएकोमा मलाई मात्र होइन यो शहरको अवलोकन गर्ने जो कोहीलाई पनि अचम्म लाग्न सक्छ । गल्ली गल्ली मात्र भएको र ती गल्लीहरूमा पाल्तु हुन् या छाडा रूपमा छाडिएका गाई साँढेहरूको जात्राको रमाइलो भने जताततै देख्न पाइँदो रहेछ । पशुका पति र लक्ष्मीको वास वा भनौं पार्वतीको सँगसँगै शिवजीसमेत भएको ठाउँ भएकोले पनि होला मलाई यो ठाउँको बयान गर्न ध्यान गरेर मनमा रहर लागेर आएको छ ।

गएको २०७३ फागुन १ गते नेपाल साहित्यिक पत्रकार सङ्घको टोलीले मलाई पनि भारतको उत्तर प्रदेशस्थित पुरानो शहर वाराणसी घुम्ने अवसर प्रदान गऱ्यो । म पनि के कम गोज्याङ्ग्रे न परें, मौकामा चौका हाने । २६जनाको जम्बो टोली साँझ साढे सात बजे काठमाडौंको स्वयम्भूस्थित कारखाना चोकबाट नेपाल भारत मैत्री बसमा लागियो वाराणसीको यात्रामा । काठमाडौंबाट नारायणघाट हुँदै नवलपरासीको विभिन्न ठाउँहरू हुँदै रूपन्देही जिल्लाको सुनौली पुग्दा बिहानको चार बजेको थियो ।

भारतीय भन्सार बिहान छ बजेभन्दा अगाडि नखोल्ने भएकोले करिब दुई घन्टा हामी सुनौली नाकामा नाकाबन्दीमा परेर बस्न बाध्य हुनुपऱ्यो । छ बजेपछि हामी त्यहाँबाट बिहानको चिया खाएर बाटो लाग्यौं । साथीहरूको

वाराणसी वा बनारस र मेरो लागि गोज्याङ्ग्रेको गोबराणसीको यात्राभन्दा पनि जात्रा थियो त्यो किनभने म गोज्याङ्ग्रे आफूसँगै बसेको साथी बस रोक्दा तल झरेको पनि थाहा नपाउने र अरूले भन्दा मात्र थाहा पाएँ । साथी नवराज पुडासैनी ज्योत्सनासँगै बसेको थिएँ म तर बस रोकेका बेला साथी कतिखेर झरेर पाँच मिनट जानुभयो मलाई थाहै भएन । पछि बस करिब दुई किलोमीटर कुदिसकेपछि पो थाहा भयो नवराजजी हुनुहुन्न । बस फर्काएर पुन रोकेको ठाउँमा लग्दा त साथी सडकमा दौडिरहेको बसलाई हात उठाएर रोकाउने प्रयास गर्दै हुनुहुन्थ्यो । हामी चढेको बसको सहचालक र कन्डक्टरले पनि सबै यात्रुहरू बसमा चढेकी चढेनन् भनेर हेरेनन् र सोधेनन् पनि । जसका कारण साथी छुट्नु भो र सबैले म गोज्याङ्ग्रे भएको प्रमाणित गर्दै मलाई जिस्क्याउन थाले । कुन बेला म निदाएँछु र नवराजजी बसबाट ओर्लनुभयो मैले पत्तै पाइन ।

नवराजजीलाई लिन हामी फर्केर आयौ र उहाँलाई लिएर हामी पुनः आफ्नो बाटो लाग्यौं । नवराजजी छुट्नुभएको विषयले बसको यात्राभरि मात्र होइन गोबराणसी पुगेपछि पनि चर्चा पायो र फर्किंदा पनि । जाँदा जुन बसमा गएका थियौं फर्कंदा पनि सोही बसमा तीन गते राती दश बजे फर्किएका थियौं । यात्रा रमाइलै भएको थियो गोज्याङ्ग्रेका लागि ।

बनारस यात्रामा रहँदा गङ्गा नदी पारी रहेको काशीका तत्कालीन राजाको दरबार, सङ्ग्रहालय र काशी हिन्दू विश्वविद्यालय परिसर घुम्नुका साथै त्यहाँको नेपाली विषय शिक्षण समितिका अध्यक्ष डा.दिवाकर प्रधान तथा अन्य नेपाली भाषी विद्यावारिधि अध्ययनरत डा.नारायण निरौला (उदयपुर) र भारत सिक्किमकी डा.सिर्जना शर्मासँग परिचय भएको थियो । यसबाहेक नेपालमा स्थायी बसोबास भई बनारसका विभिन्न संस्कृत महाविद्यालयमा प्राध्यापनरत विद्वतवासँग पनि परिचय गर्ने अवसर मिलेको थियो तर केही साथीहरू भने कुशीनगरतिर (बौद्ध गया) लाग्नुभयो । केही साथीहरूले आफ्ना पितृहरूको उद्धारका लागि गङ्गामा श्राद्ध गर्नुभयो ।

बनारसमा प्रवासी नेपालीहरूको बस्ती नै रहेछ । सयौं वर्ष पहिलेदेखि बाजेबराजुकै पालामा अध्ययनका लागि बनारस पुगेको तर पछि बनारसमै रोजगार गर्दै स्थायी बसोबास गरेर बस्नेहरूसँग पनि नेपाली धर्मशालामा भेट भयो । ताप्लेजुङ, पाँचथर, तेह्रथुम, नवलपरासी, गुल्मी, कास्की, स्याङ्जा, धनकुटा लगायतका धेरै जिल्लाका ब्राह्मण सम्प्रदायका विद्यार्थीहरू अध्ययनका लागि गएको तरपछि बनारसमै घरजम गरी बसेको अवस्थामा भेटिएका थिए तर उनीहरू आफ्नो भाषा कनिकुथी बोल्थे । उनीहरूको लवज नै हिन्दी र बनारसी स्थानीय भाषामा जोडिएको थियो ।

मदन शमसेरकी रानी जगदम्बा कुमारीले नेपालबाट गएकाहरूका लागि बास बस्न सुविधा होस् भन्ने उद्देश्यले बनारसको दूध विनायक गल्लीमा नेपाली धर्मशालाका नामले स्थापना गरेको र त्यहाँ एउटा मन्दिर पनि स्थापना गराई पूजापाठ र धर्मशाला हेरचाहको व्यवस्थाका लागि पूजारी र कर्मचारीको व्यवस्थापनसमेत गरिएको रहेछ । धर्मशालामा बास बस्ने खाना खाने प्रबन्ध पनि मिलाइएको रहेछ । यात्रामा रहेको हाम्रो टोलीमा रहेका रोचक घिमिरे, नगेन्द्रराज शर्मा, निनु चापागाई, डि.आर पोखरेल, मोहन दुवाल, गायत्री चापागाईं, मातृका पोखरेल, चेतनाथ धमला, नवराज पुडासैनी, नवराज रिजाल, रामप्रसाद पन्त, ठाकुर शर्मा भण्डारी, बियोगी बुढाथोकी, यादवभटट्राई, रामेश्वर राउत मातृदास, लक्ष्मी भटट्राई, रामसुन्दर देउजा, होमशङ्कर बास्तोला, सुमन पुडासैनी, सूर्यप्रसाद लाकोजु, म गोज्याङ्ग्रे लगायतका सबैको बास र खानपिनको व्यवस्था त्यही धर्मशालामा गरिएको थियो । केही साहित्यकार साथीहरू विराटनगरबाट पुग्नुभएको थियो । लक्ष्मी उप्रेती, गङ्गा सुवेदी, डा.गोपाल भण्डारी, दधिराज सुवेदीलगायतका साहित्यकारहरू भने अन्य ठाउँमा बस्नुभएको थियो ।

'खाइके पान बनारस बाला' भन्ने उखान सुनेको थिए । त्यहाँको पान निकै चर्चाको शिखरमा पुगेको पनि सुनेको थिएँ । म पनि जनकपुरमा जन्मिएकोले पानको स्वाद चाखेको थिएँ । मलाई पनि बनारसी पानको स्वाद चाख्ने रहर लाग्यो र जर्दा पान खाएँ । जनकपुरको भन्दा फरक स्वाद पाएँ । जर्दा हालेको पान भएकोले पानको रस निल्न सकिन र थुक्न खोज्दा लाएको सर्ट र पैन्टमा लाग्यो । कपडा हेर्न नहुने भयो र हतार हतार कोठामा पुगेर कपडा फेरे । अहिले पनि मैले पान खाएँ भने बनारसमा खाएको पानको र कपडा फोहर भएको याद आउँछ र होशियारी पूर्वक पान खान्छु ।

हाम्रो महत्त्वपूर्ण भेटघाट भने बनारसबाट प्रकाशित भइरहेको नेपाली भाषाको साहित्यिक पत्रिका **उदय**का सम्पादक/ प्रकाशक **दुर्गाप्रसाद श्रेष्ठ**सँग भयो । अस्वस्थ्य भएर आराम गरिरहनु भएका श्रेष्ठले बनारसबाट नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर रूपमा **उदय** साहित्यिक पत्रिका प्रकाशन गरिरहनुभएकोले उहाँलाई नेपाल साहित्यिक पत्रकार सङ्घले सम्मानसमेत गरेको थियो ।

नेपाल साहित्यिक पत्रकार सङ्घले बनारसमा अन्तरक्रिया कार्यक्रम राखेको थियो । नेपालका साहित्यिक पत्रकारहरू भेला भएको सो कार्यक्रममा बनारसमा रहेका प्रवासी नेपाली साहित्यकारहरू तथा काशी हिन्दू विश्व विद्यालयमा कार्यरत प्राध्यापकहरूसमेतको सहभागिता रहेको थियो ।

गाईघाट ।

ä ã

# जमुनाको चक्कर र रूपचादाको स्वाद

**रामप्रसाद पन्त**

आज मार्च १४, २०२२, तदनुसार ३० फागुन २०७८ ।

चर्चित समालोचक डा. लक्ष्मणप्रसाद गौतम, निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन', नियात्राकार पवन आलोक र प्रतीक ढकाल, कविहरूः यादव भट्टराई र उमेश राई 'अकिञ्चन' सहित उपन्यासकार शङ्कर भारती र यो पङ्क्तिकार बङ्गलादेशको भ्रमणमा छौं ।

गुल्सन रोडको क्वालिटी होटल । रूम नम्बर ३०३ शुभबिहानी । शङ्कर भारती मस्त निद्रामा हुनुहुन्छ । म उठेर प्रातःकालीन क्रिया पूरा गर्छु र सामान्य योगाभ्यासतिर लाग्छु । तबसम्म शङ्करजीको पनि निद्रा खुल्छ ।

हिजो बङ्गलादेशी मित्रहरूसँग गफिएर साढे एक बजे सुतेका हामीहरूलाई वास्तवमा निद्रा पुगेकै थिएन । त्यसमाथि मजस्तो रातमा दुई । हिजो दिउँसो आएर होटलमा सामान बिसाएपछि एकछिन आराम गरेर अपराह्नतिर घुम्न निस्केका थियौं । बङ्गलादेशका लागि नेपालका कावा राजदूत कुमार राईको अगुवाईमा हाम्रो पैदलयात्रा हाथिर झिलसम्म भएको थियो ।

गुल्सन अर्थात् सुन्दर अनि बास्नादार फूल । त्यसैको नामबाट राखिएको रहेछ त्यस एरियाको नाम । वास्तवमा रहेछ पनि त्यस्तै । सुविधा सम्पन्न, प्रकृतिमैत्री, शान्त र सफा ठाउँ । अर्को शब्दमा भन्दा भीआईपी एरिया । हुन पनि त्यसै एरियामा पर्दा रहेछन् – कुटनीतिक नियोगहरू, सुविधासम्पन्न होटलहरू र धनाढ्यका निवासहरू ।

हो, यस्तै देख्दै थिएँ म पनि । ब्लक बिछ्याइएको फुटपाथबाट हामी अगाडि बढ्दै थियौं । दृष्टिविहीनमैत्री थियो फुटपाथ र लगाइएका थिए, होचा आकारका वनस्पतिका पोथ्राहरू । कतै कतै सरकारी वा गैरसरकारी कार्यालयका गेटहरूमा गाडी भित्रबाहिर गर्दा स्टिलपिलरहरू जमिनमाथिबाट सुलुत्त भित्र छिर्ने र पुनः बाहिर निस्कने गरेको पनि देख्दै थिएँ । यस्तो सिस्टम मैले अमेरिकामा अत्यधिक देखेको थिएँ ।

दिनले विश्राम लिन जति लालायित हुँदै जान्थ्यो, त्यति नै अग्ला भवनहरूमा सजाइएका विद्युत् ग्लोव वा तोरणहरू उज्यालिँदै जान्थे । म देख्दै थिएँ, त्यस्ता केही भवनहरू । मेरो अनुमानमा ती होटलहरू होलान् ! बिजुली बत्तीले झल्झलाकार देखिन्थे ती भवनहरू । कुमारजी सँगसँगै भएकोले आफ्ना जिज्ञासा

मेटाउन मलाई सजिलो भएको थियो। मेरो अनुमानसँग उहाँको भनाइले ठ्याक्कै मेल खायो – हाम्रो दरबारमार्ग वा नयाँसडक जस्तै त रहेछ गुल्सन एरिया।

हामीले लामै पैदल यात्रा गरेछौं । अरूलाई त त्यति धेरै असर परेन, श्रीओमजीका खुट्टा भने अलिअलि सुन्निइसकेछन् । खोच्याएजस्तो पो गर्न थाल्नुभयो । जुत्ता खोलेर हेर्दा त खुइलिइसकेछ कुर्कुच्चाको छाला । पाँच किलोमिटर हिँड्दा यो हालत। लौ भएन, अब त गाडीको व्यवस्था गर्नुपर्‍यो।

कुमारजीले भन्नुभयो– 'हाथीर झिल आई नै सक्यो, हाम्रो गन्तव्य त्यहीँसम्म हुन्छ' अनि प्रतीक्षारत गाडीमा बसेर हामी फर्कन्छौं । भन्दा-नभन्दै देखियो हाथीर झिल। कुमारजी आज्ञा गर्नुहुन्छ– यो हाथीर झिल सात किलोमिटर लामो छ र प्रतिकिलोमिटरमा वारिपारि गर्ने सातवटैपुल पनि छन्। यस झिलमा डुङ्गाहरू चल्छन्। चाहेमा नौका यात्रा पनि गर्न सकिन्छ तर हामीसँग अहिले समय छैन, भएमा पछि कार्यक्रम राख्न सकिन्छ । व्यावसायिक प्रयोजनका लागि सञ्चालन गरिएको हुँदा शुल्क भने महँगो छ– पचास टाका अर्थात् हाम्रो सत्तरी रुपैयाँ।' महँगै भए पनि बाटोको जाम छलेर चाँडो पुग्नुपर्नेहरूका लागि त जलयात्रा उपयोगी नै हुन्छ भन्ने लाग्यो मलाई पनि।

म हेर्दै थिएँ, झिलमाथि तेर्सिएको पक्की पुल, छड्के परेर ठडिएका पिलरको आधारमा अडिएको छ । यस्तै छन् रे झिलमाथि तेर्सिएका अन्य पुलहरूका पिलरहरू पनि । 'यो झिल चिनाउने पुलको विशेषता' यसै भन्दै हुनुहुन्थ्यो कुमारजी ।

हाम्रो आगमनसँगै बङ्गलादेश-नेपाल फ्रेन्डसिप सोसाइटीका साथीद्वारा हामीलाई क्वालिटी होटलमा बहुमूल्य बुकी र खादाद्वारा स्वागत गरेपछि खाएको टिफिनबाहेक हामीले अरू केही खाएका थिएनौं । त्यसपछिको लामो यात्राले हामीलाई थकाई अतिरिक्त भोक पनि जागेर आएको थियो । यसकारण हामी राजदूत कुमार राईको गाडीमा चढेर मोहारवली स्थित 'कावा' होटलमा पुगेका थियौं र रात्रीभोजनमा सम्मिलित भएका थियौं।

यो थियो हाम्रो हिजो अपराह्नको यात्रा।

ooo

आज अर्थात् १४ जुन (३० फागुन) मा सम्पन्न हुने औपचारिक कार्यक्रम ४ बजेमात्र छ। कार्यक्रम स्थल पुग्नका लागि हामीले तीन बजे होटल क्वालिटीबाट प्रस्थान गर्नुपर्नेछ र तयारीका लागि दुई बजेसम्म होटल आइपुग्नुपर्नेछ। तबसम्म हामी स्वतन्त्र छौं तर हामीले सुतेर वा गफ चुटेर समय खेर फाल्ने छैनौं। हाम्रो योजना छ कुनै सपिङ कम्प्लेक्स घुम्ने ।

बङ्गलादेशी साथीहरूको सल्लाहअनुसार हाम्रा लागि उपयुक्त देखिएको

छ– ढाकाकै सबैभन्दा ठूलो सपिङ सेन्टर, जमुना फ्युचर पार्क । त्यो नजिक पनि छ र सुपथ मूल्यको पनि छ । दोस्रो ठूलो मानिएको अर्को सपिङ सेन्टर पनि छ, वसुन्धरा । तर त्यो अलि टाढा छ । नजिकको सबैभन्दा ठूलो कम्प्लेक्स छाडेर टाढा किन जाने ? हाम्रो सहमति रह्यो– जमुना सपिङ सेन्टर अर्थात् जमुना फ्युचर पार्क घुम्ने । जमुना र वसुन्धरा जस्ता नाम भएका ठूला मलहरू मुस्लिम राष्ट्रमा हुनु भनेको संस्कृत भाषा तथा पौरस्त्य सभ्यताको प्रभाव हो भनेर बुझेँ मैले । हो, वास्तवमा दक्षिणपूर्वी एशियाको यो सबै भूमि विशाल भारत वर्षको एउटा अंश त थियो । कुनै समय सम्पूर्ण दक्षिणपूर्वी एशिया र आसियान राष्ट्रहरूसमेत जोडिएर कहलिएको 'भारत वर्ष' अहिले एउटा भारत बनेर खुम्चिएको छ । संस्कृत साहित्यको प्रभुत्व रहेको तात्कालीन अवशेष अहिलेसम्म रहनुमा कुन आश्चर्यको कुरा भयो र ?

ब्रेकफास्ट तयार छ । हामी बसुन्जेल बिहान सात बजेदेखि आठबजेसम्म यसैगरी तयार हुनेछ । आयोजक संस्थाका साथीहरूले हामीलाई बस्ने खाने राम्रो व्यवस्था मिलाएका छन् र यहाँ बस्दासम्म असजिलो नपर्ने गरी समयलाई सकेसम्म सदुपयोग गर्ने प्रबन्ध पनि मिलाएका छन् । यसै अनुसार हामी ब्रेकफास्ट खाएर सपिङ सेन्टर जाँदै छौँ । गाडी प्रतीक्षारत छँदै छ होटल बाहिर – 'मु खान मजलिस' हाम्रा गाइड बनेका छन् । उनकै अगुवाइमा हाम्रो यात्रा अगाडि बढ्छ । हामी गुल्सन रोडबाट रेशम रोड हुँदै मूल सडकमा निस्कन्छौँ र हुइँकिन्छौँ जमुना सपिङ सेन्टरतिर ।

ढाका शहरको मुख्य रोड त चौडा, सफा र हरियालीपूर्ण नै देखिन्छ तर भित्री बाटाहरू साँघुरा र व्यवधानयुक्त देखिन्छन् । एक ठाउँमा बाटोको एक छेउमा लामलस्कर थुप्रिएका थोत्रा गाडी देखिन्छन् । यस्ता काम नलाग्ने गाडीहरू त कतै खाली ठाउँमा लगेर राखिदिए पनि त हुँदो हो ! यसो गरेमा बाटो कुरूप पनि हुने थिएन र यातायात खुल्ला पनि हुने थियो । अर्को ठाउँ देख्छु– बाटो साँघुरो छ, साँघुरै फुटपाथ छ र फुटपाथैभरि रूखहरू ठडिएका छन् । बटुवा हिँड्ने ठाउँ छैन । मलाई थाहा छैन ती रूखहरूको नाम । म अनुमान लगाउँछु ती रूखहरू बढी गुणकारी होलान् ! त्यसै भएर नकाटिएका होलान् ! ती रूखहरूमध्ये मैले एउटा रूखमात्र पहिचान गर्छु कटहर । फेद नदेखिने गरी कति फलेका ती कटहरहरू ! त्यति साह्रो गाँजिएर फलेको कटहर मैले नेपालमा वा अन्य कतै पनि देखेको थिइनँ । ढाकाको त्यो एक ठाउँमा मात्र होइन, अन्यत्र पनि मैले देखेँ त्यसैगरी लटरम्म कटहर फलेको । बहु प्रजननशाली त्यस कटहरको प्रजाति नेपालमा छैन कि क्या हो ?

ढाका शहरमा म्याट्रो रेल चलाउने योजना बुन्दै रहेछ, बङ्गलादेश

सरकार । कतै पिलर ठडिँदै थिए, कतै पट्टी बिच्छ्याइदै थिए । म जापान गएको बेला सुनेको थिएँ– जमिनमुनि चल्ने रेललाई म्याट्रो रेल भनिन्थ्यो र जमिन माथि चल्ने रेललाई मोनो ट्रेन भनिन्थ्यो । कतै भने पीच रोडको एक छेउबाट चल्ने रेल पनि देखिन्थे । तिनलाई ट्राम भनिन्थ्यो । यहाँ मैले सुन्दै छु, म्याट्रो ट्रेनलाई जमिनमाथि पिलरको आधारमा पट्टी बिछ्याएर चलाइने तयारी रहेछ ।

म तर्क गर्छु, भारतले नयाँदिल्लीभरि नै जमिन मुनिबाट म्याट्रो ट्रेन सञ्चालन गऱ्यो भने बङ्गलादेशले पनि त्यसकै सिखो किन नगरेको होला ? मेरो जिज्ञासा समाधान हुन्छ बङ्गलादेशी मित्रहरूबाट– जियोलजिक सर्भेयरहरूले सोयल टेष्ट गर्दा अन्डरग्राउन्ड ट्रेन लाइन बनाउन अनुपयुक्त देखेका रे ! तर नेपालमा जस्तै अस्तव्यस्त झुन्डिएका र गुजुमुज्ज थुप्रिएका विद्युत् तार भने अन्डरग्राउन्ड गरिँदै रहेछन् आगामी दिनमा । यस्तै शब्दपुष्पहरूले सिञ्चित हुँदै थिए मेरा कर्णसस्कुली ।

मेरो दृष्टि पर्छ खर्पनमा । अचम्म लाग्छ, हाम्रा ज्यापू भाइहरूले खर्पनमा सागपात बोकेर हिँडेजस्तै खर्पनमा ग्यालेन बोकेर हिँड्दै छन् एक जना बङ्गबन्धु । अर्का ठाउँमा देख्छु, हाम्रो तराईका दिदीबहिनीहरू जस्तै टाउकामा टोकरी बोकेर हिँडिरहेका छन् । अचम्म लाग्छ, टाउकामा बिँडा पनि छैन । कसरी अडिएको होला टोकरी ? के राखिएको होला टोकरीमा ? गाइड स्पष्ट पार्छन्– 'आँपको चाना, जुन काँचा भएर पनि ज्यादै अमिला छैनन्, केटीहरू अति मनपराउँछन् ।' म सूक्ष्म निरीक्षण गर्छु फुटपाथमा हिँडिरहेका मानिसहरूतिर । बुर्का लगाएका केटीहरू नगण्य देखिन्छन् । बुर्का बङ्गलादेशमा अनिवार्य रहेनछ । करिब आधा घन्टा लाग्छ, हामीलाई जमुना फ्युचर पार्क पुग्न ।

खण्ड खण्ड मिलेर महामण्डप बनेको त्यस सपिङ सेन्टरमा घुम्यौं हामी खुट्टै दुख्नेगरी । त्यो भीमकाय भवन देखेर मलाई २०३० साल अघिको हाम्रो सिंहदरबारको संरचना याद आउँछ । तत्कालीन प्रधानमन्त्री चन्द्र समशेरको निर्देशन तथा कर्णेल किशोर नरसिंह र कुमार नरसिंहको डिजाइन र सुपरीवेक्षणमा पचास लाखको लागतमा दुई वर्ष लगाएर वि.सं. १९६० मा बनी तयार भएको सिंहदरबारमा १७ सय कोठा र ७ चोक थिए भनिन्छ । जुन दरबार, एशियाकै सबैभन्दा ठूलो भवनको रूपमा गणना गरिन्थ्यो र जुन दरबार बनाउनका लागि इटालीबाट मार्बल र बेलायतबाट क्रिस्टल ल्याइएको थियो । त्यसै अनुरूप सात चोक भएजस्तो लाग्यो मलाई जमुना फ्युचर पार्क पनि ।

जब हामी इच्छाअनुसारका सामान खरिद गर्ने क्रममा समूह विभाजित भयौं र गाइडलाई पनि बिर्सियौं, अनि त यादव उमेश र रामको टोली कता हरायो कता । हामी एकपछि अर्को तला चढ्दै गयौं र एकपछि अर्को पसल चहार्न थाल्यौं

तर सुपथ मूल्यका सामान देख्न पाएनौं । लेडिज व्याग पाँच हजार, लेहेङ्गा पाँच हजार, ब्रान्डेड सर्ट चार हजार, साडी दुई हजारदेखि दशहजारसम्म । त्यस मूल्यमा चालीस प्रतिशत थपेर नेपाली रूपैयाँ बनाउँदा त कन्ट्रोल बाहिर पुग्दो रहेछ सामानको दाम । अरू चीजहरूबाट ध्यान मोडेर हामीले यादवजीका लागि कलात्मक लेडिजचुरा खोज्न थाल्यौं । त्यो पनि भनेजस्तो भेटिएन । समय निकै व्यतीत भइसकेको थियो । साथीहरूले पर्खेर बसिरहेका होलान् भन्ने सोचेर हामीले बाहिरिने विचार गर्‍यौं । द्वार खोज्ने क्रममा हामी यो चोकबाट अर्को चोकमा र अर्को चोकबाट अर्को चोकमा पुग्यौं । द्वारहरू त भेटिए तर त्यो कुन दिशाको द्वार हो ! हामी प्रवेश गरेको द्वार हो कि होइन, पत्तो लागेन । प्रवेश द्वार नै थाहा नभएपछि कसलाई सोध्ने र के भन्ने ? प्रवेशद्वारमै पुगको भए त साथीहरू भेटिनुपर्ने, कोही भेटिएनन् । बङ्गलादेशको सिमकार्ड भएको फोन हामीसँग थिएन, हामी हरायौं सपिङ सेन्टरभित्रै ।

मैले जापान भ्रमण सम्झें । म सिन्जुकुको अन्डर ग्राउन्ड सपिङ सेन्टरमा यसैगरी एक घन्टा जति हराएको थिएँ । मलाई छोडेर साथीहरू हिँडिसकेका थिए । धन्न मसँग होटलको कार्ड थियो र त्यसैको आधारमा होटल पुग्न सफल भएको थिएँ । हिँड्दाहिँड्दै असिनपसिन भएको वेला गाडी चालक र हाम्रो जम्काभेट भयो । उनी हामीलाई खोज्न आएका रहेछन् । अनि पो हामीले निकास भेट्टायौं । भोक असाध्यै लागेको थियो । हाम्रा गाइड मु खान मजलिसले होटलवालालाई दिएको समय झन्डै एक घन्टा ढीलो भइसकेको थियो । भोक र प्यासले खुट्टा लडखडाउन थालेका थिए । पेट दोब्रिन थालेको थियो । हातमुख सुकिसकेका थिए । त्यसै भएर हामी हत्तपत्त गाडी चढ्यौं र 'स्टार कवाव' पुग्यौं ।

अहा ! त्यो भोको पेटमा 'रूपचादा' माछाको स्वाद ! बङ्गलादेशप्रसिद्ध नै रहेछ रूपचादा माछा । भोकका कारण मात्र मीठो भएको रहेनछ रूपचादा माछा, साँच्चिकै स्वादिष्ट रहेछ बङ्गलादेशी रूपचादा माछा । हाम्रो ट्राउट माछासँग के तुलना हुनसक्ला र रूपचादाको ? कस्तो सुहाउँदो नाम राखेका बङ्गलादेशीहरूले 'रूपचादा' ।

बङ्गलादेशमा बस्दासम्म हामीले निम्नस्तरको खाना त कहिल्यै खाएनौं तर तुलना गर्नुपर्दा हामीले त्यो दिनको खानाजस्तो रूपचादामैत्री स्वादिष्ट खाना सायद अरू दिन खाएनौं । बङ्गलादेशीहरूले अरू दिन रूपचादा माछा खुवाएनन् र खुवाऊ भन्नका लागि हाम्रो आतिथ्यले पनि दिएन, सायद महँगो भएर होला । दिउँसोको दुई बजेतिर खाना (लन्च) गरेपछि हामी सिधैं क्वालिटी होटल फर्क्यौं ।

चाबेल, काठमाडौं ।

ä ã

# हतारमा हरिद्वार

**विनोद नेपाल**

प्राकृतिक सुन्दरताका दृष्टिले नेपाल संसारमै अद्वितीय छ। हाम्रा धार्मिक, सांस्कृतिक धरोहर तथा सम्पदा लोभलाग्दा छन्। सामाजिक सद्भाव विशिष्ट खालको छ। हामी कहाँ हेरेर नअघाइने सुन्दर एवम् रमणीय प्राकृतिक दृश्यहरू छन्। थुप्रै पवित्र तीर्थस्थल छन् तर पनि 'नजिकको तीर्थ हेला' भनेझै वा भनौं अर्काको मनपर्ने मानवीय स्वभावका कारण पनि हामी आफूभन्दा परका चीजतर्फ आकर्षित हुन्छौं, मन पराउँछौं, त्यहाँसम्म पुग्न, हेर्न लालायित हुन्छौं।

अचेल पर्यटकको रूपमा तेस्रो मुलुकको भ्रमण गर्ने क्रम निकै बढेको छ। यसको प्रारम्भ भने भारत यात्राबाटै भएको हो। नेपालीहरू अध्ययन तथा तीर्थयात्राका लागि भारत जाने प्रचलन निकै पुरानो हो। घुमफिर वा भ्रमण अवलोकनको सन्दर्भमा अहिले पनि हामी खासगरी हाम्रो हैसियतले भेट्ने, भाषाको खासै समस्या नहुने र खुला सीमाना भएको भारतका विभिन्न स्थानमा जाने गर्छौं। तीर्थयात्राका लागि भारत जाने परम्परा त कायम नै छ।

त्यसो त भारत धेरै नेपालीको रोजगारीको थलो पनि हो। भारतका विभिन्न स्थानमा विभिन्न किसिमका पेशा व्यवसाय र मजदुरी गर्ने नेपालीको सङ्ख्या निकै ठूलो छ र भारतबाट नेपाल आई त्यस्तै पेशा व्यवसायमा आबद्ध हुनेहरूको सङ्ख्या पनि निकै ठूलो छ। भारतसँग हाम्रा धार्मिक, सांस्कृतिक पक्षहरू मिल्छन्, चाडपर्व र परम्पराहरू मिल्छन्। तराई-मधेस र भारतीय बीच वैवाहिक सम्बन्ध पनि जोडिएका छन्। पारस्परिकताको यो सम्बन्धलाई हामीले 'रोटीबेटीको सम्बन्ध' भन्ने गरेका छौं। अहिले पनि थुप्रै नेपाली उच्च शिक्षा हासिल गर्न भारतका विभिन्न शहरमा गइरहेकै छन्। स्वास्थ्यउपचारका लागि भारत जाने क्रम पनि कायमै छ। राजनीतिको हकमा त हामी सबैले जानेकै कुरा, भारतको चाहनामै धेरै कुरा हुन्छ र भारत विरुद्धका कुनै पनि कुरा टिक्नै सक्दैनन्। यसैले भारतसँगको हाम्रो सम्बन्ध विविधतायुक्त छ।

भारत हाम्रा लागि शिक्षा आर्जनको एक थलो पनि हो। धार्मिक एवम् शैक्षिक नगरी बनारस यसमा प्रमुख छ। यो कुनै समय नेपालीहरूको शिक्षा आर्जन गर्ने निर्विकल्प थलो नै थियो। सक्नेले आफ्ना छोराहरूलाई अध्ययनका लागि बनारस पठाउँथे। 'काशी' अर्थात् बनारसमा अध्ययन गरेकाहरूले नै नेपालमा विभिन्न उच्च ओहदामा रही काम गरे। हरिद्वार अर्को प्रसिद्ध स्थान हो

जहाँ नेपालीहरू अध्ययनका लागि जाने गर्थे । खासगरी कर्मकाण्डका शिक्षा यहाँबाट प्राप्त गर्ने नेपाली प्रशस्त छन् । बनारस र हरिद्वार दुवै प्रसिद्ध तीर्थस्थल पनि हुन् ।

भारत एक विशाल एवम् विविधतायुक्त देश हो । हिमालदेखि सागरसम्म फैलिएको महादेश नै भन्न सुहाउने भारत भौगोलिक मात्र होइन धार्मिक, सांस्कृतिक तथा सामाजिक दृष्टिले पनि विविधतायुक्त छ । भारतमा थुप्रै धार्मिक एवम् पर्यटकीय स्थलहरू छन् । नयाँ नयाँ स्थानहरूलाई पर्यटकीय केन्द्रको रूपमा विकास गरिएको छ । बर्सेनी लाखौं पर्यटक भारतको भ्रमण गर्छन् र पर्यटनले भारतको अर्थतन्त्रमा ठूलो योगदान गरेको छ । हामी पनि भारतको भ्रमणमा लालायित हुन्छौं । यस्ता भ्रमणमा एकातिर हाम्रो धार्मिक आस्थाले काम गरिरहेको हुन्छ भने अर्कोतिर घुमफिरकै लागि भारत जानेहरूको सङ्ख्या पनि प्रशस्त छ यद्यपि कतिपय अवस्थामा थिचिनु मिचिनुपरेको वा विभेदपूर्ण व्यवहार भएको अवस्था पनि नभएको होइन तथापि हामी यस्तो अवस्थितिमा छौं कि धार्मिक रीतिरिवाज, सांस्कृतिक परम्परा र पारिवारिक सम्बन्धका कारण पनि जतिसुकै चित्त नबुझे पनि हामीले भारतसँग भिन्न खालको सम्बन्धको कल्पना नै गर्न सक्दैनौं ।

घुमफिरकै लागि भारत नगएका हामी पहिलोपटक २०७४ सालको प्रारम्भमा एउटा घुमन्ते समूहमा मिसिइ पन्ध्र जनाको टोली बनेर धार्मिक पर्यटकका रूपमा वैष्णोदेवी, अमृतसर, मथुरा वृन्दावन, आगरा र दिल्लीको दश दिने भ्रमणमा गएका थियौं । त्यस समयदेखि नै भारतका अन्य स्थानमा पनि पुग्ने योजना बनिरहेपनि समय र साथ मिलेको थिएन । यी सबै तारतम्य मिलेपछि भारतको उत्तराखण्ड राज्यका धार्मिक एवम् पर्यटकीय क्षेत्रको भ्रमणमा निस्केका हामी २०७५ साल चैत ११ गते बिहान ९.३० बजे मसुरी पुग्यौं ।

यात्रा भनेकै केही हेर्न, देख्न बुझ्नका लागि हो, रमाउनका लागि हो । अझ विशुद्ध भ्रमण र दृश्यावलोकनका लागि गरिने यात्रामा त झन् गजब हुन्छ, आँखाहरू देखिने भन्दा पर पनि हेर्न खोज्छन् अग्ला पहाडलाई नाघेर । जब कतै भ्रमणमा भइन्छ, त्यतिखेर आकाश खुल्दा खुल्छ, हौसिन्छ, आकाश धुम्मिदा धुम्मिन्छ मन तर विडम्बना आज मौसम राम्रो छैन । आकाश कालो बालदले ढाकेको छ । परपरको त के कुरा त्यहीं तल भर्खरै आफूले छाडेर आएको देहदुन उपत्यका पनि कुहिरो र तुवाँलोको चपेटामा परेको छ ।

गाडी अड्याएर हामी फटाफट ठाडो उकालो लाग्छौं । उचाइमा पुग्छौं । मसुरीकै सबैभन्दा पुरानो स्थान लाग्छ त्यो जहाँबाट उत्तर र पश्चिम तर्फका परपरसम्मका दृश्य देख्न सकिन्छ । त्यहाँ सन १८४५मा स्थापित कन्भेन्ट अफ

जिसस एण्ड मेरी विद्यालय रहेछ । अर्कोतिर गुरु नानक विद्यालयतर्फ जाने सडक सङ्केत छ । वरपरको चहलपहल हेर्दै भुल्छौं र हामी मौसम खुला होस् भन्ने कामना गर्छौं तर मौसम खुल्दैन ।

पर्यटकीय यात्रामा जहाँ पुगिन्छ त्यहाँका धेरै कुरा हेर्न देख्न र बुझ्न पाइयोस् भन्ने लाग्छ । न आँखा थाक्छ, न पैतालाहरू नै, समय कति खेर फाल्न मन लाग्दैन । म त भोक र निद्रा नै पनि बिर्सन्छु नयाँ ठाउँमा पुग्दा । कतै हिँडी मात्र रहुँ जस्तो लाग्छ, आँखा झिमिक्कै नगरौं जस्तो लाग्छ । भेटिएका मानिससँग केही कुरा सोधिहालुँ, बुझिहालुँ जस्तो लाग्छ र त्यस्तो कोसिस पनि गर्ने गर्छु । यसो गर्दा केही न केही नयाँ कुरा थाहा पाइन्छ,केही कुरा बुझिन्छ ।

हामी माथि डाँडाबाट परपरसम्म नियाल्ने कोसिस गर्छौं तर मौसम तगारो बनेको छ अघिदेखि नै र स्पष्ट नदेखिए पनि जे र जहाँसम्म देखिन्छ, त्यसमा चित्त बुझाउँछौं । दैनिक हजारौं पर्यटक पुग्ने मसुरीमा हामीजस्तै अरू पनि छन् उचाइबाट परपरसम्म देख्ने, सम्भवतः हिमाल हेर्ने लालसामा पुगेका तर मौसमले सबैलाई निराश बनाइदिन्छ । दक्षिणतिरको भित्तामा भित्तै भरी घर छन् । यहाँ पार्किङ व्यवसाय निकै राम्रो रहेछ भन्ने लाग्छ हामीलाई अग्ला अग्ला घरमा राखिएका गाडीहरू देख्दा । मसुरीबाट हेर्दा चन्द्रागिरी, फूलचोकी वा शिवपुर ीबाट काठमाडौं उपत्यका जस्तै देखिनेरहेछ देहरादून । अर्को तुलना तानसेनबाट देखिने माडीफाँट जस्तो लाग्नेरहेछ त्यो । तर मौसमको कारणले गर्दा हामी धीत मारेर हेर्न र चाहेझैं प्रस्ट तस्वीर लिन असमर्थ हुन्छौं । त्यसपछि ओरालो ओलिई हामीले मसुरीका ऐतिहासिक एवम् पर्यटकीय स्थलहरूको खोजी र अवलोकन गर्न थाल्यौं । चर्च, मन्दिर आदि हेऱ्यौं । यो अङ्ग्रेज शासकहरूले गर्मीमा विश्राम गर्ने अर्थात् गर्मी छल्न जाने अर्को एउटा चर्चित स्थान हो भारतको । यता नैनीताल अनि उता दार्जिलिङ पनि 'हिल स्टेशन'कै रूपमा विकास गरिएका विश्रामस्थल हुन् अङ्ग्रेज शासकका पालाका । यहाँका पुराना घरहरू, हेर्दा सबै बेलायती शैलीका जस्ता लाग्छन् ।

उहिले युवावस्थामा निकै हेरिन्थ्यो चलचित्र । नेपाली दुर्लभ थिए, हिन्दीकै बाहुल्य थियो । फेरिनासाथ हेरिन्थ्यो । पछि जब 'भिडियो' आयो कुनै कुनै शनिबार त लगातार तीन 'सो' सम्म हेरिन्थ्यो । २०३७/ ३८ सालको कुरा, भर्खर भर्खर भिडियोको चलन आएको थियो त्यतिबेला । बिदाका दिन बिहान खाना खाइवरी पसेको साँझको खाना खाएर फर्कने गरी कोठाबाट निस्किइन्थ्यो । तीन रुपियाँ तिरेर कतै बेन्चमा, कतै बोरा र गुन्द्रीमा बसेर हेरिन्थ्यो हिन्दी चलचित्रहरू जसका पहाडी दृश्यका छायाङ्कन खासगरी सिमला, नैनीताल र मसुरीका हुन्थे । त्यहाँका दृश्य देख्दा अत्यन्त सुन्दर लाग्यो र आहा ! भनिन्थ्यो ।

पछि चलचित्र मोहबाट मुक्त भइयो । भिडियो र चलचित्र घरहरूमा गरी झन्डै डेढसय हिन्दी चलचित्र हेरेपछि कथा नै दोहोरिन थालेको महसुस हुन थाल्यो र चलचित्र हेर्ने काम पूर्णतः त्यागियो । तीन दशक पुग्यो चलचित्र नहेरेको, यस बीच टेलिभिजनमा मुस्किलले दुईवटा चलचित्र पूरा हेरिया होला । त्यतिखेर लाग्थ्यो आहा ! ती स्थानमा पुग्न पाए ! समयले यहाँ ल्याइपुऱ्याएको छ यस्तो एक स्थानमा आइपुग्दा मनमा थुप्रै उत्साह छ, कुतुहल छ एकपटक त्यही युवावस्थातर्फ फर्काएको छ परिवेशले, त्यही चलचित्र मोह, तिनै नायक नायिकाका नृत्य, भावभङ्गी, अनि तिनै प्रेमिल गीत र दृश्यतर्फ पुऱ्याएको छ परिस्थितिले तर मौसमले सबै कुरामा बाधा उत्पन्न गरिदिएको छ र यसलाई अस्वीकार गर्न सक्ने ठाउँ नै छैन ।

यहाँको मौसमको कुनै भर हुँदैन, हामी जानकार छौं । मौसम नउघ्रने छाँट देखेपछि हामी अब यसरी घुमेर काम छैन, पानी पर्न सक्छ, केही खाइहालौं भन्नेमा एकमत हुन्छौं र नजिकैको होटलमा पसी आआफ्ना रुचि अनुसारका खानेकुरा खान्छौं । कहिलेकाहीँ यात्रामा यस्तो लाग्छ समय नै टक्क अडियोस्, अझै हेरिरहूँ यो सुन्दरता र यी दृश्यलाई आँखाबाट ओझेल पर्न नदिऊँ तर समयको गति कहाँ रोकिन्थ्यो र हाम्रो चाहनामा ?

हामी वर्षा हुनु अघि नै सो स्थानबाट तलतिर झर्छौं । महात्मा गान्धीको पूर्ण कदको सालिक रहेको स्थानमा पुग्छौं । यो स्थान दृश्यावलोकन र विश्रामस्थलको रूपमा रहेको पाउँछौं । घुम्दैफिर्दै मसुरी पुस्तकालय सामु पुग्छौं यो अत्यन्त पुरानो रहेछ सन १८४३ मा स्थापना भएको । पुस्तकालयमा प्रवेश गर्ने र केही सोधपुछ गर्ने चाहना नभएको होइन तर स्थिति त्यस्तो बन्दैन ।

खुला स्थानमा दृश्यावलोकनका लागि मानिसहरूको भीड छ । ऐतिहासिक स्थल जस्तो लाग्ने सो स्थानमा बस्दाबस्दै वर्षा हुन थाल्छ । र हामी रुझ्नुअघि नै नजिकैको होटलभित्र पस्छौं । केही ग्राहक छन् अरू सबै हामी जस्तै ओत लाग्न मात्र पसेका, तर पनि होटलवालाले कुनै अवरोध गर्दैनन् ।

यहाँ नेपाली अनुहारहरू प्रशस्त भेटिन्छन् । कुनै समय हाम्रै अधीनमा रहेका भारतको उत्तराखण्डका ती क्षेत्रमा नेपाली मूलका मानिसहरूको उल्लेख्य सङ्ख्यामा बसोबास छ । भरत सर भन्नुहुन्छ 'यहाँ केबुलकार छ, केबुलकार चढ्न जाउँ कमसेकम त्यत्ति त गरौं यहाँ आएपछि ।' अब उहाँकै अगुवाइमा केबुलकार खोज्न थाल्छौं तर समय हेर्दा घर्किसकेको हुन्छ र हामी भैगो भो टाढा रहेछ भन्दै फर्कन्छौं । वर्षा भएकाले होला चिसो महसुस हुन थाल्छ ।

केही घन्टा घुम्दा सकिने प्रसिद्ध पहाडी गन्तव्य हो मसुरी । हामी झन्डै तीन घन्टा मसुरीमा भुल्यौं तर मौसमले खलनायक भूमिका खेलिदियो र धीत

मर्नेगरी मसुरीसँग रमाउन पाएनौं । मौसमका कारण हामीले मसुरीको सुन्दरतालाई अघाउञ्जेल नियाल्न सकेनौं । यसैले मन मानिरहेको छैन मसुरी छाड्न तर मौसम हेर्दा अझै पनि तुरुन्तै उघ्रने छाँट छैन । कुरेर काम लाग्ने लागिरहेको छैन । यहाँको भ्रमण सकेर साँझ ऋषिकेश हुँदै हरिद्वार पुग्ने योजना छ आज । यसैले अब अलमलिने समय छैन । मसुरीको माटोमा पुगेर पनि अघाउन्जेल उसलाई हेर्न नपाएकोमा निराश मनलाई 'फेरि आउँला' भनि थामथुम पार्दै, मसुरीसँग नअघाएको, केही छुटेको महसुस गर्दै ओरालो झर्छौं अघि उक्लिएकै सडक ।

यो सडक उक्लँदा पनि पाल्पाको पर्भासबाट तानसेनतर्फ लागेको महसुस भएको थियो, फर्कंदा पनि पाल्पाकै झल्को आउँछ । लाग्छ हामी अब तानसेनबाट बुटवलतर्फ लाग्दैछौं । आखिर हाम्रो तानसेन पनि त पहाडको रानी हो, ऐतिहासिक शहर हो, अनि खासै परक होइन देहरादून र मसुरीको दूरीजस्तै त हो बुटवल र पाल्पाको पनि । मसुरीबाट ओर्लंदा जहाँ पुग्दा ओरालो सकिन्छ त्यस फेदीमा, प्रकाशेश्वर महादेवको मन्दिर छ सडक छेउ भव्य । द्वारमा लेखिएको छ 'शिवकी पुजा करो सबकुछ मिलेगा ।' आश्चर्य लाग्छ, किन लेखिन्छ यस्तो सन्देश मान्छेलाई भ्रमित पार्नेगरी ? कर्म गर, कर्मको पूजा गर, इर्ष्या-डाहा नगर, कसैको कुभलो नचिताउ, नगर, दुःख हुँदैन पो भन्नुपर्ने हो, मनले भन्छ 'पूजा गरेरै सबैकुरा पाइने भए किन पो दुःख गर्नुपर्थ्यो र ?'

देहरादून आइपुग्दासम्म पनि हल्का पानी परिरहेको छ । निथ्रुक्क भिजेको देहरादून अघि भन्दा सुन्दर देखिन्छ । हामी पुनः केहीबेर देहरादूनको सुन्दरता नियाल्छौं । यहाँको हरियाली देखेर मोहित हुन्छौं । बजार व्यस्त छ । त्यहाँका भवनहरू, सडक बत्ती आदि उही पुरानै, अङ्ग्रेज शासनकालका जस्ता देखिन्छन् ।

देहरादुन ऐतिहासिक शहर हो । यस शहरका ठाउँ ठाउँमा इतिहासमा योगदान गर्नेहरूका सालिक उभिएका छन् । गान्धी पार्क छ । परेड ग्राउण्ड छ । लौह पुरुषको सालिक छ । यो एउटा शैक्षिक केन्द्र पनि हो यो, ठाउँठाउँमा कलेजहरू छन् ।

घन्टाघर समय बोलिरहेको छ दिउँसोको १ बज्यो ।

हामी केहीबेर इन्दु शर्माजीको घरमा भुल्यौं हाम्रो टोलीका सदस्यसँग परिचित हुनुहुँदो रहेछ उहाँ । आत्मीय स्वागत पश्चात् खाजा खाइवरी फेरि आउने वाचा गर्दै बिदा भई निस्क्यौं हामी । ऐतिहासिक स्थान नालापानी जहाँ नेपाली बीर योद्धाहरूले अङ्ग्रेज सेनासँग बहादुरीका साथ लडेका थिए, त्यस स्थानको धीत मर्नेगरी अवलोकन गर्ने चाहना मौसम र समयका कारण पूरा नहुँदा यो यात्रा नै अपूर्ण भएजस्तो लाग्यो । झन्डै दुईघन्टा देहरादून र आसपासको

क्षेत्रको घुमफिर पश्चात् हामी ऋषिकेश ताक्दै अघि बढ्यौं । साँझ ५ बजे ऋषिकेश पुग्यौं । ऋषिकेशको अवस्थिति सुन्दर रहेछ । यो पहाडको खोंचमै रहेछ । रामझुला, लक्ष्मण झुलाका बारे सुनेको तर नदेखेको, देखियो । धार्मिक क्षेत्रको अवलोकन, मन्दिरहरूमा देवताको दर्शन, गङ्गाको जलसेचन तथा तस्वीर खिच्ने काम सकी ७ बजे हरिद्वारतर्फ लाग्यौं ।

ऋषिकेश र हरिद्वार झन्डै २५ किमीको दूरीमा अवस्थित छन् । जाम छिचोल्दै झन्डै एकघन्टामा हरिद्वार पुगि होटलको खोजिमा लाग्यौं । कुनै हाम्रो हैसियतले नभेट्ने कुनै चाहिँ नसुहाउँदा । बास खोज्न समय लाग्यो । खर्चको हिसाबले ठीक ठीकैको र एकरातका लागि बास बस्न खासै असुविधा नहुने एउटा भेटियो । दौडादौडले थकित भएका हामी सोही होटलमा बास बस्ने निर्णयमा पुग्यौं । समय इन्टरनेटको छ । हामीले ठान्यौं त्यसबारे सोध्नै पर्दैन । तर जब 'पासवर्ड' माग्यौं तब भयो अचम्म, इन्टरनेट कोठमा नआउने, 'लबी'मा बसेर चलाउनुपर्ने, अचम्मको व्यवस्था रहेछ त्यो । अब यतिबेला कहाँ जाने ? हामी बाध्य भई सोही होटलमा बस्यौं ।

भोलिपल्ट अर्थात् चैत १२ गते बिहान नित्यकर्म सकी हामी पैदलै त्यहाँको प्रसिद्ध स्थान 'हर की पौडी'तर्फ लाग्यौं । हिँजो बास बस्ने होटल खोज्दा नै हामीले यसैका लागि पायक पर्ने क्षेत्रलाई प्राथमिकतामा राखेका थियौं ।

'हर कि पौडी' यहाँको सबैभन्दा महत्त्वपूर्ण घाट रहेछ । 'ब्रह्म कुण्ड'का रूपमा समेत परिचित यस स्थानमा पुगेपछि सबैजना सहयात्री स्नान गर्न अघि सर्नुभयो । नास्तिक त होइन, तर म चाहिँ हत्तपत्त यस्ता स्थानमा नुहाउन अघि सर्दिन । तीर्थव्रत र स्नान गरेर धर्म हुन्छ भन्ने विश्वास म गर्दिन । यसैले यहाँ पनि स्नान गर्न अघि सरिन । म नुहाएर मात्र चोखो भइँदैन, मन चोखो हुनुपर्छ भन्ने मान्यता राख्छु । निष्कपट र स्पष्ट भएमा कुनै भगवान्को दर्शन गर्नु, कुनै गुरुको चेलो बन्नु वा यज्ञ यज्ञादि गर्ने झमेला उठाउनै पर्दैन भन्ने मान्यता म राख्छु तर चलिआएका संस्कारहरूको पालन चाहिँ गरिरहेकै छु र गरिरहने छु । दुःखी दरिद्रीलाई सहयोग गर्न पनि सदैव तत्पर हुन्छु म ।

हरिद्वार उत्तराखण्डमा पर्ने एक पवित्र तीर्थस्थल हो । यो एक प्राचीन नगरी हो । भारतका सात पवित्र तीर्थस्थलमध्येको एक हो । यो बद्रीनाथ, केदारनाथ, गङ्गोत्री र यमुनोत्रीको प्रवेशद्वार पनि हो यो । पौराणिक कथाअनुसार समुद्र मन्थनबाट निस्केको अमृतका केही थोपा यहाँ खसेका थिए । यस्तो विश्वास गरिन्छ कि यस अतिरिक्त मध्यप्रदेशको उज्जैन, महाराष्ट्रको नासिक र उत्तर प्रदेशको प्रयागमा पनि अमृतका थोपा झरेका थिए । यसैले भारतका यी स्थानमा प्रत्येक बाह्र वर्षमा महाकुम्भ आयोजना गरिन्छ । हरिद्वारको पुरानो नाम

मायापुरी हो । यो देवभूमिका रूपमा विश्व प्रसिद्ध छ ।

हरिद्वार हिन्दु संस्कृति र सभ्यताको एक प्रमुख केन्द्र हो । हरिद्वारको दर्शनले स्वर्गको ढोका खुल्छ भन्ने मान्यता छ । हिमालयबाट उत्पन्न भएकी पवित्र गङ्गा नदीले नै यस स्थानको महत्त्व बढाएको हो । हरिद्वारको साँझको आरती प्रसिद्ध छ तर हामीले सो अवलोकन गर्न सकेनौं समयका कारण । हरिद्वार चारधामको प्रवेशद्वार हो । गङ्गा हिन्दुहरूको पवित्र नदी हो । अलकनन्दा र भागीरथी गङ्गाका सहायक नदी हुन् । भागीरथी नदी गङ्गोत्री हिमनदीबाट निस्केको छ, पवित्र गङ्गा अलकनन्दा बद्रीनाथ भन्दा माथि सतोपन्थ हिमनदीबाट निस्केको छ । देवप्रयागमा यी दुईको सङ्गम हुन्छ र गङ्गामा परिणत हुन्छ तर कतिपयले हरिद्वारमा पनि यसलाई भागीरथी भन्ने गर्छन् । यो नदी भारतका विभिन्न स्थान हुँदै गङ्गासागर पुग्छ ।

फैलिएर बहेको गङ्गाको एक भागलाई व्यवस्थित ढङ्गले स्नान एवम् पूजनका लागि योग्य, सुरक्षित र उपयुक्त क्षेत्रको रूपमा विकास गरिएको रहेछ हरिद्वारमा । 'हर की पौडी'मा नुहाएका हाम्रो टोलीका सदस्यहरू लुगा फेर्दै हुनुहुन्थ्यो, म किनारमा उभिएर वरपरका दृश्य क्यामेरामा कैद रहेको थिएँ, एकजना पीतवस्त्र धारी युवा हातमा टीकाको थाली लिएर म नजिक आए । उनले हातमा टीका लिएर मेरो निधारतर्फ हात बढाए । म यस्ता टीका हत्तपत्त स्वीकार गर्दिन तर यहाँ यो पवित्र मानिएको स्थानमा किन अस्वीकार गर्नु भनेर टीका लगाएँ । उनले थाली थापे, मैले खल्तीबाट दुई रुपैयाँको सिक्का निकालेर राखिदिएँ । उनले मेरो अनुहारमा हेर्दै भने 'इतना ही ?' मैले भने 'कितना तो ?' ऊनी नाजवाफ भए । 'मैले लगाइदेऊ भनेर लगाएको टीका होइन, तिम्रो इच्छाले लगाइदिएका त हौ' भनेपछि उनले सिक्का फिर्ता गरे, मैले त्यो सिक्का खल्तीमा राखें । उनी आफ्नो बाटो लागे । यतिञ्जेल सबैजना जुटिसकेका थियौं, हामी आफ्नो बाटो लाग्यौं । भारतका तीर्थस्थलहरूमा पण्डाहरूको लुटबारे धेरै कुरा सुनिएको हो । यसअघि मथुरा यात्राको क्रममा त्यहाँ पनि पण्डाहरूलाई भोगेका थियौं । टोलीमा रहेका पुरुषहरूले भन्दाभन्दै पनि केही महिलाले तिनलाई पत्याएपछि हामीलाई व्यर्थमा केही बेर अलमलिनुपरेको थियो ।

हामीले माथि नै नुहाएका थियौं, जहाँ भीडभाड थिएन । त्यहाँबाट दक्षिणतर्फ अघि बढ्यौं । जति अगाडि बढ्यो उति भीड छ । विशेष तिथि पनि केही होइन तर यस पवित्र तीर्थस्थल एवं देवस्थलमा अचम्मकै घुइँचो छ । हामी भीड छिचोल्दै अघि बढ्छौं । पूजा सामग्री, ढुङ्गा र धातुबाट बनेका भगवान्का मूर्ति, शङ्ख, त्रिशूल आदि बेच्नेहरू छन् ठाउँ ठाउँमा । समयसूचक घन्टाघर छ बीचमा । गङ्गामा स्नान गर्नेहरूको भीड छ । वरपर सबैतिर जात्रा लागेजस्तो देखिन्छ ।

मेलासरह छ नदी किनार । स्नान गर्नेहरू गरिहेछन्, रमितेहरू रमिता हेरिरहेछन्, कोही दाउ हेर्दै होलान् । आखिर यत्रो भीडमा फरकफरक स्वभाव, प्रवृत्तिका मानिस हुनु के नै अनौठो भयो र ?

अवलोकनको क्रममा देख्छौं 'आनन्द महसुस गर्नुहोस् तपाई गङ्गाको पावन तीर्थ ब्रह्मकुण्ड हर की पौडीमा हुनुहुन्छ', 'गङ्गामै छ जीवनको आस, गङ्गालाई बचाउने गरौं प्रयास', 'गङ्गालाई सफा राख्नु नै गङ्गाको पूजा हो' भन्ने सन्देश लेखिएको छ, गङ्गालाई फोहर नगर्नु पनि पुण्य कमाउनु हो, गङ्गा छैन त जीवन छैन आदि सन्देश र सचेतनामूलक सामग्री लेखिएका छन् ठाउँठाउँमा हिन्दी भाषामा । हरिद्वारमा पोलिथिन निषेध छ, यो पूर्णतः मद्य निषेध क्षेत्र पनि रहेछ । यहाँ मासु र मदिरा सेवन गरेमा दण्डित हुनुपर्ने व्यवस्था रहेछ, ठाउँठाउँमा सो सम्बन्धी सन्देशमूलक सूचना पनि देखिए । गङ्गा किनारमा यो यात्रा गरिरहँदा र त्यहाँका दृश्य हेरिरहँदा मैले हाम्रा वागमती, विष्णुमती र अन्य पवित्र नदीहरूको अवस्था सम्भेँ । न कतै नदीको सरसफाईसम्बन्धी सन्देश छ न त चेतनामूलक र जिम्मेवारी बोध गराउने खालका कुनै सामग्री नै अनि नदी कसरी रहोस् सफा ?

यसपछि हामी नजिकै रहेको उद्यानमा पुग्यौं । 'स्वामी विवेकानन्द पार्क' मा शिवजी र विवेकानन्दको पूर्ण कदका मूर्ति रहेछन् । गङ्गा नदीको किनारमा अवस्थित विवेकानन्द पार्क बाहिरबाट हेर्दा तिनै मूर्तिका कारण अत्यन्त आकर्षक देखिए पनि भित्र प्रवेश गरेपछि चाहिँ वेवास्तामा परेको महसुस भयो । न सरसफाइ छ न रोपिएका फूल बिरुवाकै अवस्था राम्रो छ । मैले हामी कहाँका संरक्षणविहीन उद्यानहरू सम्भेँ । नदी आसपासका क्षेत्र र बजार अवलोकन पश्चात् हामी पतञ्जलि योगपीठतर्फ लाग्यौं । यहाँबाट भन्डै १८ किलोमिटर दक्षिणमा अवस्थित पतन्जलि योगपीठ बाबा रामदेवको सबैभन्दा ठूलो योगपीठ हो । यहाँ योग तथा आयुर्वेदबारे अध्ययन अनुसन्धान हुन्छ । केहीबेर घुमघाम, अवलोकन तथा यहाँ स्थित 'मेगा स्टोर'मा केही किनमेलसमेत गरी हामी हरिद्वारको पश्चिमतर्फ गङ्गा पारि माथि थुम्कोमा अवस्थित मनसादेवीको मन्दिरमा पुग्यौं । यो यहाँको एक प्रसिद्ध मन्दिर रहेछ । यहाँका अन्य मन्दिरहरूमा पूर्वतर्फ थुम्कोमा अवस्थित चण्डीदेवीको मन्दिर तथा मायादेवी, वैष्णोदेवी, भारतमाता, दक्षप्रजापतिलगायत अरू पनि थुप्रै रहेछन् ।

मनसा देवी भक्तहरूको मनोकामना पूरा गरिदिन्छिन् भन्ने विश्वास रहेछ, यसैले यहाँ दर्शनार्थीको भीड लाग्दोरहेछ । मन्दिर पुग्ने दुईवटा बाटा रहेछन् एउटा उडन खटोला, अर्को पैदल यात्रा । हामी टिकट काटी उडन खटोला नै ताक्छौं, लामो लाम छ । त्यसमा मिसिन पुग्छौं । त्यहाँ प्रतीक्षा गरुन्जेल

पैदल गएको भए सम्भवतः मन्दिर पुगेर दर्शन गरिसकिन्थ्यो । हामी ढीलो गरी मन्दिरमा पुग्छौं । मनसा मन्दिरभित्रको अवस्था देख्दा अनौठो लाग्छ । त्यहाँ पूजारीहरू हत्त न पत्त भेटी चढाउ भन्ने रहेछन् । त्यति मात्र कहाँ र टीका, फूल माग्दा पनि 'भेटी कति चढाउँछौ ?' भन्ने । यो देखेर बडो आश्चर्य लाग्यो । मानिसको लाम छ, अडिने रोकिने अवस्था छैन । उनीहरू मोलमोलाइ गरिरहेका छन् । धार्मिक स्थलमा लोभीहरूको यो पारा देखेर रिस पनि उठ्यो ।

मनसा मन्दिर परिसरमै पसलहरू रहेछन् । लाम लागेर देवीको दर्शन पछि हामी 'केही त किनौं' भन्दै पसलतिर सोझियौं । पुरुषहरूले 'ह्याट'अर्थात् 'टोप' किन्यौं, महिलाहरूले पनि आफ्ना रुचिअनुसारका केही किनमेल गर्नुभयो । मनसा मन्दिर जाँदा नयाँ अनुभव भयो उडन खटोला यात्राको रु. सयमा आतेजाते टिकट, यात्रा पाँच मिनटभन्दा पनि कमको । खुला बाकसहरूमा बसेर मन्दिर जाँदा रोमाञ्चित भइयो । आखिर तारमा हिँड्ने कार अर्थात् 'केबुलकार' नै त हो यो तर सञ्चालन प्रविधि उस्तै भए पनि खुला बाकसका कारण अनौठो लाग्ने रहेछ । वारि डाँडामा रहेकी मनसा देवीको दर्शनपछि त्यहाँबाट सडकको दूरीले झन्डै चार किलोमिटर जति पर गङ्गा नदीको पुलपारि टाकुरामा रहेकी चण्डी देवीको दर्शन गर्ने चलन रहेछ । त्यसो त हामी त्यसै टाकुराको फेदीबाट पूर्वतर्फ लाग्नुपर्ने थियो तर समयले दबाब दिइरहेको थियो र हामीसँग त्यहाँ पुग्ने समय थिएन । त्यसैले देवीसँग क्षमा माग्दै अर्को यात्रामा फुर्सद लिएर आउने र बाँकीसमेत सबै देवी देवताको दर्शन गर्ने वाचा गर्दै हामी हतार हतारको हरिद्वार भ्रमण सकेर पूर्वतर्फ लाग्यौं ।

वनस्थली, काठमाडौं ।

ä ã

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् ।**

**web : www.shabdarthaprakashan.com/ www.nepalipublisher.com**

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

# थाइलैण्डको सम्झना

**विश्वदीप अधिकारी**

हामी थाइलैन्ड गएको बेला चीनको एउटा ग्रुपसँग भेट भएको थियो। उनीहरूको भनाइअनुसार चीनको एउटा प्रान्तमा थाइ भन्ने ठाउँ रहेछ, जहाँका मानिसहरू प्राचीन सियाममा आएर बसेका रहेछन् । तिनै थाइको नामबाट सियाम थाइलैन्ड भएको रहेछ ।

श्रीमती ज्योति र म २०६६ साल श्रावण ४ गते देखि असोज ९ गतेसम्मको लागि थाइलैण्ड जानुपर्ने भयो । त्यो अवधिमा हामीले मानव जीवनमा मानवीय मूल्यको महत्त्व विषयमा डिप्लोमा तथा एडुकेशन इन ह्यूम्यान भ्यालूज इन वाटर स्यानीटेसन एण्ड हाइजिन एडुकेशन विषयमा तालिम लिनु थियो । थाइलैण्डको आइएसएसई तथा संयुक्त राष्ट्रसंघको यू एन हयाविट्याटबाट कार्यक्रम सञ्चालन हुने बताइएको थियो, त्यसै भयो पनि ।

श्रावण ३ गते दिनको २.२५ मा त्रिभुवन विमानस्थलबाट उडेको थाइ एयरवेजको विमान साँझ ५.२५ मा थाइलैन्डको नयाँ अन्तर्राष्ट्रिय हवाइ मैदान सुवर्णभूमिमा अवतरण गर्दा आकाशमै एक घन्टा दश मिनेट हराएको थियो । काठमाडौंबाट बैंकक पूर्वतर्फ भएकोले त्यहाँको समय चाँडो छ । त्यहाँ नेपालभन्दा छिटो रात पर्ने र चाँडो उज्यालो हुने गर्दछ । हाम्रो विमान अवतरण गर्दा त्यहाँ राती ६.३५ भएको थियो यसैले हामीले आफ्नो घडी मिलायौं । सो दिन बिहान ११ बजे काठमाडौंको विमानस्थल पुग्दा चेकिङ चलिरहेको थियो तर इन्टरनेट ज्यादै ढीलो चलेकोले काम पनि ढीलो भएको थियो । शायद यसैले होला तोकिएको समयभन्दा १५ मिनेट उडान ढीलो हुने कुरा थाहा भयो । हामी समयमा नै चेकिङ सकेर बोर्डिक पास लिई प्रस्थान कक्षतर्फ गएर बस्यौं । प्रस्थान कक्षमा ज्यादै भीड थियो । कोठाभरि मेच भए पनि मानिस ज्यादा भएकोले अटाइरहेका थिएनन् । हामी गएर बसेको केही क्षणपछि हामीसँगै जानुपर्ने धरानकी ज्योत्स्ना गजमेर पनि आइपुगिन् । ज्योति र ज्योत्स्नाबीच कुरा हुँदै गर्दा प्रस्थान कक्षको ढोका खुल्यो र हामीहरू लाइनमा बसेर विमानतर्फ लाग्यौं ।

हामीहरू शाकाहारी भए पनि टिकट लिने बेलामा त्यो कुरा टिपाउन छुटेको थियो । जहाजमा विमान परिचारिकाले खाना ल्याएको बेलामा शाकाहारी भए मात्र देऊ भन्यौं । उनले बोर्डिङ पास मागिन् जसमा शाकाहारी भन्ने कुरा जनिएको थिएन, यद्यपि उनीहरूले हाम्रो लागि शाकाहारी खानेकुराको बन्दोवस्त

गरे र के सुझाव दिए भने फर्कदा चेकिङ काउन्टरमा नै टिपाउनु । हामीले उनीहरूलाई सुझाव वापत धन्यवाद दियौं । फर्कंदा हामीले त्यसै गऱ्यौं पनि तर काउन्टरकी महिलाले अहिले भनेर हुँदैन पहिले नै भन्नुपर्ने भन्दै कोसिस गर्ने वचन दिइन् । उनको कोसिस काम लागेछ । विमानले ढाका काटेपछि हामीलाई थाइलैन्डमा बस्न र त्यहाँबाट फर्कनको लागि भर्नुपर्ने फर्म विमानमा नै उपलब्ध गराइयो । जसले गर्दा हामीलाई विमानबाट ओर्लिएपछि अध्यागमन कक्षमा धेरै समय लागेन । फर्कने बेलामा पनि सजिलो भयो ।

हामी त्यहीबेला थाइलैन्डको लोपवुरी भन्ने प्रान्तको लामनाराई भन्ने ठाउँमा जाने कार्यक्रम थियो । यसैले हामीलाई विमानस्थलमा गाडीसहित मानिस लिन आउने कार्यक्रम पहिले नै तय भएको थियो । हामीले बाहिर आएर प्रतीक्षा गऱ्यौं । कसैलाई पनि नदेखेपछि दिइएको नम्बरमा फोन गऱ्यौं तर फोन उठेन । मान्छे नआए सुकुमभितमा गएर बस्नुपर्ला भनी सोचेर ट्याक्सीको भाडा सोधेको ३०० भाट लाग्ने रहेछ । करिब आधा घन्टा अलमलिएपछि फेरि पनि हेर्न जाँदा एक जना अधवैंसे महिला हाम्रो लागि प्लेकार्ड लिएर बसेकी रहछिन् । उनीलाई मैले सोधें के तपाईं नै नुइ भन्ने मान्छे हो ? उनले भनिन् होइन उनी शौचालय गएका छन् । आउन केही ढीलो भएकोले म तिमीहरूलाई कुरिरहेको । मैले ती महिलासँग ज्योति र ज्योत्स्नालाई भेटाएर आफू पनि शौचालयतर्फ गएँ । शौचालयमा अविरल पानी बगिरेहको थियो र शौचको गन्ध त्यहाँ छँदै थिएन । त्यो देखेर मलाई दिउँसोको त्रिभुवन विमानस्थलको शौचालयको स्मरण भयो जहाँ हात धुनेसम्म पानी थिएन र अविरल गन्धको कुनै सीमा नै थिएन । एक मन त लाग्यो मान्छेले मीठो मानेर खाएकै माटो पचाएर फाल्दा आएको गन्ध हो । त्यो आखिर माटो नै हो, यद्यपि पेटमा नै बोकेर हिंडे पनि दुर्गन्ध त दुर्गन्ध नै हो भन्ने सोच हाम्रा विमानस्थल व्यवस्थापकहरूले बनाएका रहेनछन् । बैङ्कक र काठमाडौं हवाइ अड्डा तुलना गर्न मन लाग्यो र यसो गम खाएँ । मनमनै पुरानो भनाइ सम्झना आयो कहाँको गङ्गु तेली कहाँको राजा भोज । अनि फेरि सम्झे नेपालको राष्ट्रिय ध्वजावाहक वायुसेवा निगम र थाइ एयरवेजको जन्म पनि सँगसँगै जस्तो भएको हो । कहाँको आधुनिक सयौं विमानको मालिक कहाँको वेट लिज र ड्राइ लिजको भड्खारो, केही तुलना नै भएन ।

यत्तिकैमा नुइ आइपुगे र आपसमा परिचय भयो । ती महिला भने हाम्रै कार्यक्रममा भाग लिन पेरुबाट बिहान आइपुगेकी रहिछन् । उनी दिनभरि बैङ्ककमा नै आराम गरी हामीसँगै लोपवुरी जान भनी हवाइ अड्डासँगै आएकी रहिछन् । हामी पाँचै जना सवारी पार्क गरेको ठाउँमा गयौं । त्यो पनि निकै टाढा थियो । जीपमा सामान राखेर हामी लोपबुरीतर्फ अगाडि बढ्यौं । नुइले करिब

तीन घन्टा लाग्ने भएकोले ११ बजेसम्ममा पुगिने कुरा बताए किनकि हामी हिँड्दा साढेसात बजिसकेको थियो । फेरि हामी बाटामा ग्यास स्टेसनमा आधा घन्टा रोकियौं । हामी करिब १०.४० मा कतै झलमल्ल बाटो, कतै सामान्य उज्यालो, कुनै राजमार्गमा निस्फिक्री, कुनैमा टोल ट्याक्स तिर्दै, कहिले गफ गर्दै कहिले चूप लाग्दै लोपबुरी प्रान्तको लामनाराई भन्ने ठाउँमा पुग्यौं जहाँ हामीले करिब ९ हप्ता बिताउनुपर्ने थियो । बाँकी एक हप्ता बैंककमा बिताउने कार्यक्रम थियो । त्यहाँ डाइरेक्टर लोरेन बरोज हामीलाई कुरेर बसेकी रहिछन् । उनीले हामीलाई भेटेर हाम्रो बस्ने ठाउँ देखाइदिइन् र भोलिपल्ट बिहान लिन आउने वाचा गर्दै गइन् । त्यहाँ पुग्दा राती भइसकेको हुनाले खानाको बन्दोबस्त नहुने कुरा स्वाभाविकै थियो । हामीले हवाइजहाजमा नै पर्याप्त खाएको र बाटामा पनि केही खाएकोले खानाको कुनै समस्या थिएन ।

सुवर्णभूमि हवाइ मैदान नयाँ अन्तर्राष्ट्रिय विमानस्थल भएको हुनाले विशाल तैपनि छोरा अभिजितले भन्थ्यो यो टोकियो तथा अमेरिकाको दाँजोमा आउँदैन । यसमा एकै पटक तीन सय थान विमान पार्क गर्न मिल्ने रहेछ । बढ्दो हवाइयात्रुलाई धान्ने गरी गाडी पार्किङ स्थलको व्यवस्था भएको पाइयो यद्यपि कुनै पनि स्थान सहसा खाली थिएनन् । बैङ्ककको हवाइ मैदान, छ लेनको बाटो, विजुली व्यवस्थापन, यातायात व्यवस्थापन, आकाशे राजमार्ग जस्ता कुनै पनि कुरा हाम्रो देशसँग मेल खाइरहेका थिएनन् । कुनै बेला हाम्रो देशको भन्दा बढी आर्थिक हैसियत नभएको, नेपालको भन्दा कमजोर मुद्रा भएको थाइलैन्ड अहिले धेरैमाथि पुगिसकेको छ । उनीहरूले विकास गरे हामीले भएको पनि बिगारेर विनाश गर्‍यौं, फरक यत्ति हो ।

बस्दै गर्दा जुलाई २५, २००९ को दिन हामी अयुध्या भन्ने प्रान्तमा रहेको ठूलो बुद्धको मूर्ति हेर्न गयौं । थाइ भाषामा मन्दिरलाई 'वाट' भनिँदो रहेछ । बिहान सबेरै लामनाराइबाट जीपमा हिँडेको फर्कदा रातीको ११ नाघिसकेको थियो । हाम्रो साथमा पेरू, मेक्सिको, भारत, इन्डोनेशिया, फ्रान्स र थाइलैन्डका साथीहरू थिए । पानानचोङ्ग वाटको बुद्धको त्यो विशाल मूर्ति वास्तवमा नै मन लोभ्याउने थियो । मान्छेले आफ्नो आस्थालाई कसरी सम्मान गर्दो रहेछ भन्ने कुरा त्यहाँ भएका बुद्धको मूर्ति, गुम्बा, बौद्धमार्गीले भिक्षुहरूप्रति गरेको सम्मानजनक व्यवहार र उनीहरूलाई गरिएको आवश्यकताको सामग्री समर्पणबाट छर्लङ्ग बुझ्न सकिन्थ्यो । यसपछि हामीले छादप्राया नदीमा करिब दुई घन्टा डुङ्गा विहार गर्‍यौं । थाकारोङ्ग वाटको अधिनमा रहेको थाकारोङ्ग डलोटिङ्ग बजार वास्तवमा नै रमणीय थियो । त्यस बजारमा केही बेर बिताउँदा मन लागेको कुरा किन्ने र चाहेको कुरा खाने काम पनि भयो । डुङ्गा शयरबाट फर्केपछि गहना लगाएको

बुद्धको मन्दिर नाप्रामेन वाट पनि हेर्न गयौं । त्यही एउटा मात्र बुद्धको मूर्ति हो जसमा भगवान् बुद्धलाई प्रशस्त गहना लगाइदिएको छ । त्यसपछि हाम्रो टोली सन् १८७७ मा चर्च शैलीमा बनेको निभेद थाम्पम्प्र वाट गुम्बा हेर्न गयो ।

दृश्यावलोकन सकिएपछि हामी सबै गाडी पार्क गरेको ठाउँमा आई त्यहाँ केही बेर बसी खायौं । खाना खाएपछि हामी टेस्को लोटस नाम डिपार्टमेन्ट स्टोरमा सामान किन्न गयौं । सबैले आफ्नो आवश्यकता, चाहनाअनुसारको सामान किने । त्यो स्टोर पनि विशाल रहेछ । गाडी पार्क गर्ने ठाउँसमेत तला तला गरी बनाइएको । स्टोरभित्र पनि अलिकति भेउ नपाएमा त हराइने । फर्कने क्रममा थाई गल्फ नामक नदी अवलोकन गर्‍यौं जहाँ ठूला ठूला डुङ्गा चल्ने रहेछन् । यस्ता ठूला विशाल बजारको अतिरिक्त थाइलैन्डभरि तीन सयभन्दा बढी सेभेन इलेभेन नामक स्टोर रहेछन् । मान्छे देखेपछि आफै खुल्ने बन्द हुने ढोका र गर्मी मौसममा चिसो वातावरण ती पसलका विशेषता हुन् ।

राजमार्गका ठाउँठाउँमा रहेका ग्यास स्टेसन र सभ्य शौचालय पनि त्यहाँको विशेषता हो । अयुध्याबाट फर्कदा बाटोमा केही बेर गाडी बिग्रियो तथापि ग्यास स्टेसनबाट केही खाएर निस्कने क्रममा स्टार्ट नभएकोले बस्ने ठाउँको दुःख भएन । हाम्रै अर्को गाडी हाम्रो पछिपछि आउँदै थियो । ब्याट्री बदलेपछि ठीक भयो र हामी गयौं । भोलिपल्ट लामनाराईमा भएको करिब सातसय खुड्किलो भएको ग्याण्ड फादर ग्यान्ड मदर माउन्टेन उक्लन गयौं । त्यसको टुप्पोबाट उपत्यका राम्रो देखिँदो रहेछ । त्यहाँ केही बेर बसी फोटो खिच्यौं । सबैले साथै लगेको खानेकुरा खायौं र फर्क्यौं । यसको छेवैमा रहेको गुम्बा पनि हेर्‍यौं ।

सेप्टेम्बर २१ को दिउँसो २ बजेतिर हामी सबैजना बैङ्ककतर्फ लाग्यौं । बाटामा पर्ने एउटा विशाल सिल्कको शो रूममा छिर्‍यौं । रेशमको मात्र सामान पाउने त्यो पसल हेर्न लायक रहेछ । ज्योतिले एउटा कुर्ता किन्न भ्याइन् । बिस्तारै जाँदा बेलुकी ६.१५ मा हामी बैङ्कक पुग्यौं । भोलिपल्ट बिहान ७.३० बजे प्राचीन शहरको अवलोकन गर्न गयौं । सियाम एनसियन्ट सिटी भने पनि त्यो वास्तवमा एकजना व्यापारीले हवाइजहाजबाट हेर्दा देखेको ठूलो खाली क्षेत्र रहेछ । उसलाई त्यो ठाउँ किनेर केही गर्न मन लाग्यो रे ! त्यसैले उसले त्यो ठाउँ किनेर त्यहाँ थाइलैन्डका भएका सारा प्राचीन सामाग्रीलाई सोही रूपमा वा नव निर्माण गरेर हेर्न लायक बनायो । त्यो ठाउँ यति विशाल रहेछ कि एक दिनमा घुमेर सकिँदैन । त्यहीँ भाडामा पाइने साइकल, वाइक, गल्फ कार लिएर वा आफ्नै गाडी लिएर पनि घुम्न सकिन्छ । त्यो ठाउँ हेरेपछि सम्पूर्ण थाइलैन्डको कला संस्कृति हेर्न खोज्न अन्त कतै जानु नपर्ने रहेछ । वास्तवमा यो मानव निमित प्राचीन र आधुनिकतालाई मिश्रण गरिएको आधुनिक पर्यटन स्थल हो ।

यहाँ देखिएको मान्छेको घुइँचो र प्रशस्त हरियालीयुक्त सफा सुग्घर वातावरण देख्दा कमाउन नै चाहनेले पनि सुविधा दिएमा कमाउन गाह्रो रहेनछ भन्ने सन्देश यसले दिएको छ । यो स्थलबाट फर्कंदा रातको नौ बजेको थियो ।

अर्को दिन २३ तारिखको बिहान चित्रलदा दरबार हेर्न गइयो जहाँ राजाका आयोजनाहरू सञ्चालन गरिएका रहेछन् तर राजा भने त्यहाँ बस्दा रहेनछन् । त्यहाँ धुलो दूध बनाउने त्यसबाट दूधको ट्यावलेट बनाउने, कागज बनाउने, ब्रिकेट बनाउने, जुस बनाउने धेरै काम हुँदा रहेछन् । करिब १२ बजे त्यहाँबाट फर्की खाना खाएर टोकियो मलमा गइयो । यो मल पनि विशाल थियो । सामान, मान्छे, गाडी, भीडजस्ता केही कुराको पनि कमी थिएन । टोकियो मलको छेवैमा रहेको सङ्ग्रहालयको पनि हामीले अवलोकन गऱ्यौं । जुन ज्यादै राम्रो एवं आकर्षक थियो । चौबीस तारिख बिहान ८.२५ मा अर्को दरबार अवलोकन गर्न गयौं जुन हाम्रो वसन्तपुर दरबार प्रकृतिको थियो । दरबारको व्यवस्थापन समितिले नै पथ प्रदर्शक उपलब्ध गराइदिनाले ज्यादै सजिलो भयो । त्यो हेर्न आउने मान्छेको घुइँचो भनेर साध्य थिएन । यो हेर्न करिब डेढ घन्टा लाग्ने रहेछ ।

सेप्टेम्बर २५ तारिखको दिन बिहान १०.४५ मा प्राचाया नदीमा डुङ्गा शयर गर्न गऱ्यौं । ११.२० देखि १.२० सम्मको डुङ्गा यात्रा साह्रै रमाइलो थियो । नदीको किनारमा बस्नेको जीवनशैली हेर्न पाइयो । नदीमा नै डुङ्गामा सामान बेच्न ल्याउने चलन रहेछ । यो क्रममा हामी ढकमक्क अर्किड फूल फूलेको स्थानमा पनि पुग्यौं । विनामाटो हावा र अलिकति पानीको भरमा थरी थरीका अर्किड ढकमक्क फूलाइएका दृश्य मनमोहक थिए ।

कतिपय साथीहरू त्यही दिन बेलुका हवाइ मैदानतर्फ लागे । केहीको २७ तारेखको टिकट थियो । हामी भने सेप्टेम्बर २६, २००९ अर्थात् २०६६ सालको दशैंको महाअष्टमीको दिन बिहान ६.४५ मा सुवर्णभूमि हवाइ अड्डातर्फ लाग्यौं । त्यहाँको समयअनुसार बिहानको १०.३५ उडानको समय थियो । नेपाल समयअनुसार १२.३५ मा काठमाडौं उत्रियौं । यस बेला पनि आकाशमै १ घन्टा १० मिनेट हरायो । हाम्रो विमानस्थलको चेकिङ काउन्टरमा निकै समय लाग्यो । ज्योत्स्नाको भने त्यहाँ आफ्नो मान्छे रहेछ र छिटै भएकोले उनी हामीभन्दा केही अगाडि नै गइन् । हामी भने नियमपूर्वक लाइनमा बसेर आउँदा २ बजे घर मैतिदेवी आइपुग्यौं ।

मैतिदेवी काठमाडौं ।

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# टुर दे'रोचोइ

**विष्णुप्रसाद शर्मा पराजुली**

समय वि.सं. २०७६ भदौको हो, दुई दिने पेरिस भ्रमण झिलिमिली झिल्काजस्तै भयो। तिर्खा लागेको बेला एक घुट्को पानीले घाँटी भिजाएजस्तो र पनि केही महत्त्वपूर्ण क्षेत्रजस्तै आइफल टावर, कला सङ्ग्रहालय, ठूला र ऐतिहासिक चर्च झल्याक-झुलक हेरेर फ्रान्सको पर्वतीय क्षेत्र चामोनिक्सको नजिक आनमास पुग्यौँ । पेरिसबाट जेनेभा नजिक रहेको आनमास ४१५ किलोमिटर छ, जसलाई टिजिभी रेलसेवाबाट पूरा गर्न तीन घन्टा लाग्यो। युरोप, अमेरिका, चीन, अष्ट्रेलिया, सिंगापुरजस्ता देशले यातायातको संरचना निर्माण र विकासमा अभुतपूर्व छलाङ मारेका छन्, हाम्रो कल्पनाभन्दा टाढा छ, त्यो विकास। विकासको मुख्य आधार, नसा, हृदय जे भने पनि यातायात नै रहेछ। नेपालमा अझै पनि त्यस्ता ठाउँ मनग्गे छन्, जहाँ वारिको गाउँबाट पारिको गाउँ जान अझै पनि एक दिन हिँड्नुपर्छ। झोलुङ्गे पुल मात्र हुने हो भने त्यो वारपार एकै घन्टामा हुन सक्थ्यो । अर्काको देशले गरेको प्रगति देखेर नहुने रहेछ, आफ्नो देशमा देशलाई माया गर्ने नेता नभएपछि ।

त्यसबेला म, श्रीमती सुशीला टर्किस एयरलाईन्सबाट पेरिस ओर्लेका थियौँ भने छोरी डा. सुनीता न्यूयोर्कबाट त्यहाँ पुगेकी थिइन्। दुई साताको त्यो यात्रा युरोपको सबैभन्दा अग्लो पर्वत माउन्ट ब्लाँ, चामोनिक्स, लिँयो, आल्पस पर्वत शृङ्खलाका केही चुली क्षेत्रको पदयात्रा र स्वीट्जरलेन्डको जेनेभा वरपर केन्द्रित थियो। गृष्मऋतुमा वेँसीमा हरियाली त्यसको माथि पहाडतिर हिउँ पग्लेपछि देखिने चट्टान आकर्षक देखिन्थे । माउन्ट ब्लाँतिरका आल्पस् पर्वतमा भने बाक्लो हिउँ देखिन्थ्यो, हाम्रो हिमालय पर्वतमा झैँ । तल्लो भागमा हरियाली, त्यसभन्दा माथिल्लो करिब १ हजार मिटरको उचाइमा हाम्रो हिमाली क्षेत्रको ४ हजार मिटरको उचाइमा पाइने जस्तो होचो झाडीयुक्त झाडी, फूल र बोट, त्यसपछि सुख्खा चट्टान अनि ती भन्दा अग्ला पर्वतमा सेताम्मे हिउँ देखिन्थ्यो। हिउँभन्दा माथिल्लो भागमा टाँसिएको सफा नीलो आकास र त्यसमा कावा खाइरहेका काग, गिद्ध र अन्य ठूला चराहरूले वातावरणलाई मादक बनाएका थिए। हामीले फिज पर्वत परिक्रमा, लेक एन्तर्ने, लेक ब्लाँ, देन दे'ओच र दे'रोचोइ पर्वतीय क्षेत्रमा हाइकिङ् गऱ्यौँ । युरोपको सबैभन्दा अग्लो पर्वत माउन्ट ब्लाँ (४,८१० मिटर) लाई हेलिकप्टरबाट परिक्रमा गरेका थियौँ ।

त्यसै गरी स्वीट्जरलेन्डको जेनभा, स्वीस चकलेट बनाउने कारखाना, जेनेभामा रहेका संयुक्त राष्ट्रसंघको कार्यालय, लेक जेनेभ, फ्रान्सको दोस्रो ठूलो शहर लिँयो, आनमास, थोनोन, इभियालगायत अन्य केही शहर मोटरबाट भ्रमण गरेका थियौं । आल्पसको कठिन कोटिमा राखिएको पदयात्रा थियो, टुर दे' रोचोइ (२२०० मिटर) पर्वतयात्रा । हामीले नेपालमा त्यसप्रकारका यात्रालाई ट्रेकिङ् भन्छौं भने युरोपमा हाइकिङ् भनिन्छ । नेपालमा काठमाडौं उपत्यका वरपर गरिने पदयात्रालाई आजकल हाइकिङ् भन्न थालेका छन्, मूलतः त्यो एक वा दुई दिने पदयात्रा नै हो ।

मारयुस कार लिएर हामी बसेको आनमासको होटल कम्फर्टमा आए । हामी खाजा खाएर तयार थियौं । दिदी क्लुदिनले तयार गरेको दिउँसोको खाजा पनि झोलामा राख्यौं । टुर दे'रोचोइको लागि आनमासबाट दु लिगोनसम्म कारमा गयौं । यहाँ सडकको जालो हाम्रो शरीरका नसा जेलिएझैं जेलिएको हुन्छ, जताबाट जहाँ पनि जान सकिन्छ, त्यसैले उनीहरू पनि कहिलेकाहीँ त रुट बिर्सेर घन्टौं हराउँदा रहेछन् । नेपालमा सडक सञ्जालको त्यस्तो जालो बनाउने योजना नै बनेन । एकाध पूर्व-पश्चिम र उत्तर-दक्षिण जोडने राजमार्ग पनि पच्चीसौं वर्ष पूरा हुँदैनन् तर त्यहाँ योजना गरेर समय तोकेपछि काम अनिवार्य हुन्छ, चीनमा पनि त्यसरी नै हुन थाल्यो । कारपार्कसम्मको ५५ किलोमिटरको ड्राइभलाई एक घन्टा लाग्यो । कार पार्क वरपर काठले बनेका हिमाली भेगमा पाइने घर जस्तै लज देखिन्थे । यहाँ लजलाई रिफ्यूज भनिन्छ । त्यस यात्रामा पास्कल, मारयुस, सुनीता र म थियौं । अलि कठिन प्रकारको यो यात्राको व्यवस्थापन मित्र मारयुस र पास्कलले गरेका हुन् । यी दुवै जना नेपालमा धेरै पटक आएका छन् । मार युस मेरो तिब्बत यात्राका मित्रमध्येका एक थिए । उनले सोलुखुम्बुको मेरा पिक (६४७६ मिटर) पनि आरोहण गरेका छन् । पास्कलसँग मैले लाङ्टाङ् पदयात्रा गरेको हुँ । दे'रोचोइ पर्वतको यात्राभन्दा पहिले हामीले फिज पर्वतको परिक्रमा गरेका थियौं । हुनत, दे'रोचोइ पर्वत पनि फिज पर्वतअन्तरगतकै एउटा चुच्चो पर ेको चुन ढुङ्गाको पर्वत हो ।

दु लिगोनबाट हामी देन दे'ओच (Dent d'Oche) पर्वततिर लाग्यौं, जुन हुत साभोइ क्षेत्रमा पर्ने फुस्रो चट्टाने पहाड हो । चाब्ले शृङ्खलामा पर्ने ला देँन दे'ओच पर्वतको उचाइ २२२१ मिटर रहेको छ, हाम्रो नगरकोटको उचाइजस्तै र यो क्षेत्र स्वीट्जरलेन्डको सीमा नजिक इभिया, थोनोन, ताल जेनेभसँगै उठेको छ । देँन दे'ओच जाँदै गर्दा जेनेभा शहर, ताल जेनेभ, इभिया र थोनोन वरपरका शहर, स्वीस र फ्रेन्च आल्पस पर्वतका विभिन्न शृङ्खला देखिएका थिए । त्यसले मलाई कताकता सराङकोटको पहाड उक्लेर त्यहाँबाट पोखरा शहर, फेवाताल र

अन्नपूर्णदेखि धवलागिरिसम्मको हिमालय पर्वत अन्तर्गतका विभिन्न चुलीहरू हेरेको सम्झना गरायो । त्यो पहाडी क्षेत्रमा हिँड्दा झलक्क नेपाल आउँथ्यो । शायद, त्यसैले पनि हुन सक्छ युरोपियनहरू नेपाल आउँदा उनीहरूले नेपाललाई 'स्वीट्जरलेन्ड र फ्रान्सको चामोनिक्स क्षेत्रजस्तै छ' भन्छन् । हाम्रा पहाड तुलना नै गर्न नसकिने अग्ला र हाम्रा नदी उपत्यका र खोंच त्यस्तै गहिरो छन्, त्यसैले विश्वविख्यात छन् र साहसिक पर्यटक मात्र हिमालय क्षेत्रको पदयात्रामा आउँछन् ।

दे'ओच पर्वतको शिखरमा पुग्नुभन्दा पहिले फ्रेन्च अल्पाइन क्लब अन्तर्गतको एउटा दे ला देन दे'ओच रिफ्यूज (पहाडी लज) रहेको छ । दे'ओच फिज अन्तरगतकै चट्टाने पर्वत हो, हिउँदमा त्यसमा चढ्न डोरी, क्रयाम्पोन आदि सामानहरूको बन्दोबस्त गर्नुपर्छ । गृष्मकालीन यात्रामा हिउँ नहुने, चिप्लो नहुने भएकाले त्यति डर हुँदैन । कठिन खण्डमा स्थायी रूपमा पहरोमा किला ठोकेर फलामका लठ्ठा र डोरी राखिएका छन् । डोरीको सहारामा चट्टान चढ्नुपर्छ । त्यस पहाडको टुप्पोमा पुग्न विभिन्न बाटो पनि छन् । साहसी र चट्टान आरोहण गर्ने साहसी यात्रीले कठिन मार्ग प्रयोग गर्छन् । कोर्ने दे वीस र ग्रामो भन्ने ठाउँ त्यो चट्टान आरोहणको कठीन भाग हुन् । नेपालमा चट्टान आरोहण (Rock Climbing) व्यवसायिक बन्न सकेन । त्यसो गर्न सके हाम्रोमा नदी उपत्यकामा भएका चट्टान हिमाल आरोहण जत्तिकै प्रख्यात हुने थिए ।

ससानो झाडी भएको पखेरो चढ्दै गयौं । तल्लो भागमा भने धुपीका रूख थिए । त्यहाँबाट इटली, स्वीट्रलेन्डका आल्पस पर्वत लहरै देखिएका थिए भने जेनेभ तालले अँगालोमा सजाएको स्वीट्जरलेन्डतिरको जेनेभा र फ्रान्सको आनमासदेखि इभियासम्मको शहर हरियाली भित्र लुकेका थिए । हाम्रो यात्रा जारी थियो । मानव जीवनलाई पश्चिमाले बढी नै महत्त्व दिन्छन् । त्यसैले उनीहरूले निरन्तर मेहनत गरेर चरम आर्थिक उन्नति गरे । त्यसैअनुसार प्रकृतिको पनि संरक्षण गर्दै अत्यधिक भौतिक सुविधा पनि लिए । अति औद्योगिकरण भएकोले प्रकृतिमातालाई असह्य भयो । परिणाम स्वरूप कहिले अष्ट्रेलिया, अमेरिका, क्यानाडा त कहिले युरोपलाई आगोको लप्कोले सेक्न थाल्यो । सामान्य रूपमा गृष्ममा तीस डिग्रीसम्म पुग्ने आनमासको तापक्रम अहिले (सन् २०२२ को जुलाई) ३८ डिग्री सेन्टिग्रेडसम्म पुग्यो, जुन युरोपिएनको लागि अपत्यारिलो हो । औद्योगीकरण र सुविधाभोग पनि सोचविचार गरेर गर्नुपर्ने रहेछ भन्ने कुरो अहिले बुझ्दै छन्, युरोपिएनहरू । उनीहरूले भोगेको भौतिक सुखको मार हाम्रो हिमालमा पनि परेको छ, त्यसको मूल्य हामीले भोकभोकै तिर्दै छौं ।

हामीले चढ्दै गरेको पदमार्गलाई पर्यटन व्यवसायीले कठिन कोटीमा राखेका छन् । त्यसैले यात्रुको सुरक्षालाई ध्यानमा राखेर त्यहाँको नगरपालिकाले

पहराको त्यो मार्गमा फलामका ठूला काँटी ठोकेर त्यसमा फलामका लठ्ठा र प्लास्टिकका डोरी झुन्ड्याएका छन् । पाइला राख्न नमिल्ने पहरामा फलामको पाताको टेका राखेका छन् । त्यस्ता ठाउँमा डोरी समाप्तै, डोरीको सहारामा फलामको पातामा टेक्दै चट्टान चढ्नुपर्ने हुन्छ । ठाउँ-ठाउँमा मार्ग नक्सा र सूचना पाटी राखिएको पाइन्छ । ती सूचना पाटीमा 'ठाउँको नाम, त्यहाँबाट अन्य रुटमा पर्ने ठाउँको नाम र त्यहाँ पुग्न लाग्ने समय, लज, बालबालिका र ज्येष्ठ नागरिक भएमा तिनीहरूलाई विशेष ध्यान दिनुपर्ने, त्यहाँ वरपर भएका फूल, विरुवालाई टिप्न नपाइने, तोकिएको बाटोबाहेक अन्यत्रबाट हिँड्न नपाइने, कुकुर लैजान नपाइने, फोहर आफैले फिर्ता लैजानुपर्ने, फोहोर फालेमा र रूख विरूवामा उखेलेमा कारवाही गर्ने'जस्ता सूचना दिइएको थियो । यात्रुले त्यसलाई पालना गर्दथे । त्यहाँ हाम्रोमा जस्तो न वियरका बोतल फुटालेर बाटोमा फालेको देखियो, न त चकलेटको एउटा खोस्टा नै । त्यहाँ स्कूलदेखि बालबालिकालाई सरसफाइ, रूख विरुवालाई माया गर्नुपर्ने, ज्येष्ठ नागरिकलाई आदर गर्नुपर्ने र ट्राफिक नियम पालनाका कुरा सिकाइएको हुन्छ र त्यसलाई पालन गरिन्छ । दे'ओच र दे'रोचोइमा पर्ने ठाउँबारे पनि सूचना, नक्सा त्यहाँ दिएको थियो ।

रिफ्यूजमा पुग्नुभन्दा पहिले हामी भिरालो पखेरोमा पुग्यौं, त्यसको केही तल सानो उपत्यका, स-साना पोखरी, हरिया थुम्का र घाँसे मैदान देखियो । त्यहाँ पहेँला, राता, गुलावी, नीला विभिन्न थरीका फूलले पखेरो सजिएको थियो । त्यसपछि हामी फुस्रो, खैरो र घुरमैलो चट्टानको खण्डमा पुग्यौं । एक ठाउँमा दुई पहराको चेपको बाटो भएर छिर्नुपर्ने थियो । त्यो साँघुरो थियो, मोटो शरीर भएका मानिसलाई त्यहाँबाट छिर्न कठिन थियो । नेपालमा भए त्यस्तो ठाउँलाई धर्म र पापसँग तुलना गर्ने थिए । त्यो चेपबाट जान नसक्नेलाई पापी भन्ने थिए र त्यहाँबाट छिर्नेलाई धर्मात्मा तर त्यहाँ त्यस्तो हुँदैन र थिएन । त्यहाँबाट जान नसक्ने यात्रुलाई अर्को बाटो रहेको छ, जुन चेपको भन्दा केही मिनट लामो छ । हाम्रोमा अधिकाङ्श विषयहरू पुरातन, रुढिवादी, अव्यावहारिक, अवैज्ञानिक, अविश्वासिलो सोचबाट सञ्चालित हुने भएकाले प्रगति पनि त्यस्तै प्रकारले भएको छ, त्यो कुरा हामी कसैबाट लुकेको छैन । हामी वर्तमानलाई भन्दा मृत्यु पछिको सुखी जीवनको कल्पनामा रमाउँछौं किनभने, हामी त्यस्तै छौं ।

चेप पार गऱ्यौं । त्यसपछि थोरै मात्र ढल्केको, सानाठूला खुकुलो चट्टान भएको, कतै कतै पहराको चेपमा फूल र दुई तीन फिट अग्ला धुपका बोट भएको ठाउँमा पुग्यौं । पहरो सिधैं अकासिएको थियो । त्यो दे'ओच पर्वतको खण्ड थियो । त्यहाँ फलामका लठ्ठा (नेपालको पुरानो झोलुङ्गे पुलमा पाइने जस्तै), सानो आकारको फलामकै साङ्लो र डोरी (दशैंको लठ्ठे पिङजत्रै मोटो)

पहराको छातीमा सुतेको देखियो । ती डोरीलाई फलामका मोटा किला ठोकेर त्यसको साङ्लोभित्र छिराएर सुरक्षित गरिएको थियो । ती सबै डोरी र किला भरपर्दो र बलियो थिए। दे'ओचको त्यो खण्डमा कतै दुवै हातले दुईतिर समात्दै उक्लन मिल्ने फलामका भऱ्याङ ठडिएका थिए, कतै डोरी झुन्डिएका थिए। ती भऱ्याङ चढ्न नसकेर फर्कन पर्दा कति पर्यटक डाँको छोडेर रोएका देखिन्थे । त्यहाँबाट झर्न नसकेका आफन्तलाई कतिले बोकेर झारेका थिए । त्यस्तो ठाउँमा एक्कैछिनमा पर्यटकको भीड भइहाल्थ्यो र लाईनमा नै उभिनुपर्थ्यो । युवा एथलेट्सहरू भने पहरै चढेर अघि बढ्थे ।

त्यो साहसिक र कठिन खण्डमा पर्थ्यो । त्यहाँ चढ्दा आफ्नो हातले समातेको डोरी छोड्नुभएन र आफ्नो पाइला ठीक ठाउँमा राख्नुपऱ्यो र चट्टान चढ्ने साहस र बल हुनपऱ्यो, त्यति भएपछि त्यहाँ अन्य कुनै जोखिम हुँदैन, हुँदैन थ्यो र थिएन पनि । नेपालमा त्यसप्रकारको स्थानमा पदयात्रा गर्दा कुनै सुविधाको त कल्पना नगरौं सूचना पाटी पनि पाइँदैन। हामीले त्यस्तोमा हिँड्दा आफ्नो जीवनलाई हत्केलामा राखेर, जोखिम मोलेर हिँड्नुपर्छ। त्यस्तै परेर दुर्घटनामा पर्ने हो भने कति ठाउँ त त्यस्ता छन् जहाँ गिद्ध पनि जान आँट नगरेर, लास हेरेर त्यसलाई नलुछी फन्को मारेर फर्कन्छ, उद्धारको त कुरै छोडौं ।

मैले उच्च हिमाली क्षेत्रको कञ्चनजङ्घा हिमालको आधार शिविरदेखि हुम्ला हिल्साको कर्णालीको तिरसम्मको पदयात्रा गर्दा त्यस्ता जोखिमको अनुभव सँगालेको छु। कति त मैले मेरा पुस्तक 'तिब्बत यात्रा, डोल्पोः विश्वको जीवित सङ्ग्रहालय र श्वेत पर्वत'मा उल्लेख पनि गरेको छु । आल्पसमा मलाई धेरै नौलो, रमाइलो र सजिलो लाग्यो । म बालबालिका रमाएझैं रमाएको थिएँ, चट्टान चढ्न डोरीको सहारा पाउँदा। डोरी समाउन पाउँदा मैले बाल्यकालमा मेरो बुवाको चोरी औंला समातेर हिँडेको अनायास स्मरण गर्न भ्याएँ। सुरक्षाको सन्दर्भमा, युरोपका आल्पस पर्वतमा जहाँ पदयात्रा गर्ने, परिक्रमा गर्ने, आरोहण वा स्कीको लागि पर्यटक जाने मार्ग बनाईएको छ, ती सुरक्षित, यथेष्ट सूचनाका साथै व्यवस्थित छन्। हामी ती डोरी समात्दै, फलामका टेकामा टेक्दै दे'ओच पर्वतको अग्लो भागमा पुग्यौं । लामो सास फेरेर यताउता हेर्दा हामीलाई लेक जेनेभ, इभिया शहर र माउन्ट ब्लाँ पर्वतले मुस्काएर स्वागत गरेको थियो ।

यात्राको कठिन खण्ड सकिएको थिएन, यो आल्पस पर्वतमालाको फिज पर्वतकै शृङ्खला हो जहाँ विभिन्न आकार र प्रकारमा थुप्रै चट्टाने पहाड, घाँसे उपत्यका, स-साना बुट्यान हुने क्षेत्र रहेको छ। त्यस्ता घाँसे उपत्यकामा नीजि पर्वते घर छन्। बर्खामा पदयात्रा गर्दा बस्ने वा एक-दुई हप्ता त्यही वरपर यात्रा गर्दै आराम गर्ने गर्दछन् यस क्षेत्रका बासिन्दा। त्यहाँ बसुन्जेलको लागि चाहिने

सामान हेलिकप्टरबाट लिएर आउँछन् । ती घरका धनीले नगरपालिकालाई कर तिर्नुपर्छ । ती हाम्रा हिमाली क्षेत्रका घरजस्तै काठका हुन्छन् । हामी हिँडेको बाटोमा डोरीको भाग सकिएको थिएन । हामी पहाडको धारतिर उक्लदै गयौं ।

एउटा हामीले जान्नैपर्ने कुरा के भने आल्पस पर्वत हिमालयका जेठा दाइ हुन् । उचाइमा हिमालय पर्वतमालालाई कसैले आक्न सक्दैन, त्यो सत्य हो तर उमेरमा आल्पस पर्वत हिमालभन्दा धेरै जेठो छ । भूगर्भविद्का अनुसार आल्पस पर्वतमाला सात करोड सत्तरी लाख वर्ष पहिले बनेको हो भने हिमालय पर्वतमाला पचास लाख वर्ष पहिले निर्माण भएको हो । टोनी हेगनले त हिमालय बन्दै गरेको दृश्य पेकिङ मानवले देखेको हुनुपर्छ भनेका छन् । पेकिङ मानवलाई छ लाख वर्ष पहिलेको भनिन्छ । हिमालभन्दा तिब्बतको पठार पनि जेठो छ । हिमालय पर्वतलाई संसारको कान्छो पर्वतमाला भनिन्छ । आल्पसको सबैभन्दा अग्लो पर्वत माउन्ट ब्लाँको उचाइ समुद्र सतहदेखि ४,८१० मिटर रहेको छ भने हिमालय पर्वतमालामा पर्ने संसारकै उच्च शिखर सगरमाथाको उचाइ ८,८४८.८६ रहेको छ । युरोप हाम्रोभन्दा चीसो छ । त्यहाँ १०००-१,५०० मिटरको उचाइमा हिउँ लामो समय जम्छ जब कि हाम्रोमा ५,००० मिटरभन्दा माथि मात्र लामो समय हिउँ जम्दछ । हिमालय पर्वतमालामा समुद्र सतहदेखि ५,००० मिटरको उचाइसम्म पनि वनस्पति र खर्क पाइन्छ भने युरोपमा ३,००० पछि पाइँदैन । हामी फ्रान्सको जुन क्षेत्रमा पदयात्रा गर्दै थियौं त्यहाँ १,५०० मिटरको उचाइदेखि नै नेपालको ३,५००-४००० मिटरमा पाइने फूल र अन्य बिरुवा देख्न पाइन्छ । युरोपमा २,००० मिटरको उचाइमा पाइने बिरुवा नेपालको ४,५०० मिटरमा मात्र देख्न सकिन्छ । भौगोलिक फैलाव, हावापानीले गर्दा त्यस्तो भएको हो ।

त्यसपछि हाम्रो यात्रा दे'रोचोइ (Derochoir) पर्वत (२२०० मिटर) को काखतिर सोजिएको थियो । यो फिज अन्तर्गतको आल्पस चट्टान तिखारिएको र चुच्चो परेको छ । सामान्य आँखाले हेर्दा दे'रोचोइ नेपालको कालीगण्डकी, बूढी गण्डकी, मर्स्याङ्दी नदी वरपर, बीच, किनार वा नदी किनारसँगै उठेका चट्टानजस्तै उभिएको आल्पस पर्वत हो । अर्को अर्थमा, युरोपको लागि दे'रोचोइ हिउँदको लागि माछापुच्छ्रे, लोबुचे भनेजस्तै र गृष्मको लागि पदयात्रा गर्ने चट्टान हो । नेपालका ७ हजार माथिका हिमालको महत्त्व भएझैं त्यहाँ २ हजार माथिका पहाडको ठूलो महत्त्व हुन्छ । दे'रोचोइ क्षेत्रका अन्य चर्चित ठाउँमध्ये चर्चित पोर्तेत धुरी र प्लेट पर्वतको चुली हुन् । दे'रोचोइसँगै रहेको अर्को ठूलो पहाड ह्यामर हो । दे'रोचोइ पर्वतको भञ्ज्याङबाट हिउँ नै हिउँले ढाकिएका माउन्ट ब्लाँसहित अन्य थुप्रै आल्पस पर्वतको सुन्दर दृश्य देख्न सकिन्छ । हामी चारैजना बिस्तारै चढ्दै गयौं । पास्कल र मारयुसले हाम्रो गति हेर्दै थिए ।

हामी तीन जनालाई त खासै कठिन थिएन । सुनीता जो अमेरिकाबाट आएकी थिइन् उनलाई कठिन हुन्छ कि भन्ने शङ्का थियो तर त्यस बेलासम्म सहयोगका हात उनलाई चाहिएका थिएनन् ।

हामी उक्लँदै गरेको चट्टानको साँघुरो बाटोमा डोरीको सहारामा हिँड्नु पर्दथ्यो । मारयुस अगाडि थिए भने पास्कलले सुनिताको हिँडाइको निगरानी गर्नुका साथै 'त्यहाँ टेक, यहाँ नेर पाईला राख, डोरी कसिलो गरी समाऊ' भन्दै साथ दिएका थिए । त्यहाँ डोरीले बाटो देखाइएको थियो । त्यो चट्टानको भाग चरचरी फुटेको, कतै तीन-चार इन्च त कतै तीन फिटसम्म गहिरो धाँजा फाटेको, कुनै भाग खुकुरीको धारजस्तो धारिलो परेको, फुटेको कुनै खण्ड छुरीको तीखो भाग झैं तिखारिएर उभिएको, दुवैतर्फ ठाडो पहरो भएको चट्टानको धारैधार भएको थियो । त्यसलाई पार गर्नुपर्ने थियो । बिस्तारै, त्यो उकालो चढ्दै गयौं । त्यहाँ फलामको लठ्ठा र मोटो डोरी थियो । त्यसको सहारमा चुच्चे ढुङ्गामा टेक्दै उक्लनुपर्थ्यो । पानी र हिउँ नभएकोले लर्कने डर थिएन । खुट्टालाई गहिरो धाँजोमा नपार्न र भीरतिर नखस्न बाटोमै ध्यानदृष्टि दिनुपर्थ्यो ।

होसियारीका साथ धारमा पुग्यौं । धार साँघुरो थियो । चट्टाको धारको दुवैतिर कहाली लाग्दो भीर तलसम्म झरेको थियो । त्यहाँ डोरीलाई होसियारीसाथ समात्न पर्थ्यो । डोरीबाट हात चिप्लेर खुस्क्यो भने जीवन पनि खुस्कने डर टड्कारो थियो । त्यसैले त्यस्तोमा विशेष होसियार हुनुपर्छ, तस्वीर खिच्ने वा सेल्फी लिने लोभ गर्न हुँदैन । भरपर्दो, उभिन मिल्ने ठाउँबाट तस्वीर लिनुपर्छ । होसियार नहुँदा नेपालमा मात्र होइन युरोपका त्यस्तै ठाउँमा पनि दुर्घटना भएको हामीले सुनेका छौं । हामीले दे'रोचोइको त्यो खण्ड पनि सुरक्षित रूपमा सक्यौं । त्यसपछि हामी दे'रोचोईको माथिल्लो भागबाट क्रमसः झर्दै गयौं । ओरालो झर्दा शरीरको तौल हात र डोरीमा पर्ने भएकाले घोप्टिन सक्ने डर हुन्छ । त्यो मैले अनुभव गरें त्यसैले म चट्टानतिरै फर्केर पछाडि झर्दै गएँ, जुन सुरक्षित हुन्छ । त्यसो गर्दा पाइला सही ठाउँमा राख्नको लागि पछाडि फर्केर हेर्नुपर्छ, अन्यथा भऱ्याङ वा ठाडो पहरोबाट चिप्लँदा शरीरको भार हातमा परेर धान्न नसक्दा खस्न सकिन्छ । त्यस्तो हरेक पल होसियारी अपनाएर मात्र पाइला चाल्नुपर्छ । त्यस बेला केही ठाउँमा सुनीतालाई मारयुसले 'पाइला यहाँ राख' भन्दै अर्थ्याएका थिए ।

झर्दै हामी विभिन्न थरीका फूल, लाली गुराँस, धुपका ससाना बोट भएको पखेरामा पुग्यौं । त्यो झाडी र त्यहाँ भएका वनस्पति तीन फिटभन्दा अग्ला थिएनन् । धेरै बोटका पात तुलसीको पातभन्दा ठूला थिएनन् । त्यो ठाउँ त्यस्तै १००० मिटरको उचाइमा हुँदो हो । नेपालमा त्यस्तै वनस्पति भएको

ठाउँमा पुग्न कम्तीमा ३ देखि ४ हजार मिटरको उचाइमा पुग्नुपर्छ । झर्दै गर्दा हामीलाई माउन्ट ब्लाँ, (४,८१० मि.), एग्विली दु मिदिका तीखा चुचुराहरू, ती चुचुरासम्म पुग्ने केवलकार, हिम गुफा, हिउँ कम भएको हिमनदी र थुप्रै तीखा इटालीसम्म फैलिएका आल्पस पर्वतले स्वागत गरेका थिए । यस्तो लाग्थ्यो कि, ती चुचुराहरूले एकअर्कोसँग कानेखुसी गर्दै आफूभन्दा अग्ला भाइहरू नेपालका हिमालय शृङ्खला बारे चर्चा गरेका हुन् ।

फ्रान्स, इटाली र स्वीट्जरलेण्डका हिउँ भएका र हिउँ नभएका आल्पस पर्वतमालाका हजारौं चुचुरा, नाङ्गा पहाड, हरिया उपत्यका र शहर देखिएका थिए । हामीलाई दिदी क्लुदिनले चीज, चिकेन, ब्रेड र पोटेटो राखिदिनुभएको र हेछ । मारयुस र पास्कलले खानासहित पानी र वाइन पनि बोकेका थिए । अत्यन्त रमणीय दृश्य हेर्दै, लन्च खादै तस्वीर लियौं । टाढाको माउन्ट ब्लाँसँग कागजका गिलास ठोकाएर चिन-चिनभन्दै लन्चसँगै एक-एक गिलास वाइन पनि पियौं । पास्कलले माउन्ट ब्लाँ वरपरका सुन्दर चुलीहरूको नाम बताइदिए । माउन्ट ब्लाँको फेदमा रहेको चामोनिक्स स्की, हाइकिङ र आरोहणको लागि युरोपको सबैभन्दा सुन्दर र महत्त्वपूर्ण शहर हो । यहाँ हरेक वर्ष संसारभरका लाखौं पर्यटक आउने गर्छन् । यो शहर, हाम्रो सगरमाथा क्षेत्रको नाम्चे बजार सगरमाथाको प्रवेशद्वार भए झैं चामोनिक्स माउन्ट ब्लाँको प्रवेशद्वार हो ।

लन्चपछि हामी सानो उपत्यका चले (Chalets) दे'सेल्समा झर्‍यौं । त्यहाँ गाई चरिरहेका थिए । त्यसको माथिल्लो भागमा झारल पनि देख्यौं । हाम्रो उच्च हिमाली क्षेत्रमा देखिने काग, गिद्ध, भँगेरा र अन्य चराचुरूङ्गी देखा परे । बाटोमा भेटिने पर्यटकहरू हामीले 'नमस्ते' भनेझैं 'बोँजु' भन्दै लम्केका थिए । अग्ला, ठूला रूख भेट्न त कारपार्क नजिकै पुग्नुपर्थ्यो । टुर दे' फिज अन्तरगतको एन्तर्ने पहाड र एन्तर्ने ताल पछिको त्यो हाम्रो दोस्रो पदयात्रा (Hiking) थियो । त्यसपछि हामी चामोनिक्स पुगेर ब्लाँ तालको पदयात्रा गर्ने योजनामा थियौं ।

हामीले पास्कल र मारयुसलाई दे'ओच र दे'रोचोइ पर्वत घुमाएकोमा धन्यवाद दियौं । उनीहरूले पनि मलाई लाङ्टाङ, अन्नपूर्ण आधार शिविर र खयर भारानी ताल घुमाएको स्मरण गर्दै धन्यवाद दिए । मैले नेपाल सम्झें । नेपालको पदयात्रा गर्दाका कठिनाइका साथै हाम्रोमा भएको पर्यटनको प्रचुर सम्भावना सम्झें । फ्रान्समा जसरी व्यवस्थित र सुरक्षित गर्ने हो भने हामीभन्दा सानो मुलुक सिंगापुरले बर्सेनी दुई करोड पर्यटक भित्र्याउँदा हामीले एक करोड पर्यटक नेपाल भित्र्याउन के कठिन हुन्थ्यो र भन्ने कुरा मनमनै सम्झें । बगैंचा र हरियालीले ढाकेको शहर पार गर्दै गाडी आफ्नै गतिमा कुदिरह्यो, जेनेभा नजिक रहेको फ्रान्सको सानो शहर, आनमासतिर ।

ä ã

पुछारको पातो

# नेपाली नियात्रा साहित्यमाथि एक सङ्क्षिप्त विचरण

**कृष्ण प्रधान**

पछिल्लो समयमा यात्रासित सम्बन्धित लेख रचनाहरू, संस्मरणहरू र यात्रा विवरण वा वृत्तान्तलाई ***नियात्रा*** भनेर चिनाइन थालेको छ। वास्तवमा यो शब्दको प्रथम प्रयोक्ता भाषाशास्त्री बालकृष्ण पोखरेल हुन्। उनले साहित्यकार डा.ताना शर्माको यात्रासाहित्यसम्बन्धी पुस्तक ***बेलाइततिर बरालिँदा***को भूमिका (२०२५) मा उक्त शब्दको प्रयोग गरेका छन् तर यो शब्दले त्यस वेलाभन्दा पनि पचासको दशकपछि मात्र व्यापकता पाएको देखिन्छ। अहिले नियात्रा निबन्ध साहित्यको एक स्थापित उपविधा भइसकेको छ। यसलाई धेरैले संस्मरणात्मक निबन्ध नै भन्ने गरेका र प्रयोगसमेत गरेका छन्। अझै पनि कतिपयले यसलाई यात्रासाहित्य नै मान्ने गरेका छन्। पछिल्लो पुस्तामा लेखक साहित्यकारहरूका यात्रासित सम्बन्धित कृतिहरू हेर्दा के देखिएको छ भने ती सबै *नियात्रा* शब्द प्रयोगकै पक्षमा छन् अर्थात् यस खाले साहित्यलेखनलाई नियात्रा नै भन्नुपर्छ भन्ने पक्षमा ती उभिएका हुन् भन्ने नै लाग्छ। यात्रासित सम्बन्धित भएर आउने संस्मरण भएकाले यस्ता लेखनलाई सजिलो गरी बुझ्न *यात्रासंस्मरण* भन्ने गरिएको हो, तथापि अचेल *नियात्रा* शब्द जनजिब्रोमा पचिसकेकाले अब यात्रासित सरोकार राखिएका निबन्ध वा संस्मरणहरूलाई हामीले नियात्रा भनेर बुझ्नु अन्यथा नहोला भन्ने लागेको छ।

नेपाली बृहद् शब्दकोश (ने.रा.प्र.प्र., २०४०) ले नियात्रालाई यात्रानिबन्धको औपन्यासिक वा उपख्यानको रूप मानेको छ। यसैगरी यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध पनि भनेको छ। नेपाली शब्दसागर (वसन्तकुमार शर्मा, २०५७) का अनुसार नियात्रा भनेको यात्रा वर्णन वा भ्रमण निबन्ध हो। यसैगरी यात्रा वर्णनबारे कथात्मक रूपमा लेखिएको निबन्ध भनेर पनि परिभाषित गरिएको छ। नियात्राका बारेमा यी दुवै कोशले लगाएका अर्थहरू उस्तै-उस्तै र एकै खालको देखिन्छ तर यस्तो निबन्धमा कथात्मक र औपन्यासिक शैली नै हुनुपर्छ भन्ने अर्थप्रति भने वर्तमान नियात्राकारहरूका लेखन हेर्दा त्यस्तो

मान्यता सबैमा लागू भइराखेको पाइँदैन । पश्चिमेली साहित्यमा यात्रासित सरोकार राखिएका वा त्यस्ता वृत्तान्तहरूलाई Travalougue भनेर पनि चिनाइन्छ । The Advanced Learner's Dictionary of Current English (1963 A.D.) ले Travelogue लाई Lectures describing travels अर्थात् यात्राको वर्णन गरिएका वार्ताहरू भनेर परिभाषित गरेको देखिन्छ ।

**के हो त नियात्रा** ?

नियात्रामा यात्राका परिवेश, घटना परिघटना र अन्तस्करणमा स्मृतिहरूले अभिभूत र अभिव्यक्त हुनै पर्छ । यो निबन्ध एक प्रकारले संस्मरण नै हो । संस्मरण भनेको पहिले घटित कुराहरूको स्मृति वा स्मरण हो, त्यसको लेखन हो, लिपिकरण हो । संस्मरण त जेको पनि हुन सक्छ तर नियात्रा वा यात्रा साहित्यमा भने संस्मरण यात्रा वरिपरि नै केन्द्रित हुनुपर्छ । संस्मरण भए पनि यात्राबेगरको संस्मरण भने नियात्रा हुनै सक्दैन । त्यसैले नियात्रा वा यात्रासाहित्यको कुरा गर्दा त्यो यात्रासित जोडिएर आएकै हुनुपर्छ । त्यहाँ लेखक एक यात्री, पर्यटक वा घुमन्ते भएर उभिएकै हुनुपर्छ । यात्रामा यसले भोगेका हण्डर लगायत आत्मजन्य अनुभूतिहरू जोडिएर आउनुपर्छ । अनुभूतिजन्य प्रस्तुति चाहिँ आकर्षक र सौन्दर्यपरक हुन सक्यो भने मात्र नियात्रा *नियात्रा* बन्न पुग्छ । प्रस्तुतिमा कलात्मक शिल्पकारिता हुनैपर्छ । पढूँ पढूँ लाग्ने र जिज्ञासापूर्ण पनि हुनै पर्छ । साथसाथै नव पाठक वा नयाँ यात्रामा जाने कुनै नयाँ यात्राकारका लागि कसैको नियात्रा जानकारीमूलक र ज्ञानवर्द्धक खुराकी पनि बन्न सक्नुपर्छ । यात्रामा यात्राकारले भोगेका अनेक भुक्तमान वा भोगाइहरू नितान्त निजात्मक बन्न सक्यो र ती अनुभूतिहरूले पछि जाने यात्रुलाई कुनै प्रेरणास्पद ज्ञानगुण पनि बाँड्न सक्यो भने उपलब्धिमूलक हुन्छ । यस्तो अनुभूतिमा निजात्मकता हुनुपर्छ, त्यो अरू नियात्राकारसित मिल्नैपर्छ भन्ने हुन्न । त्यस्तो लेखनलाई कलात्मक, सौन्दर्यले भरिपूर्ण र पाठकीय रोमाञ्चक बनाउने काम चाहिँ नियात्राकारकै हातमा हुन्छ । नियात्राका बारेमा नेपाली साहित्यकारहरूका विविध विचारहरूप्रति एक नजर लगाउने हो भने यसबारे अरू खुलस्त हुन सकिन्छ ।

समालोचक **डा.ताना शर्मा**का अनुसार यात्रावर्णनमा निजात्मक अनुभूतिको सफल प्रयोग भएको संस्मरणात्मक निबन्धलाई नियात्रा मान्नुपर्छ ।

कवि तथा नियात्राकार **वियोगी बुढाथोकी**का विचारमा नियात्रा यात्राका कमाइ हुन् । सन्देह नभएको यथार्थको पोको हो । कल्पना केही मात्रामा मिसावट हुन सक्छन्, नत्र भने शतप्रतिशतको हाराहारीमा यथार्थमा आधारित सच्चा अनुभूति हो ।

कवि तथा समीक्षक **ठाकुर शर्मा भण्डारी**का विचारमा नियात्रामा सौन्दर्य अनुभूतिको पक्ष बढी हुन्छ, नियात्राकार स्वयम् उपस्थित हुन्छ, सारा दृश्यको अनुभूत स्पष्ट गर्छ र लेखनमा ढाल्छ ।

नियात्राकार **रामप्रसाद पन्त**का विचारमा नयाँ ठाउँ हेर्ने, नयाँ अनुभव हासिल गर्ने, नयाँ ज्ञान आर्जन गर्ने र त्यस्तो अनुभूति र ज्ञानको सम्प्रेषण गर्ने नियात्राको लक्ष्य तथा अभीष्ट हुनुपर्छ ।

समालोचक **डा.दुर्गाप्रसाद अर्याल**का अनुसार नियात्रा पनि एक संस्मरण नै हो र यस्तो संस्मरणमा प्रस्तुतीकरण, भाषिक दक्षता र शैली शिल्पको चमत्कारले जस्तोसुकै सम्झनालाई पनि साहित्यिक सौन्दर्यको स्वरूप प्रदान गरेर सरस पाठ्यसामग्री बनाउने निपुणता संस्मरण लेखकमा हुनुपर्छ ।

नियात्रा हुनलाई केही विशेष प्रवृत्तिहरू आउनैपर्छ लेखनमा । त्यो भनेको यात्रा, भ्रमण र कुनै स्थान विशेषको भ्रमणसित आबद्ध हुनैपर्छ । स्थानको वर्णन, तथ्यगत कुराहरूलाई भ्रमणकर्ता वा नियात्राकारले स्वकीय अनुभूति र आत्मगत भावनाका प्रक्षेपहरू, तरङ्गहरूलाई साहित्यिक स्वरूप दिन सक्दा त्यो निजात्मक, स्वकीय र नियात्रापरक संस्मरण बन्छ । यसैले नियात्रा हुनलाई त्यो तथ्यपरक, वस्तुपरक, यथार्थ भौगोलिकतामा आधारित, भ्रमणसितै सम्बद्ध कुराहरू निजात्मक अनुभूतिका साथ आउनसक्नुपर्छ । ती अनुभूतिहरू धार्मिक हुन् वा सांस्कृतिक हुन्, सामाजिक हुन् वा अर्थ राजनैतिक, स्थानिक हुन् कि मानवीय, व्यक्तिकेन्द्रित हुन् वा सामूहिक, निजात्मक अनुभूति आउनै पर्छ । निरस सपाट वर्णन र विवरणको प्रस्तुति होइन कि यात्रा गर्दा भ्रमण गरिएका स्थान र त्यसका परिवेशीय धरातलबाट नियात्राकारमा प्रस्फुटित स्वकीय अनुभूतिहरूको प्रस्तुतिलाई नै नियात्रा भन्नुपर्छ । कुनै पनि नियात्रा लेखनले यात्राकारको प्रस्तुतिको इमान्दारिता पनि खोज्छ । नियात्रा अत्यन्त स्वकीय हुन्छ, कुनै दोस्रो व्यक्तिले गरेको यात्राका बारेको नियात्रा हुन सक्दैन ।

यात्रा संस्मरण वा नियात्रा हुनका लागि भ्रमण हुनै पर्छ । त्यस्तो भ्रमण स्वदेश वा विदेश हुन्छ । आफू बसेकै स्थान वरिपरिको परिभ्रमण पनि हुन सक्छ । सामान्यतया यात्रा वा भ्रमणले कुनै लामो यात्रा वा देश विदेशकै यात्रा वा परदेशलाई बुझाउने अर्थ राख्छ । विनायात्रा र भ्रमणको नियात्रा निबन्ध हुन सक्दैन । नियात्रामा लेखक यात्राकारले लामो विवरण र तथ्याङ्कको झर्को लाग्दो प्रस्तुतिभन्दा पनि आत्मपरकता र निजात्मक अनुभूतिको अपेक्षा हुन्छ ।

**कस्तो छ त नेपाली नियात्रा साहित्यको विकासक्रमको स्थिति ?**

नेपाली साहित्यमा यात्रा वृत्तान्त, यात्राविवरण, यात्रासंस्मरण वा नियात्रा-

लेखन र प्रकाशनको विकासक्रम निकै पुरानो छ भनेर मान्नुपर्छ । यसको खोज अनुसन्धान हुँदै छ । सो कार्यमा लागेका जय छाङ्छा, प्रमोद प्रधान, निर्मोही व्यास, गीता त्रिपाठी आदिका अनुसन्धान कार्यहरू प्रशंसनीय छन् । नियात्राकार *जय छाङ्छाका* अनुसार (मधुपर्क, पूर्णाङ्क ६३७) नेपाली नियात्राको प्राग्भूमि ऋग्वैदिक कालसम्म पुग्न सकिन्छ । नियात्राको आरम्भ विन्दु ऋग्वेद हो भन्ने उनको खोजले भन्छ । त्यसो हो भने यसको प्रारम्भ पाँच हजार वर्षदेखि पन्ध्र हजार वर्षसम्म पुरानोसम्म पो हो कि ? भन्ने मान्नुपर्ने हुन्छ । पुराणहरूमा वर्णन गरिएका कुरालाई आधार मान्ने हो भने स्वर्ग र धरतीको यात्रा गरेर मानव र दानव लगायत देवताहरूकै हालखबर आदान-प्रदान गर्ने पौराणिक पात्र नारदलाई पनि सम्झनुपर्ने हुन्छ, तर यो कल्पनातीत कुरा मात्र पो हो कि ? कुनै लेखककै कल्पना नै सही, तर यो खोजकै विषय हो । *राजा गगनीराजको यात्रा* (१५५० साल आसपासको अनुमान) देखि वर्तमानसम्मको समय (२०७९ साल)को हिसाब गर्ने हो भने करिब साढे पाँच सय वर्षको नियात्रा लेखनको इतिहास वा विकासक्रम हामीसित हुन्छ ।

**नेपाली नियात्रासाहित्य**

वास्तवमा नेपाली नियात्रासाहित्य प्रकाशनको जग भने शेरसिंह रानाको *मेरो लण्डन राजतीलक यात्रा* (१९७० साल) बाट भएको मानिन्छ तर यात्रावृत्तान्त लेखिएको १०३ वर्षपछि मात्र प्रकाशन भएको *जङ्गबहादुरको बेलायत यात्रा* (२०१४ सालमा प्रकाशित) ले नेपाली यात्रासाहित्यको थालनी भएको कुरालाई एक अर्थमा मान्न नसकिने होइन । रह्यो त्यसको प्रकाशनको ढिलाइ । सम्भवतः त्यो कृति सरकारी रिपोर्ताजजस्तो रहेकाले राणाकालभरि त्यसको प्रकाशनको जमर्को गरिएन वा गर्ने आवश्यकता पनि ठानिएन कि ? पछि प्रजातन्त्रको उदयसितै कमल दीक्षितले त्यसको महत्त्व बुझेर प्रकाशनमा आएको हो भन्ने कुरामा दुईमत नहोला । ढिलो गरी प्रकाशन भए पनि यसले नेपाली यात्रालेखनको विकासक्रम हेर्नमा सहयोग पुग्ने भएकाले नेपाली यात्रासाहित्यको महत्त्वपूर्ण जग त्यसले बनाएको मान्नुपर्छ । सो कृति श्री ३ महाराज जङ्गबहादुर राणाले बेलायतको १९०६ देखि १९०७ सालसम्म गरेको राजकीय यात्राको वृत्तान्त वा रिपोर्ताज हो । दीक्षितका अनुसार यसको लेखन २०११ सालमा सम्पन्न गरिएको र सो तीनजना लेखकहरूबाट भएको भन्ने अनुमान रहे पनि मूल लेखकहरूबारे अझै अन्योल नै छ । यसैगरी १९७५ सालमा लेखिएको तर प्रकाशन २०१४ सालमा भएको प्रकाशित चिरञ्जीवी पौड्यालको *आफ्नो कथाले* प्रारम्भिक यात्रालेखनको जगमा अर्को ईंटा थप्ने काम गर्‍यो । यी दुई कृतिहरूको प्रकाशन

